# परिच्छेद : १

# परिचय

## १.१ पृष्ठभुमि (General Background) :

वर्तमान विश्वलाई हेर्दा यसले लामो र कठिनपुर्ण इतिहासलाई पार गर्दै वर्तमान अवस्थासम्म आफ्नो यात्रालाई निरन्तर अगाडि वढाइरहेको पाईन्छ । यस अवस्थासम्म आईपुग्न यसले विभिन्न चरणहरुलाई पार गरेको छ । प्राचिन समयमा मानिस र जंगली जनवार विचमा शारिरिक संरचनामा देखिने परिवर्तन वाहेक अन्य खासै परिवर्तन देखिएको थिएन। क्रमश: सामाजिक सांस्कृतिक रुपमा मानवले आफूलाई परिवर्तन गाराउदै यस अवस्थामा ल्याएको छ । जंगली यूग (savage age) मा मानिसका व्यवहारमा लूछाचूंडी हानथाप, प्राकृतिक प्रकोपवाट वच्न ओडार र गूफामा वस्ने, घूमन्ते किसिमवाट दिनचर्या व्यतित गर्दथे। मानव विकासक्रमलाई हेर्दा मानवको विगतको स्वरुप आजको मानवको जस्तो विकसित स्वरुप थिएन । ग्रामीण परिवेशबाट शूरु भएको विश्व समूदाय गगनचूम्वी महल, भव्य शहर र विलासिताको सागरमा ढकमक भएको देखिएतापनि आजपनि विश्वमा झण्डै करिव ६० प्रतिशत र नेपालमा ८५ प्रतिशत जनताहरु ग्रामीण क्षेत्रमा वसोवास गर्दै आईरहेका छन् । अर्कोतर्फ धनी र गरिब जनतावीचको असमानता ध्रूवियकरणतर्फ उन्मूख भएको छ ।

विकासको इतिहासलाई खोतल्दै जांदा प्राचीन समयमा परम्परागत मूल्य मान्यतालाई निरन्तरता दिनू, उक्त मूल्य मान्यताहरुको संरक्षण गर्नूलाई विकासको सुचकको रुपमा त्यसपछि सामन्ती यूगमा अधिक भूमि हूनू, भोजभतेर र दान दक्षिणा गर्नू विकासको सूचकको रुपमा रहेको र समयको परिवर्तन संगै १६औं शताब्दीदेखि विकासको अवधारणालाई अलि फरक दृष्टिकोणले हेर्न थालिएको, त्यस पश्चात १९७० र १९८० को दशक पछि विकासलाई मानविय विकास, जनताकेन्द्रित विकास, वातावरण विकास र लैंगिक विकास जस्ता पक्षहरुलाई क्रमश: जोड दिंदै आएको छ *(अर्याल २०६०)* ।

वर्तमान नेपाल उत्तरतर्फ चीन बांकी भारतले घेरिएको ***दूई ढूंगाको तरुल*** को उपनामले ऐतिहासिक रुपमा परिचित रहेको तथ्य सर्वविदितै छ । भारत र नेपाल एकैपटक स्वतन्त्र भएपनि नेपालको तूलनामा भारतले निकै प्रगति गरेको छ। सन् १९५० मा आधा जनसंख्या गरिबीको रेखामूनी रहेको भारतमा सन् १९८० को दशकमा आई पूग्दा एकतिहाई मात्र रहेबाट भारतले आर्थिक विकासमा तिब्रता हासिल गरेको देखिन्छ । SAARC क्षेत्रको सबभन्दा ठूलो अर्थतन्त्र, जनसंख्या, क्षेत्रफल बोकेको भारतले सन् २००० मा आईपूग्दा विश्वकै सवल अर्थतन्त्र बोकेको राष्ट्रको रुपमा स्थापित भएको छ।

भारतको यो उन्नतिले नेपाल लगायतका SAARC क्षेत्रका राष्ट्रहरु भारतप्रति परनिर्भर बन्दै गईरहेका छन् । सन् २००५ सम्ममा आईपुग्दा त भारत विश्वकै प्रमूख औद्योगिक र सवल अर्थतन्त्र बोकेको राष्ट्रमा परिणत भएको छ । त्यस्तै अर्को मूलुक चीन सन् १९५० अघि अत्यन्तै पिछडिएको अर्थतन्त्र बोकेकोमा सन् १९५० मा समाजवादी राष्ट्रको रुपमा स्थापित भएपछि क्रमश: औद्योगिकीकरणतर्फ अग्रसर भयो । सन् १९७८ मा गरिएको सूधारले चीनलाई वजारीकरणतर्फ उन्मूख गरायो । जसमार्फत चिनले आफ्नो अर्थतन्त्रमा विश्वमा नै हलचल मच्चाउन सफल भयो । यसरी नेपालका दूई छिमेकी मूलूकले आफ्नो अर्थतन्त्रमा गूणात्मक परिवर्तन ल्याई रहेको अवस्थामा नेपाल छिमेकी मूलूकप्रति दिन प्रतिदिन परनिर्भर बन्दै गईरहेको छ। विकासको दृष्टिकोणले संसारको दरिद्र राष्ट्रको रुपमा चिनिन्छ भने जनसांख्यिक दृष्टिकोणले उच्च मातृमृत्यूदर, उच्च शिशूमृत्यूदर, तिब्र जनसंख्या बृद्धिदर, उच्च आन्तरिक विस्थापन हूँदै गरेको देश भनेर कहलिन पूगेको छ। अर्कोतर्फ नेपाललाई विभिन्न कालखण्ड र परिस्थितिमा विभिन्न उपनामले चिनिने गरेको छ । पहिले पहिले हरियो वन नेपालको धन, सून्दर शान्त नेपाल आदि उल्लेखनीय थिए भने आजकाल हत्याराहरुको देश, हिंसा आतंकको देश, चेलीबेटी बेचविखन हूने देश आदि प्रयोग हूने गरेको पाईन्छ *(SOVENIR 2006-20062)* ।

विश्वको आर्थिक मानचित्रमा हेर्दा नेपालका कुल जनसंख्या मध्ये ३८ प्रतिशत जनता गरिबीको रेखामूनी रहेका यसमा २४.९ प्रतिशत गरिब र १७.१ प्रतिशत अतिगरिब (नवौं योजना, २०५४/२०५५ ) क्षेत्रफलको आधारमा करिव ९० औं (ज्ञावली, २०४३) राष्ट्रमा पर्ने हाम्रो मूलूकका ८१ प्रतिशत जनताहरु कृषिमा आधारित छन् । सन् १९९५ मा विश्व बैंकद्धारा प्रकाशित तथ्यांक अनूसार प्रतिव्यक्ति सम्पतिको आधारमा नेपाल विश्वकै दोस्रो गरिब राष्ट्रको रुपमा रहेको छ । त्यस्तै १९९७ मा प्रकाशित विश्व विकास प्रतिवेदन १९९७ अनूसार नेपालीको प्रतिव्यक्ति आय २०० अमेरिकी डलर रहेको देखिन्छ भने नेपाल मानव विकास प्रतिवेदन १९९८ अनूसार यस सूर्खेत जिल्लाको प्रतिव्यक्ति वार्षिक आय रु ७,७१९।- रहेको छ । जवकि नेपालमा प्राकृतिक सम्पदा, नदिनाला, जडिवूटि को यथोचित प्रयोग गर्न सकिने प्रशस्त सम्भावनाहरु थिए । यसका आधारमा नेपाल अरु राष्ट्रको तूलनामा निकै सम्पन्न हूनूपर्दथ्यो ।

सन् १९९६ मा नेपालीको औसत आयू ५५ बर्ष थियो भने गूरुङ, मगर, शेर्पा, राई, लिम्वुको ५३ र पेशागत जातिको वा वर्गको ५०.३ वर्ष रहेको छ । यसैगरी नेपालको प्रौढ साक्षरता ३६.७ प्रतिशत रहंदा गूरुङ लगायत जनजातिको ३५, राजवंशी लगायत अन्यको २७.५ र पेशागत जाति वा वर्गको २३.८ रहेको छ । यसैगरी नेपालको मानव विकास सूचकांक ०.३२५ रहंदा गूरुङ, मगर, शेर्पा, राई, लिम्वुको ०.३२१ र पेशागत जाति तथा वर्गको ०.२३९ रहेको देखिन्छ *(ने. मा. वि. प्र., १९९८)* ।

२.५ प्रतिशतभन्दा वढी जनसंख्या वृद्धिदर भएकोमा अधिकांश वृद्धिदर ग्रामीण क्षेत्रमै देखिएका भुमिको न्यून उत्पादकत्व (२ टन प्रति हेक्टर), कूल श्रम शक्ति (१५ देखि ५९ बर्षसम्म) मध्ये १४ प्रतिशत पूर्ण वेरोजगार, ४० प्रतिशत भन्दा वढी अर्ध वेरोजगार र ४६ प्रतिशत लूप्त वेरोजगार रहनूको कारणले नेपालका वेरोजगारहरु रोजगारीको खोजीमा पूर्ख्यौली सम्पत्ति वेचेर विदेशतर्फ पलायन हूनूपर्ने वाध्यता छ । सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, सांस्कृतिक असन्तूलन र विकृतिका कारण दिनप्रतिदिन आर्थिक अवस्थामा गिरावट आईरहेको तीतो सत्य हाम्रो सामू विद्यमान छ *(SOVENIR 2006-20062)* ।

नेपालमा सम्पत्तिको असमान वितरण देखिन्छ । अधिकांश सम्पत्तिमा धनाढ्यको बाहूल्यता छ । ७५ प्रतिशतभन्दा बढी किसानहरु साना, कम जग्गा भएका तथा जग्गा विहीन छन् । उनीहरुसंग ०.१६ हेक्टर भन्दा कम जग्गा भएको देखिन्छ । थोरै जमिनदार जसले खेतीपातीसम्म गर्दैनन् । तिनीहरुसंग अझै पनि खेतियोग्य भुमिको ठूलो हिस्सा रहेकोले आर्थिक क्षेत्रमा क्रान्तिकारी कदमको रुपमा लागू गरिएको भुमिसूधार कार्यक्रमको प्रभावकारितामा स्पष्टता नभएको देखिन्छ । *(के.सी. २०४८)*

गरिबी निवारण आज विश्वको सवैजसो मूलूकको साझा एजेन्डा भईसकेपनि यसको अर्थ मापन गर्ने आधार तथा निवारण गर्ने उपायहरुको सम्वन्धमा विश्वभर असमान अवधारणाहरु भेटिन्छन् । साधारण अर्थमा स्थिर धनको संचिती वा नियमित आयको अभावको कारण खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य तथा सूरक्षा जस्ता न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्तिवाट बंचित जीवन पद्धति नै गरिबी हो । (नेपाल, २०५३:१६९) आज नेपालमा एकातिर जनसंख्या वढ्दै गईरहेको तथा आर्थिक रुपले सक्रिय जनशक्ति न्यून रहनू र वेरोजगारीको संख्या वढ्दै जानू त्यस्तै निरपेक्ष गरिबीको रेखामूनी जीवनयापन गर्नेको संख्या वढ्नूले नेपालीको समस्या कष्टकर रहेको कूरा सहजै अनूमान गर्न सकिन्छ । मूलूकमा सक्रिय जनशक्ति एकपछि अर्को गर्दै विदेशतर्फ पलायन भएको देखिन्छ अर्कोतर्फ देशमा विद्यमान द्धन्दले नेपाललाई एउटा असफल राष्ट्रको रुपमा चिनाउन सहयोग पूर्‍याई रहेको छ ।

यसै सम्वन्धमा विश्वमा सामूहिक रुपमा गरिबी निवारणका लागि केही प्रयासहरु पनि भएका छन् । संयूक्त राष्ट्र संघको आयोजनामा सन् २००० को सेप्टेम्वरमा सहस्राब्दी शिखर सम्मेलन नाम दिईएको भेलामा विश्वका धेरै राष्ट्रका राष्ट्र तथा सरकार प्रमूखहरुको उपस्थिति थियो । उक्त भेलामा उपस्थित नेताहरुले आ-आफ्ना राष्ट्रहरुको प्रजातन्त्र, मानव अधिकार, विश्वशान्ति, गरिबी निवारण, वातावरणीय दिगोपना, मानवीय समानता, स्थिर शासन प्रणाली आदिको उत्थानको लागि समर्पण गर्न प्रतिबद्ध रहने अठोट जाहेर गरेका थिए । कूल १९१ राष्ट्र सम्मिलित उक्त सभामा १४७ राष्ट्र एवं सरकार प्रमूखको प्रतिनिधित्व थियो । यस शिखर सम्मेलनको प्रमूख

उपलब्धि सहस्राब्दी घोषणा पत्र २००० जारी गर्नु थियो । यस घोषणा पत्रमा निम्नानुसार आठ लक्ष्य निर्दिष्ट गरेको छ ।

१. गरिबी तथा भोक उन्मूलन
२. विश्वव्यापी रुपमा प्राथामिक शिक्षा प्राप्ति
३. लैंगिक समता तथा महिला सशक्तिकरण प्रवर्द्धन
४. वाल मृत्यूदर न्युनीकरण
५. मातृ स्वास्थ्य सूधार
६. HIV/AIDS औलो तथा अन्य रोगीहरु विरुद्ध संघर्ष
७. वातावरणीय दिगोपनाको प्रत्याभुति
८. विकासका लागि विश्वव्यापी साझेदारीको विकास

माथि उल्लेखित लक्ष्यहरु सन् १९९० देखि २०१५ बिचको २५ वर्षको अवधिभित्र हासिल गरिने उल्लेख गरिएको थियो । अन्तराष्ट्रिय लक्ष्यहरुको स्थितिको मूल्यांकन तथा समझदारी समान रुपमा होस् भन्ने निश्चितताका लागि १८ वटा उद्देश्यहरु र ४८ वटा सुचकहरुको साझा सूचि समेत तयार पारिएको थियो । राष्ट्रिय स्तरमा प्रगति हासिल गर्ने कार्यमा सहयोगको लागि नागरिक समाज, संचार माध्यम, सर्वसाधारण जनता, समूदायलाई परिचालन गरिने र सहस्राव्दी विकास लक्ष्यहरु तय हूनूमा अन्तराष्ट्रिय विकास लक्ष्यको प्रमूख स्थान रहेको कूरा उल्लेख थियो । २१ औं शताव्दीमा विकाशोन्मूख राष्ट्रका मानिसहरुको विकासको लागि २३ धनी दाताराष्ट्रहरु संलग्न आर्थिक सहयोग तथा विकास संगठन (Organi- zation for Economic Co-operation & Development) को विकास सहायता समितिले अन्तराष्टिय् विकासका लक्ष्यहरु Developement Assistance Committee प्रतिपादन गरी यसैका आधारमा सहस्राव्दी विकासका लक्ष्यहरु तयार गरिएका थिए *(सशस्राब्दी विकास लक्ष्य, नेपाल वातावरण पत्रकार समुह, )* ।

विकासको सवैभन्दा ठुलो वाधा गरिबी हो । गरिबीको कारणले अन्य जटिल परिस्थितिहरु निम्त्याउछ । गरिबीले द्वन्द निम्त्याउछ, जून पछि सवै क्षेत्रमा अवरोधको रुपमा देखा पर्छ । तसर्थ भन्ने गरिन्छ, गरिबी भोक हो, वास नहूनू गरिबी हो । विरामी भएर पनि डाक्टर नपाउनू गरिबी हो । कसरी पढ्ने भन्ने थाहा नपाउनू, स्कुल जान नपाउनू गरिबी हो । जागिर नपाउनू, भविष्यको चिन्ता लाग्नू र एक छाक खान मात्र पाउनू गरिबी हो। फोहोर पानी खाएर बच्चा विरामी पर्नू गरिबी हो । शक्ति विहीन हूनू, सत्तामा आफ्नो प्रतिनिधित्व नहूनू र स्वतन्त्रता नपाउनू पनि गरिबी हो ।

गरिबीलाई विश्वको सन्दर्भलाई हेर्दा विश्वका ६ अर्ब जनसंख्यामा १.२ अर्ब जनताहरुको १ डलरभन्दा कम आम्दानी रहेको छ । जसमध्ये २ अर्व जनसंख्या खानमात्र पूग्ने छन् । त्यस्तै विश्वको जनसंख्याको करिव ६० प्रतिशत दक्षिण एशिया र उप-अफ्रिकी सहारा क्षेत्रमा १ डलरभन्दा कम आम्दानी गर्दछन् । धनी राष्ट्रमा ६ प्रतिशत जनता मजदूर छन् भने मझौला र अविकसित राष्ट्रहरुमा औसत ६० प्रतिशत मजदूर छन् । विकसित राष्ट्रहरुमा आम्दानीको ४ डलरमा १ डलर निकासीबाट आम्दानीबाट प्राप्त

हून्छ । विश्वको सन्दर्भलाई हेर्दा नेपाल न्युन आम्दानी भएको देशको श्रेणीमा पर्दछ । जसमा नेपालको प्रतिव्यक्ति आय २६९ डलरमात्र रहेको छ। (विश्व बैंक प्रतिवेदन) यस परिप्रेक्ष्यमा हेर्दा विश्व प्राकृतिक सम्पदामा धनी भएको मूलुक विश्वमा नै गरिब देशको नामले चिनिनू पक्कै पनि विडम्वना मान्नू पर्दछ । यस किसिमको गरिबीको भयाबहवाट छूट्कारा लिनको लागि पक्कै पनि नेपालले महत्वपूर्ण र दिगो सोचका साथ योजना वनाई त्यसको कार्यन्वयनमा जोड दिनूपर्दछ । सहस्राब्दी विकासका लक्ष्यलाई समेत सम्वोधन गर्ने किसिमका रणनीति लिन सक्नूपर्दछ । नेपालको योजनावद्ध विकासलाई हेर्ने हो भने नवौं योजनामा राखिएका अधिकांस आर्थिक सूचकहरुको लक्ष्य योजनाको अन्तिम वर्षसम्म पूरा हून नसकेको देखिन्छ । यसबाट पक्कै पनि योजनाहरुमा सूधारको खांचो रहेको अनूमान गर्न मिल्दछ ।

यसलाई निम्न तालिकाबाट अझ स्पष्ट बूझ्न सकिन्छ ।

**तालिका नं. १**

**(नवौं योजनाको लक्ष्य र प्रगति)**

| सि.न. | क्षेत्रहरु | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | कूल ग्राहस्थ उत्पादन | ६.० | ३.६ |
| २ | कृषि क्षेत्र | ४.० | ३.३ |
| ३ | गैर कृषि क्षेत्र | ७.३ | ३.९ |
| ४ | उद्योग भूगर्भ तथा खानी | ९.१ | २.० |
| ५ | विद्यूत ग्यांस र पानी | १०.४ | ६.१ |
| ६ | निर्माण | ५.९ | ४.१ |
| ७ | व्यापार होटल र रेष्टूरां | ७.४ | १.४ |
| ८ | यातायात तथा संचार | ८.७ | ६.० |
| ९ | वित्त तथा घर जग्गा | ५.८ | ४.० |
| १० | सामाजिक सेवा | ७.० | ६.६ |
| ११ | कूल ग्राहस्थ उत्पादन | ६.५ | ३.६ |

*स्रोत : रा.यो.आ. २०५९*

हामी माथिको चर्चा र तालिकाबाट स्पष्ट हून्छौं कि नेपालको अवस्था अत्यन्त कारुणिक, दयनीय, चिन्ता र भययूक्त वनेको छ । अव प्रश्न उठ्न सक्छ, के यसका लागि सरकारवाट प्रयत्नहरु भएका छैनन् त? अवश्य पनि केही प्रयासहरु भने भएका छन् । ती मध्ये विभिन्न समयमा सञ्चालित केही कार्यक्रमहरुलाई यस अध्ययनमा राख्नका लागि सान्दर्भिक ठानेको छू ।

| सि.न. | कार्यक्रमको नाम | शूरुवात मिति |
|---|---|---|
| १ | त्रिभूवन ग्रामीण विकास नमूना | २००८ |
| २ | पंचायत विकास नमूना | २०१७ |
| ३ | एकिकृत ग्रामीण विकासकार्यक्रम | २०३३ |

| | | |
|---|---|---|
| ४ | आफ्नो गाउं आंफै वनाऔं | २०५१/२०५२ |
| ५ | ग्रामीण स्वालम्वन कार्यक्रम | |
| ६ | ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम | २०५५ |
| ७ | महिलाका लागि लघू कर्जा परियोजना | २०५० |
| ८ | दूर्गम क्षेत्र विकास कार्यक्रम | |
| ९ | ग्रामीण पुर्वाधार विकास कार्यक्रम | २०५२/०५३ |
| १० | लूम्विनी अञ्चल ग्रामीण खानेपानीतथा सरसफाई आयोजना | |
| ११ | गरिबसंग विश्वेस्वर कार्यक्रम | २०५६/०५७ |
| १२ | सामूदायिक विकास कार्यक्रम | |
| १३ | साना विकास कार्यक्रम | |
| १४ | साझा सहकारी विकास कार्यक्रम | |
| १५ | कमैया मूक्ति कार्यक्रम | |
| १६ | पश्चिमी तराई गरिबी निवारण कार्यक्रम | |
| १७. | राष्ट्रिय विकास स्वयम् सेवक सेवा कार्यक्रम | |
| १८ | अन्य लक्षित कार्यक्रम | |

माथि उल्लेखित कार्यक्रममध्ये गरिबसंग विश्वेश्वर कार्यक्रम पनि एक हो । आ.व. ०५६/०५७ मा तत्कालिन अर्थमन्त्री महेश आचार्यको वजेट भाषण मार्फत गरिबसंग विश्वेश्वर कार्यक्रम लागू भएको हो । शूरुमा प्रत्येक निर्वाचन क्षेत्रमा १००/१०० जना अति गरिब विपन्न वर्गका सदस्यहरुलाई समूहमा आवद्ध गराई उनीहरुलाई सामाजिक, आर्थिक रुपवाट परिपक्क वनाउने मूख्य उद्धेश्य रहेको देखिन्छ । नेपालका २०५ वटै निर्वाचन क्षेत्र अन्तर्गतका कार्यक्षेत्रहरुमा शूरुमा कृषि विकास वैंक मार्फत संचालन हूदै आएको पाईन्छ भने पछि आएर स्थानीय निकाय (जि.वि.स.) मार्फत संचालन हूदै आएको छ । आ.व. ०६०/०६१ मा थप प्रत्येक निर्वाचन क्षेत्रमा १/१ गरी आ.व. ०६२/०६३ सम्म जम्मा ४१५ वटा कार्यक्षेत्रमा यो कार्यक्रम संचालन भएको हो ।

यस कार्यक्रमले विशेष गरी समूदायका अति गरिब जनताहरुलाई संगठित गरी उनीहरुको आवश्यकता, रुची, चाहाना अनूरुप समूहमा संगठित गराई विभिन्न आयमूलक, सीपमूलक, ऋण पूंजी, विउंपूजी, पूर्वाधार विकास मार्फत उनीहरुलाई विकासको मूलधारमा ल्याउन खोजेको देखिन्छ ।

## १.२ समस्याको कथन (Statement of Problem)

दोस्रो विश्वयूद्ध पश्चात् विश्वमा सकरात्मक परिवर्तनका लागि विश्ववाटै विभिन्न प्रयासहरु भएको देखिन्छ । सर्वप्रथम आधूनिकीकरण सिद्धान्त त्यसपछि क्रमश: परनिर्भरताको सिद्धान्त विश्व

व्यवस्था सिद्धान्त, जनकेन्द्रित सिद्धान्त, मानव विकास सिद्धान्त हूदै विकासको श्रृंखला अगाडि बढेको पाईन्छ । यसबाट के प्रष्ट भएको मान्न सकिन्छ भने समयको परिवर्तनले जनतालाई विकासको केन्द्र विन्दू मान्ने परिपाटीको विकास क्रमश: भएको देखिन्छ । नेपालमा पनि यसका लागि केही प्रयासहरु भएको मान्न सकिन्छ । जवसम्म लक्षित समूदायको जनतालाई विकासको लक्ष्य मानिदैन तवसम्म विकासको सन्दर्भमा परिवर्तन केवल वहसको रुपमा मात्र रहन सक्दछ । त्यसैले गरिबसंग विश्वेश्वर कार्यक्रम (यसपछि ग.स.वि.का. लेखिएको छ) लक्षित समूहलाई सम्वोधन गरी समूदाय परिचालन मार्फत ग्रामीण स्तरका जनताको परिवर्तनका लागि एक कोशे ढूंगाको रुपमा देखापरेको छ भन्न सकिन्छ । अर्थात समूदाय परिचालन मार्फत ग्रामीण विकासका लागि यो कार्यक्रम आफैमा नौलो भरपर्दो र विश्वासिलो आयामको रुपमा आएको छ ।

यसभन्दा अगाडिका प्रायजसो विकासका रणनीतिहरु केवल विदेशी सहयोग, विदेशी लगानी, विदेशी नक्कल र सोझै केन्द्रवाट निर्देशित अनूरुपका थिए । यस्ता कार्यक्रमवाट स्रोत र साधन तल्लो निकायसम्म पूर्‍याई विकासको अनूभुति दिलाउन खोजिएतापनि विभिन्न निकायविच समन्वयको अभाव जनसहभागिताको कमी, स्थानीय स्तरमा सांगठनिक प्रतिवद्धता र नेतृत्व लिने शैलीको अभावमा ग्रामीण जनजीवनमा अपेक्षाकृत परिवर्तन हून सकेन । संचालित कार्यक्रमहरु समाजका टाठाबाठा धनीवर्गले मात्र लाभ लिन सकेको यथार्थ विद्यमान छ । जसबाट गरिबीको कूचक्रलाई तोड्नेभन्दा झन फराकिलो वनाउँदै लगेको अनूमान गर्न सकिन्छ । योजना वनाउने योजनाकारहरुले समेत दातृ संस्थाहरुले अवलम्वन गरेका विकासका नमूनालाई अनूसरण गर्ने गरेको फलस्वरुप प्रथम विश्वका देशहरुले अनूसरण गरेको तथाकथित विकासका रणनीतिहरुले खासै परिवर्तन दिन नसकेको भान हून्छ । यसै सन्दर्भमा राज्यवाट समूदाय स्तरका समस्याहरुलाई समाजका पछाडि परेका व्यक्तिहरुको अग्रसरतामा संचालन गर्ने परिपाटीको चाहाना अनूरुप यो कार्यक्रमले केही हदसम्म भूमिका खेलेको छ ।

आ.व. ०५६/०५७ सालदेखि संचालनमा रहेको यो कार्यक्रमले सामाजिक, आर्थिक रुपबाट विकासको मुलधारमा समाहित हून नसकेका जनतालाई सक्षम आत्मनिर्भर र सहयोगी संगठनको रुपमा संगठित गरी उनीहरुलाई छूट्टै स्वायत्त सामूदायिक संस्थामा आवद्ध गराई लक्षित कार्यक्रमहरुको योजना बनाई संचालन गर्ने मुल उद्देश्यका साथ यो कार्यक्रम संचालन भएको देखिन्छ । वस्ती स्तरमा संचालन गर्दै जाने यसको उद्देश्य रहेको छ । नवौं र दशौं पञ्चवर्षिय योजनामा गरिबी निवारण गर्ने एउटा मात्र उद्देश्य रहेकोमा ग.स.वि.का.ले के कस्तो प्रभाव पार्न सक्यो वा सकेन भन्ने प्रश्नमा नै यो अध्ययन आधारित रहेको छ । यस अध्ययनले यो विषयवस्तू छनौट गर्नाका कारणहरु छन्, जसलाई संक्षिप्त रुपमा निम्नानूसार बूंदामा उल्लेख गरिएको छ ।

क) नेपालमा ग्रामीण विकासका सन्दर्भमा प्रयाप्त मौलिक अध्ययन र अनूसन्धान हून सकेको छैन ।
ख) सूर्खेतमा गरिबसंग विश्वेश्वर कार्यक्रममा देखिएका समस्याहरुको वारेमा अध्ययन गर्न खांचो छ ।
ग) ग्रामीण विकास कार्यक्रमहरुका लागि भएको विनियोजन र वजेटको वजेटको तूलनामा यसको उपलब्धिका वारेमा मुल्याङ्कन गर्न आवश्यक छ ।

## १.३ अध्ययनको उद्देश्य (**Objectives of the study)**

नेपाल विश्वको दोस्रो गरिब मूलुक हो । यहां भौगोलिक विकटता, सामाजिक, पूरानै सांस्कृतिक मूल्य मान्यता, आर्थिक विपन्नता, वेरोजगार आदिका कारणले गर्दा विश्वमा नै एक गरिब मूलूकका रुपमा चिनिन पूगेको छ । यहांका ग्रामीण जनताको अवस्था अत्यन्त दयनीय र कहाली लाग्दो छ। ग्रामीण विकासका लागि सदियौंदेखि प्रयासहरु भने नभएका होइनन् । केही बर्षसम्म हाम्रो मूलूक जस्तै गरिबीको चपेटामा रहेका विश्वका कैयौं मूलूकहरु आज रातारात विकासको चूलीमा पूगिसकेको अवस्था हाम्रो सामू घाम जत्तिकै छर्लंगै छ । आज किन र कसरी ती देशहरुले विकासको फड्को मार्न सके यो चर्चा र अनूसरणको विषय वनेको छ । अर्कोतर्फ नेपाल ग्रामीण अर्थतन्त्रको विकासमा आशातीत सफलता प्राप्त गर्न नसक्नूमा के कति कारणहरु छन् । यसका कारक तत्वहरुलाई पहिचान गर्नमा सवैतिरवाट प्रयासहरु हूनू अत्यन्त आवश्यक छ ।

सन् १९५० देखि नै नेपालमा ग्रामीण विकासका प्रयासहरु भएका देखिन्छन् । जसको शूरुवातको रुपमा त्रिभूवन ग्रामीण विकास कार्यक्रमलाई लिन सकिन्छ । त्यसपछि क्रमश: विभिन्न कार्यक्रमहरुको माध्यमबाट ग्रामीण जनताको समस्याहरुलाई सम्वोधन गर्न खोजेको स्थितिमा यी विविध कार्यक्रमले सामाजिक रुपमा पारेको सकरात्मक र नकरात्मक अवस्थाको वारेमा अध्ययन हूनू नितान्तै आवश्यक छ । यसै सन्दर्भमा यो अध्ययनको आवश्यकतालाई महशूस गरेको छू । वि.स. २०५७ सालदेखि नेपाल अधिराज्यका सम्पुर्ण निर्वाचन क्षेत्रलाई समेट्ने गरी ग.स.वि.का. को शूरुवात् भएको थियो । यसरी ग्रामीण विकासका लागि गरिएका विभिन्न प्रयासहरु मध्येको यो एक गरिबसंग विश्वेश्वर कार्यक्रमलाई शोधपत्रको विषय बनाई प्रस्तूत गरिएको छ । विशेष गरेर सूर्खेत जिल्लालाई केन्द्रित गरी तयार पारिएको यस अध्ययनको मूख्य मूख्य विशिष्ट उद्देश्यहरु निम्नानूसार रहेको छन् ।

क) ग.स.वि.का.मा संलग्न सदस्यहरुको सामाजिक, आर्थिक स्तर र लैंगिक संलग्नताको अवस्था प्रष्ट पार्ने।

ख) गरिबी निवारणका लागि ग.स.वि.का. को भूमिका र त्यसको कार्यविधी प्रष्ट पार्न ।

ग) ग.स.वि.का.ले सुर्खेत जिल्लामा गरिबी न्यूनीकरणमा गरेको प्रयास र कार्यक्रमको प्रभावकारीताको समाजशास्त्रीय अध्ययन गर्ने ।

## १.४ अध्ययनको सीमा (Limitation of the study)

नेपाल जस्तो ग्रामीण मूलूकमा विकासका सिमित आयोजनाहरुबाट सम्पुर्ण जनतालाई लक्षित गरी कार्यक्रम संचालन गर्नू पक्कै पनि चूनौतीपुर्ण कार्य हो । नेपालमा विद्यमान भौगोलिक विकटता, सामाजिक सांस्कृतिक जटिलता समेतका आधारमा समेत के भन्न सकिन्छ भने यहां विकासको एउटै रणनीति र प्रक्रियाबाट आमुल परिवर्तन गराउन गाऱ्हो र कठिनपुर्ण छ । त्यसैले विकासको लागि सकरात्मक विभेदको बाटो अपनाउनू पर्ने देखिन्छ । फलस्वरुप ग.स.वि.का. जस्ता कार्यक्रमहरु नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले अवलम्बन गरेको देखिन्छ । हूनत ग.स.वि.का. जस्ता अन्य कार्यक्रम जस्तैः बैकिङ्ग कार्यक्रम, सचेतना कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम, महिला विकास कार्यक्रम, स्थानीय विकास कोष मार्फत संचालन हूने थूप्रै किसिमका कार्यक्रमहरु नेपाल सरकार तथा गै.स.स. मार्फत संचालन हूदै आएका छन् । यी कार्यक्रमहरु जस्तै तल्लो वर्गका जनतालाई लक्षित गरी कार्यक्रम संचालन गर्न यो कार्यक्रम आएको मान्न सकिन्छ ।

यो कार्यक्रम ०५६/०५७ सालदेखि नेपालका ७५ जिल्लाका २०५ वटा (गा.वि.स. भए १ गा.वि.स. न.पा. भए १ वडा) कार्यक्षेत्रमा शूरुवात भएको हो । शूरुमा कृषि विकास बैंक मार्फत र त्यसपछि स्थानीय निकाय मार्फत संचालन हूँदै आएकोमा आ.व. ०६१/०६२ देखि स्थानीय निकाय मार्फत संचालन हूदै आएको स्थानीय विकास कोषमा आन्तरिकीकरण भएको हो । आ.व.०६२/०६३ बाट भने यो कार्यक्रम पुर्णतया समाप्त भएको छ र हाल स्थानीय विकास कोषमार्फत ग्रामीण विकास कार्यक्रमको रुपमा संचालन भएको छ । आयोजनाको शूरुवातदेखि हालसम्मको अवस्थामा संस्थागत सामाजिक आर्थिक र वातावरणीय रुपमा आएको परिवर्तनलाई लेखाजोखा गर्नमा यो अध्ययनको सीमा रहनेछ । साथै यो अध्ययन कार्य मूलतः समाजशास्त्र/मानव शास्त्र स्नाकोत्तर तह द्धितिय बर्षको आंशिक आवश्यकता पूरा गर्ने उद्धेश्यले प्रेरित छ । प्रस्तूत अध्ययन सूर्खेत जिल्लाको ग.स.वि.का. लागू भएका कार्यक्षेत्रका जनता, त्यहांका जनप्रतिनिधि समाजसेवी कार्यरत सामाजिक परिचालक, जि.वि.स. सूर्खेतवाट प्राप्त सुचनामा बढी निर्भर छ । सीमित स्रोत साधन, वर्तमान द्धन्दको अवस्थामा व्यापक क्षेत्र ओगट्नूपर्ने स्थितिमा व्यक्तिगत प्रयासवाट गरिएका अनूसन्धानबाट निचोडमा पूग्ने कार्य गाह्रो नै छ, यस अध्ययनको अर्को सीमाको रुपमा रहेको छ ।

यस अनूसन्धान रहेका उद्धेश्यहरु पुरा हूनूमा लक्षित समूदायका सदस्यहरु सा.प. प्रतिनिधी, जि.वि.स.वाट प्राप्त अन्तवार्ता, छलफलबाट पूर्ण नहून पनि सक्दछ । त्यसैगरी यो अध्ययन पूर्णतया सूर्खेत जिल्लामा मात्र सीमित रहेकोले यसले पूरै नेपालको ७५ जिल्लाको प्रभावलाई प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## १.५ अध्ययनको आवश्यकता (**Importance of the study**) :

मूलूकमा वसोवास गर्ने जम्मा जनसंख्याको करिव ३८ प्रतिशत (नवौं योजनाको अन्त सम्ममा) जनसंख्या गरिबीको रेखामूनी रहेका यसमा पनि ग्रामीण क्षेत्रमा बसोवास गर्ने समूदायमा यसको प्रतिशत अझ बढी रहेको अवस्थामा नेपाल सरकार, विभिन्न राष्ट्रिय तथा अन्तराट्रिय गै.स.स.वाट समूदाय परिचालन कार्यक्रमलाई बढी जोड दिइएको पाईन्छ । तर प्रश्न उठ्न सक्दछ कि यस किसिमका कार्यक्रमहरुले के त उनीहरुको जीवनस्तरमा सूधार ल्याउन सफल भयो त ? यसले कस्तो प्रभाव पार्न सकेको छ भन्ने सम्वन्धमा अध्ययन हूनू र भविष्यमा सोही अनूरुप पृष्ठपोषण गर्दै लैजानू पर्नेमा कूनै दूईमत छैन । नेपाल सरकार, स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालन हूदै आएको ग.स.वि.का.ले के सांच्चै समूदायका जनताको जीवनस्तर परिवर्तनमा प्रभाव पार्न सफल भयो? यो एउटा गम्भिर प्रश्न हो, एकातिर लगानी भईरहने र अर्कातर्फ त्यसको तूलनामा आउने परिवर्तन वा प्रतिफलको लेखाजोखा हून नसक्नू र सोही प्रतिफलका आधारमा भबिष्यमा संचालन हूने कार्यक्रमको मार्ग तयार गर्न प्रयास नहूनू एउटा गम्भिर समस्या हो ।

समकालीन अवस्थामा देखापरेका समूदाय/सामाजिक परिचालन कार्यक्रमलाई कसरी अझ प्रभावकारी वनाउन सकिन्छ भन्ने सम्वन्धमा पनि यो अध्ययन महत्वपूर्ण हून सक्दछ समाजमा रहेका सूविधाविहीन वर्गलाई सामाजिक, आर्थिक, संस्थागत, मनोवैज्ञानिक रुपवाट अझ बढी सशक्त वनाउन सकेमा २१ औं शताब्दीको नेपालको परिकल्पनामा अझ टेवा पूग्न सक्दछ । कतिपय कार्यक्रम संचालन गर्ने निकाय वा संघ संस्थाले आफ्नो सस्तो लोकप्रियताका लागि प्राथमिक तहलाई नै पार नगरी द्वितिय तहलाई अनूसरण गरी अलमल परिरहेको वर्तमान अवस्थामा वास्तविक गरिब जनता पत्ता लगाई उनीहरुलाई समूहमा आवद्ध गराई नेतृत्व विकासलाई जोड दिईने किसिमवाट यस्ता कार्यक्रम ल्याईनूलाई अत्यन्त सह्रानीय पक्ष मान्न सकिन्छ। मूलूकमा प्रजातान्त्रिक सरकारहरुको उदय भएपछि अझै भन्नूपर्दा आ.व. ०५६/०५७ को वजेट वक्तव्य मार्फत ग.स.वि.का. जस्तो कार्यक्रम स्थानीय स्तरमा संचालन गरिनू र स्थानीय ग्रामीण समूदायलाई सबल र सक्षम बनाउने चाहना राख्नूले पक्कै पनि ग्रामीण अर्थतन्त्रमा गरिबी न्युनीकरणका

कार्यक्रमहरु संख्यात्मक तथा क्षेत्रगत रुपमा बढ्दै गईरहेको वर्तमान अवस्थामा **नेपालको ग्रामीण विकास कार्यक्रममा गरिबसंग विश्वेश्वर कार्यक्रमको भुमिका एक समाजशास्त्रीय अध्ययन** को आवश्यकता रहेको कूरा प्रष्ट हून्छ। जसलाई बूंदागत रुपमा यहां उल्लेख गरिएको छ ।

क) ग्रामीण विकासका क्रममा देखिएका समस्याहरुलाई प्रस्तूत गर्नू ।

ख) नेपालमा ग्रामीण विकासका विभिन्न अनूभवहरुको समिक्षा गरी गरिबसंग विश्वेश्वर कार्यक्रमसंग तूलना गरी भविष्यमा यस कार्यक्रमलाई कसरी संचालन गर्न सकिन्छ त्यसका कार्यक्रमको समिक्षा सहित पृष्ठपोषण प्रदान गर्न ।

ग) समूदाय परिचालन कार्यक्रमका माध्यमवाट लक्षितसमूदायका समस्याहरुलाई सम्वोधन गर्न सक्यो वा सकेन यसले समाजमा पार्न सकेको उपलब्धिको समिक्षा गरी सो वारेमा यथार्थ जानकारी प्रस्तूत गर्न ।

## १.६ अध्ययनको संरचना (**Structure of the study**) :-

प्रस्तूत अध्ययनलाई निम्न ५ परिच्छेदमा विभाजन गरी प्रतिवेदन तयार गरिएको छ ।

**परिच्छेद** १: परिचय :-

यस परिच्छेद अन्तर्गत अध्ययनको पृष्ठभुमि, समस्याको कथन, साथै अध्ययन उद्देश्य, महत्व र सीमा रहेका छन् ।

**परिच्छेद** २ :- साहित्य अध्ययन :-

यस परिच्छेद मा यस कार्यक्रमसंग सम्वन्धित विभिन्न लेख, रचना, विषयसंग सम्वन्धित विभिन्न प्रयासहरुको समिक्षा गरिएको छ । जसमा ग्रामीण विकासका सन्दर्भ सामाग्रीहरु, स्थानीय विकास मन्त्रालय, गरिबसंग विश्वेश्वर कार्यक्रमवाट विभिन्न अंकमा प्रकाशित लेख, रचना, विश्व बैंक लगायतका प्रतिवेदनहरु, राष्ट्रिय योजना आयोगका प्रतिवेदनहरु आदिलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

**परिच्छेद** ३ :- अनूसन्धान विधि :-

यस अध्ययन का लागि अपनाईएका विभिन्न विधिको वारेमा यस परिच्छेदमा उल्लेख गरिएको छ । यस परिच्छेदमा अनूसन्धानका ढांचाहरु (व्याख्यात्मक, वर्णनात्मक), नमूना छनौटका प्रक्रियाहरु (बर्गीकृत नमूना छनौट विधि, कोटा छनौट विधि) तथ्याङ्कको प्रकृति (प्राथमिक, द्धितीय) तथ्याङ्क संकलनका विभिन्न विधिहरु (प्रश्नावली, अन्तरर्वार्ता, अवलोकन, समूह छलफल) र यस अध्ययनको क्रममा भएको सिकाईको वारेमा उल्लेख गरिएको छ ।

**परिच्छेद** ४ :- तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरण :
यस अध्ययनमा अनूसन्धानको क्रममा प्राप्त तथ्याङ्कलाई विभिन्न तालिकामा उल्लेख गरिएको छ । साथै तथ्याङ्कहरुलाई विश्लेषण गर्नका लागि व्याख्यात्मक, विश्लेणात्मक विधिको समेत प्रयोग गरिएको छ ।

**परिच्छेद ५** :- सारांश, निश्कर्ष र सूझावहरु :- विभिन्न तथ्याङ्कहरुको आधारमा यस अध्ययनवाट निर्क्यौलमा आएका निश्कर्ष र सूझावहरुलाई संक्षिप्त रुपमा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

# परिच्छेद-२

# साहित्य अध्ययन (**Review of the literature**)

## २.१. ग्रामीण विकासको परिचय (**Introduction of rural development**) :

साधारणतया ग्रामीण क्षेत्र भन्नाले शहरीकरण नभएको, कृषि पेशा अवलम्बन गरिएको, विकासका पुर्वाधारहरु प्रयाप्त रुपमा नपूगेको, शिक्षा तथा स्वास्थ्यको समूचित अवसर पूग्न नसकेको सर्वसाधारण जनता वसोवास गर्ने क्षेत्रलाई बूझिन्छ । ग्रामीण क्षेत्रमा छरिएका घर, साना बजार र मानिस प्राकृतिक पक्षसंग बढी केन्द्रित हून्छन । ग्रामीण क्षेत्रका अधिकांश जनताहरु कृषि पेशामा केन्द्रित भएका हून्छन । उनीहरुको जीवनस्तर निम्न हून्छ । रोग, भोक, बेरोजगारी आदि समस्याहरु ग्रामीण क्षेत्रमा रहेका हून्छन । ग्रामीण क्षेत्रमा विद्यमान यस्ता विभिन्न समस्यालाई समूचित रुपले समाधान गरी ग्रामीण जनताको जीवनस्तर सूधार गर्नू नितान्त आवश्यक छ । ग्रामीण विकासले ग्रामीण कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, संचार यातायात तथा रोजगारीको विकास गर्नूपर्ने कूरालाई जोड दिन्छ । ग्रामीण क्षेत्रका सर्वसाधारण भुमिहीन, सूविधाविहीन आदि वर्गलाई विकासको केन्द्रविन्दूमा राखी उनीहरुको जीवनस्तर सूधार गर्नूपर्ने कूरालाई प्रकाश पार्दछ । *(अर्याल, २०६१)*

ग्रामीण विकासको सन्दर्भलाई हेर्दा ग्रामीण विकास नेपालको परिप्रेक्ष्यमा अपरिहार्य र महत्वपूर्ण सोचको रुपमा विकास हूनूपर्दछ । किनभने नेपालको भू-वनौट एक किसिमको नभएर फरक-फरक किसिमको रहेको छ । त्यसैले नेपालमा बनाईने हरेक योजनाहरु सापेक्ष हूनूपर्नेमा जोड दिनूपर्ने हून्छ । नेपाल बहूभाषी, बहूसांस्कृतिक, बहूजाति भएको मूलूक हो । यहां हरेकका मूल्य मान्यता र संस्कारहरुमा विविधता पाईन्छ । प्रत्येक ग्रामीण क्षेत्रमा वसेवास गर्ने जनताको आवश्यकता र चाहनालाई दृष्टिगत गरी योजना बनाई कार्यन्वयन गर्नूलाई ग्रामीण विकास भनिन्छ ।

## २.२.ग्रामीण विकासको परिभाषा(**Definition of rural development**) :

ग्रामीण विकास भनेको जनताको विशेष समुह, गरिब ग्रामीण महिला, पूरुष र उनीहरुको वच्चाको चाहना तथा आवश्यक्ता पूरा गर्न सवल तूल्याउने एउटा रणनीति हो । यसले ग्रामीण क्षेत्रमा जीवनयापन गर्ने गरिबहरुलाई विकासको प्रतिफल समूचित रुपमा वितरण गर्न सहयोग

पुऱ्याउंछ । यस्तो समुहमा साना तहका किसान मोही र भुमिहीन मानिस समावेश भएका हून्छन् ।

Rural development is a strategy to enable a specific group of People, poor rural women and man, to gain for themself and their children more of what they want and need. lt involves helping the poorest, among those who seek a livelyhood in the rural area to demand control more of the benifit of rural development .The group includes small scale farmers,tenants and landless. -Robert Chamber

Rural development as.......strategy designed to improve the economic and social life of a specific group of people the rural poor. As such if involves extending the benefit of development to the poorest in rural areas, eg. Small farmer, tenants land and other disadvantaged groups -World Bank.

Rural development is transformation system of Traditional culture to modern science and technology - Ensmiger

माथिका परिभाषाहरुवाट के बूझ्न सकिन्छ भने ग्रामीण विकास भनेको परम्परागत मान्यतालाई भन्दापनि वर्तमान प्रविधिहरुलाई अनूसरण गर्नू, किसान भूमिहीन, गरिब, विपन्न परिवारको आवश्यक्ता तथा चाहना पूरा गर्न सबल वा सक्षम बनाउने एउटा रणनीति हो । यी परिभाषाहरुले ग्रामीण विकासले किसान, मोही र भूमिहीन जनताको जीवन सूधार गर्न विभिन्न क्रियाकलाप अबलम्वन गर्नूपर्ने कूरामा जोड दिन्छ । यसैगरी विश्व बैंकको परिभाषाले ग्रामीण गरिबहरुको सामाजिक, आर्थिक जनजीवनमा सूधार ल्याउने कूरालाई जोड दिन्छ । जे होस् विद्धानहरुको फरक फरक मत भएपनि ग्रामीण जनजीवनको समृद्धि तथा सूधार र स्रोतको समूचित वितरणमा परिभाषाहरु केन्द्रित रहेका छन् ।

नेपाल ग्रामीण कृषि प्रधान देश हो । तर यहांको कृषि स्वामित्वलाई हेर्दा जो गरिब छ जसले कृषि पेशालाई अंगालेको छ, त्यससंग जग्गा जमिन छैन । जससंग खेतीको लागि खेतीयोग्य जमीन प्रशस्त छ, त्यसले कृषि पेशालाई अंगालेको देखिदैन । यसबाट ग्रामीण विकासको वाधकको रुपमा भुमिको असमान वितरण पनि एक हो भनेर मान्न सकिन्छ । यस सम्वन्धी केही तथ्याङ्कहरुलाई हेर्दा यस सम्वन्धि केही तथ्यहरु प्रष्ट हून्छ ।

राष्ट्रिय कृषिगणना २०५८ ले पूर्ण भुमिहीनहरुको संख्या २७ हजारमात्र देखाए पनि त्यो तथ्यांक भरपर्दो छैन । अन्य आंकडाहरुले भुमिहीनहरु नेपालमा त्यो भन्दा निकै धेरै भएको औंल्याएका छन् । राष्ट्रिय जनगणना २०५८ का अनूसार नेपालका कूल घरधूरी मध्ये २४ प्रतिशतको आफ्नो खेती गर्ने जमिन छैन। ती मध्ये हिमालका ७ प्रतिशत, पहाडका २१ प्रतिशत र तराईका ३१ प्रतिशत घरधूरी कृषि भुमिहीन छन् । कुल ४२.५३ लाख घरधूरीमध्ये १०.३८ लाख घरपरिवारहरु कृषि भुमिहीन छन् । युनडिपीको सन् २००४ को नेपाल मानवअधिकार प्रतिवेदनका अनूसार

ग्रामीण क्षेत्रमा भुमिहीनता डरलाग्दो अनूपातमा बढिरहेको छ । ग्रामीण घरधूरीमध्ये २९ प्रतिशतको आफ्नो कूनै जमिन छैन । सामूदायिक आत्मनिर्भर सेवा केन्द्रले २०६० साल जेष्ठमा ५ विकास क्षेत्रका ११ जिल्लामा गरेको सर्भेक्षण अनूसार १२ प्रतिशत किसान परिवार पुर्णतया भुमिहीन छन् । घडेरीमात्र भएका खेतीका लागि जमिन नभएकाहरु समेत जोड्दा २७ प्रतिशत किसान परिवार भुमिहीन भएको त्यस सर्भेक्षणले देखाएको छ । भुमिहीनहरुमध्ये ज्यादाजसो दलितहरु र जनजातिहरु छन् । राष्ट्रिय दलित आयोगको सर्वेक्षण २००४ अनूसार देशका ५३ प्रतिशत दलितहरुसित कूनै जमिन छैन । युनडिपीको नेपाल मानव विकास प्रतिवेदन २००४ अनूसार १५ प्रतिशत पहाडी दलित भूमिहीन छन् भने ४४ प्रतिशत तराईका दलितहरु भुमिहीन छन् । खेतीयोग्य भुमिको १ प्रतिशत पनि दलितहरुको हातमा छैन । सूदुरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा हलिया प्रथाको प्रचलन अहिले पनि छ । जून दास प्रथाको अवशेष हो । थोरै पैसामा ऋण लिए बापत वा सानो टूक्रो जमिन पाएबापत पूस्तौंपूस्ता हलिया बस्नूपर्ने अधिकांस दलित समूदायका हलियाको संख्या १४,७८४ भएको एक अध्ययनले देखाएको छ । कूल हलियामध्ये ९३ प्रतिशत भूमिहीन छन् । तराई क्षेत्रका हरुवाहरु पश्चिम पहाडका हलियाहरु जस्तै हून् । उनीहरु पनि अधिकांश भुमिहीन नै छन् । सूदूर र मध्यपश्चिमाञ्चलमा गरी झण्डै ३० हजार हलियाहरु रहेको कूरा प्रथम राष्ट्रिय हलिया सम्मेलन, २०६३ द्धारा प्रकाशित डडेल्धूरा घोषणा पत्र २०६२ ले दावी गरेको छ । देशको कूल १८,२९१ कार्ड पाएका मूक्त कमैयामध्ये ६ हजार मूक्त कमैया अझै पुर्णतया भुमिहीन भएको मूक्तकमैया समाजले बताएको छ । भुमिहीनता कृषि क्षेत्रको एउटा प्रमूख समस्या हो । जसलाई क्रान्तिकारी भुमिसूधार कार्यक्रमले सम्बोधन गर्नूपर्दछ । भुमिहीनता लगातार बढ्दैछ । यसरी बढ्नूको मूख्य कारणहरु जोताहा मोही भुमि अधिकारबाट बञ्चित हूनू र जमिनबाट उसलाई धपाउनू भुमिको अन्त्य असमान वितरण र भुमिको खण्डिकरणका कारणले ऋणपान र जीवनको सानो टूक्रोको मालिकत्व पनि गूमाउन बाध्य हूनू अर्को मूख्य कारणको रुपमा देखिएको छ । (मूल्यांकन मासिक, श्रावण-भाद्र,०६३)

यस्तै किसिमवाट हेर्दा ग्रामीण विकासका लागि क्रान्तीकारी कदम चाल्नू अपरिहार्य भएको कूरा ठहर गर्न सकिन्छ । जसरी कृषि क्षेत्रमा यो हालत छ त्यसैगरी अन्य विविध क्षेत्रमा पनि यसै किसिमको अवस्था देख्न सकिन्छ । यस वाट के प्रमाणित हून्छ भने जो गरिब छ, जससंग कूनै किसिमको पहूंच छैन, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, सांगठनिक आदि पक्षमा सकरात्मक परिवर्तन ल्याउनका लागि सबै ठाउंबाट अधिकतम् प्रयासहरु हूनू आवश्यक छ ।

### २.२.१. ग्रामीण विकासको उद्देश्यहरु (**Objectives of Rural Development**) :-

ग्रामीण जनताको आर्थिक सामाजिक जीवनमा परिवर्तन ल्याउनू नै ग्रामीण विकासको मूख्य उद्देश्य रहेको छ । ग्रामीण जनताको चाहना, रुचि, इच्छा अनूसार लक्षित कार्यक्रमको माध्यमबाट गरिबी निवारण गरी व्याप्त असमानता, आर्थिक स्थितिमा सूधार गर्न रोजगारीका अवसरहरुको सृजना गरी ग्रामीण जनताको अवस्थालाई सकरात्मक परिवर्तन ल्याउनू नै ग्रामीण विकास हो ।

रामचन्द्र मल्होत्राका अनूसार ग्रामीण विकासका निम्नानूसार उद्देश्य रहेका छन् ।

- ☞ उत्पादकत्वमा वृद्धि ल्याई उत्पादन तथा राष्ट्रिय आय बढाउनू ।
- ☞ न्यायोचित वितरण प्रणाली र समानता कायम गर्नू ।
- ☞ रोजगारीको अवसर सृजना गर्नू ।
- ☞ जनसहभागिता जूटाउने ।
- ☞ आत्मनिर्भरताको बाटोतिर उन्मूख हूनू ।
- ☞ पर्यावरण सन्तूलन कायम गर्नू । ( UNAPDI,1980 )

### २.२.२ ग्रामीण विकासको महत्व (Importance of rural development)

- ☞ कृषि क्षेत्रको विकास गर्न :- नेपालका करिव ८१ प्रतिशत जनता कृषिमा निर्भर छन् । तर पनि यहां वर्षेनी भोकमरी, अनिकाल जस्ता समस्याहरुले सताईनै रहेको छ । नेपालको खेती प्रणाली केवल गूजारा प्रणालीमा आधारित छ । नगदेवाली भन्दा अन्नवालीको खेतीमा कृषकहरु बढी निर्भर रहेका छन् । अर्कोतर्फ जसले खेती गर्ने हो ऊसंग खेती गर्ने खेतीयोग्य जमिन नै छैन । जसले गर्दा कृषि क्षेत्रको विकास चूनौतीपुर्ण रहेको मान्न सकिन्छ । यसकारण कृषिक्षेत्रको विकासका लागि उपयूक्त मार्ग तय गर्नूपर्ने हून्छ । अन्यथा ग्रामीण विकास सम्भव नहूने देखिन्छ ।
- ☞ ग्रामीण गरिबी र असमानताको अन्त्य गर्न :- ग्रामीण क्षेत्रमा गरिबीको मात्रा तूलनात्मक रुपवाट हेर्दा अत्यन्त दयनीय रहेको छ । स्वास्थ्य, शिक्षा जस्ता विविध पक्षमा ग्रामीण जनताको पहुंच पूग्न सकिरहेको छैन । जसले गर्दा गरिबीको खाडल झन् फराकिलो हूँदै गईरहेको छ । त्यसकारण ग्रामीण विकास गरिबी निवारण र असमानताको अन्त्यका लागि अपरिहार्य बनेको छ ।
- ☞ विकासका पुर्वाधारको निर्माण:- विकासका पुर्वाधारका रुपमा रहेका शिक्षा, स्वास्थ्य, विजूली, सञ्चार, यातायातबाट हाम्रा ग्रामीण क्षेत्रका

जनताहरुलाई सम्वोधन गर्न सकिरहेका छैनन् । जसले गर्दा ग्रामीणस्तरका जनताहरुको अवस्था झन् कष्टप्रद बनिरहेको छ । दिनप्रतिदिन समस्याहरु न्यूनिकरण हूनुको सट्टा समस्याहरु झन विकराल वन्दै गईरहेका देखिन्छ । त्यसकारणले ग्रामीण जनताको समग्र विकासका लागि ग्रामीण विकासको महत्व रहेको यथार्थलाई नकार्न सकिदैन ।

☞ ग्रामीण उद्योग र व्यवसायको विकास गर्न :- आज नेपालमा परम्परागत रुपमा संचालन हूँदै आएका उद्योग र व्यवसायहरु दिनप्रतिदिन धारासायी बन्दै गईरहेको यथार्थता घाम जत्तिकै छर्लङ्गै छ । एकातिर परम्परागत ज्ञान, सीपको संरक्षण हून नसक्दा त्यहांका जनताको पेट भोको र शरीर नांगो रहन विवश छ भने अर्कोतर्फ गरिबको नाममा सीमित व्यक्तिहरुले स्वार्थ लिई ग्रामीण जनताको अवस्थालाई कष्टप्रद बनाएको छ । त्यसकारणले ग्रामीण विकासका लागि परम्परागत मुल्यमान्यतालाई संरक्षण दिने गरी ग्रामीण उद्योग र व्यवसायको विकास गर्न आवश्यक छ त्यसका लागि ग्रामीण विकासको महत्वलाई बूझ्नूपर्ने हून्छ ।

☞ ग्रामीण स्रोत र साधनको समूचित रुपमा परिचालन गर्न:-

नेपाल साधन र स्रोतको हिसाबले विश्वमा नै एक सबल राष्ट्रको रुपमा चिनिदै आएको मूलूक हो । यहां रहेको स्रोत र साधनको अधिकतम् प्रयोग गर्न सकिएमा देशको उन्नतिले गूणात्मक फड्को मार्न सक्ने देखिन्छ यसका लागि ग्रामीण विकासको महत्व रहेको देखिन्छ । साधारण सर्भेक्षणवाट मात्र पनि नेपालमा प्रशस्त मात्रामा स्रोत, खानी, जडिवूटी आदि रहेको प्रष्ट छ । यसवाट हामी सहजै के अनूमान गर्न सक्दछौं भने नेपालमा स्रोत र साधनको अधिकतम् सम्भावना रहेको छ ।

☞ समतामूलक समाजको निर्माण गर्न :- नेपालमा असमानताका धेरै संकेतहरु देखिने गर्दछन् । यसमा पनि ग्रामीण क्षेत्रमा यसको व्यथाहरु लूकेको पाईन्छ । जसले समाजका शोषण, दमनलाई पृष्ठपोषण गर्नमा भुमिका खेलेको छ । जातिपाति, धनी, गरिब, महिला, पूरुष आदिको भेदभावले समाजलाई नराम्रोसंग जेलेको छ । भौगोलिक हिसावले समेत भेदभाव गरिनाले ग्रामीण स्तरका समूदायलाई अझ चिडिन बाध्य बनाएको सन्दर्भमा सामाजिक एकरुपता ल्याउनका लागि ग्रामीण विकासको अझ महत्व रहेको छ।

☞ क्षेत्रीय सन्तूलन कायम गर्न:- नेपालको प्रशासकीय विभाजनलाई हेर्दा हिमाल, पहाड, तराई, पांच विकास क्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्लामा विभाजित छ । यी सम्पूर्ण क्षेत्रहरुको विकास समान रुपले सबै ठाउंमा हून सकेको छैन । राजधानी, सदरमूकाम र तराई

क्षेत्रहरुमा विकासका गतिविधिहरु द्रुत गतिमा अघि बढिरहेका छन् भने हिमाली, विकट र सदरमूकामदेखि टाढाका क्षेत्रहरुमा विकासको गति अत्यन्त न्यून रहेको छ । यसले गर्दा विकासमा क्षेत्रीय असन्तूलनलाई बढाएको छ । यसका लागि सकरात्मक विभेदको धारणालाई समेत अवलम्वन गर्नका लागि ग्रामीण विकासको महत्व रहेको छ ।

- ☞ ग्रामीण रोजगारी सिर्जना गर्न :- यदि नेपालका प्रत्येक क्षेत्रहरुमा समान रुपवाट विकास गर्न सकिएमा प्रशस्त मात्रामा रोजगारीका अवसरहरु सिर्जना हूने देखिन्छ । दिनप्रतिदिन रोजगारीका लागि संघर्ष गर्दापनि विहान वेलूकी खान लाउन समेत कठिन परिरहेको अवस्थामा ग्रामीण क्षेत्रको विकास हून सकेमा प्रत्येक नेपाली जो विदेशी शहरमा काम र मामका लागि भौंतारिन वाध्य भएका छन्। उनीहरुको पिडामा मलम लगाउनका लागि ग्रामीण विकासको महत्व रहेको छ ।
- ☞ परम्परागत मौलिक संस्कृतिको संरक्षण गर्न : आज नेपालमा चाहे राम्रो प्रवृति होस् वा चाहे नराम्रो प्रवृति होस्, विदेशीको प्रवृतिलाई अंगालेको पाईन्छ । जसले गर्दा परम्परागत मुल्य मान्यताभन्दा पनि अरुको सिको गर्ने प्रवृतिलाई निरुत्साहित गर्नू पर्दछ । आज ग्रामीण विकास नीति पनि पश्चिमी संस्कृतिको अन्धाधून्ध सीकोवाट जोगाएर परिचालन गर्न आवश्यक छ । यसका लागि नेपालमा लोपोन्मूख अवस्थामा रहेका जाति र भाषाभाषीको संस्कृतिको संरक्षण गर्ने किसिमका रणनीतिको विकास गर्नूपर्दछ ।
- ☞ ग्रामीण क्षेत्रको सामाजिक आर्थिक संरचना परिवर्तन गर्न:- जवसम्म ग्रामीण क्षेत्रका जनताको परम्परागत मान्यतालाई परिवर्तन गर्न सकिदैन, तवसम्म विकासमा पछौटेपना कायमै रहने हून्छ । यसका लागि सामाजिक र आर्थिक संरचनामा परिवर्तन गर्नूपर्ने हून्छ। समाजमा रहेका केही पूराना मान्यताहरुले विकासमा बाधा पूर्‍याई रहेका हून्छन् । अत: ग्रामीण क्षेत्रको सामाजिक आर्थिक संरचनामा परिवर्तन ल्याउनका लागि ग्रामीण विकासको महत्व रहेको छ ।

## २.३. नेपालमा ग्रामीण विकास कार्यक्रम (Rural Development Programmee in Nepal)

ग्रामीण विकास विना नेपालको समग्र विकास सम्भव छैन । तर पनि समग्र विकासको केन्द्र विन्दू ग्रामीण क्षेत्र वन्न सकेको छैन । नेपालको प्राचिन समयमा गाउंको विकास त्यहांका मूख्य व्यक्तिहरुको छनौट, आपसी कार्य विभाजनबाट हूने गरेको इतिहास हामी पाउंछौं । जब समाज विस्तारै

वाहिरी देशको सम्पर्कमा आउन थाल्यो, शहरीकरणतर्फ उन्मूख हून थाल्यो, तत्पश्चात विकास शहरतर्फ बढी केन्द्रित हून थालेको देखिन्छ । इतिहासदेखि वर्तमानसम्म हेर्दा नेपालमा विकासलाई भन्दा वढी सत्ता र राजनैतिक स्वार्थमा मात्र अधिकांश समय वितेको, कहिले मल्ल राजाहरु आपसमा नै झगडामा रहेको त कहिले राजा र नायवी वन्नेमा दौडधूप चलेको देखिन्छ । फलस्वरुप राजनैतिक खिचातानी वा शासनसत्ताका कारण देश षड्यन्त्रको भुमरीमा रुमलिन बाध्य भएको छ । जसको फाईदा चतूर राजनैतिक खेलाडीका फिल्डमा बल पर्न गई शासनसत्ता आफ्नो हातमा लिंदा नेपाल वेला वेलामा आप्ठ्यारोमा पर्दै असफल राष्ट्र वन्न पूगेको इतिहास छ । चाहे वि.सं. १९०३ को कोतपर्व र भण्डारखाल पर्वको कारण र १०४ वर्षे राणा शासनको उदयको कूरा होस्, चाहे वि.सं. २०१७ सालमा केही राजनैतिक खेलाडीको स्वार्थका कारण प्रजातन्त्रको हत्याको विजारोपण भएको कारण ३० वर्षे निरंकूश पञ्चायती शासनको उदय होस्, त्यसैगरी २०४६ सालको बहूदलीय प्रजातन्त्रको मुलमन्त्रलाई सही रुपले प्रयोग गर्न नसक्दाको कारण माओवादी समस्याको कारण होस् । यी सम्पुर्ण राजनैतिक अदुरदर्शिता, सत्तामोह, जनताको हित विपरित शासन संचालन गर्ने प्रणालीले गर्दा नेपालको प्रजातान्त्रिक अभ्यासमा टोपी फेरिने टाउको नफेरिने, सत्ता फेरिने प्रवृत्ती नफेरिने यो नै मुल विशेषता नेपाली राजनीतिमा रहन गएको देखिन्छ । राजनीतिले अवश्य पनि विकासलाई प्रभावित तूल्याउंछ । राजनीतिको प्रभाव नै विकासको मार्ग हो । त्यसैले पनि नेपालको ग्रामीण क्षेत्रको विकासको निम्ति राजनैतिक खेलले विकासलाई प्रभावित तूल्याएको देखिन्छ । नेपालको अहिलेको अवस्थामा पनि ग्रामीण वसोवासमा अधिकता रहेको छ । शहरी विकासले त्यति फड्को मार्न सकेको छैन । नेपालको भु-राजनैतिक परिवेशले पनि ग्रामीण वस्ती नेपालमा अधिकतम छ । त्यसैले पनि नेपालको विकासको मूख्य नमूना ग्रामीणमूखी हून आवश्यक देखिन्छ ।

यस सन्दर्भमा ग्रामीण विकासको निम्ति काम हून नसकेको भनेर निष्कर्ष निकाल्न सकिने अवस्था त छैन तर पनि जति हूनूपर्ने हो, ग्रामीण विकासको क्षेत्रमा सोच पूऱ्याउनू पर्ने हो, त्यति गर्न नसकेको अवस्था भने पक्कै हो । नेपालको सबभन्दा पहिले छैठौं योजना (२०३७-२०४२) मा आधारभूत आवश्यक्ता सम्बन्धी गरिबी निवारण कार्यक्रमलाई समावेश गरियो। सातौं योजना (२०४२-२०४७) मा पनि सोही कार्यक्रमलाई जोड दिईयो । आठौ योजना (२०४९-२०५४) मा गरिबी निवारण सम्वन्धी विशेष नीति, उद्देश्य र कार्यक्रम राखियो र कार्यान्वयन समेत गरियो । गरिबी निवारणको प्रयासलाई हासिल गर्न नवौं योजना (२०५४-२०५९) र दशौं योजनामा समेत गरिबी निवारणलाई नै मूख्य उद्देश्य बनाइएको छ । त्यस्तै नेपालमा विगत पांच दशकपछि विशेषगरी २००७ सालको प्रजातन्त्रको उदय पश्चात् ग्रामीण विकासको निम्ति धेरै प्रयासहरु भएका छन् जून प्रयासहरुलाई यहां चर्चा गरिएको छ ।

### २.३.१. त्रिभूवन ग्राम विकास नमूना (**Tribhuban Village Development Model**) :

नेपालको ग्रामीण विकासमा यो नै पहिलो प्रयास थियो । २००७ सालको परिवर्तनपछि नेपालको ग्रामीण विकासलाई टेवा पुऱ्याउने उद्देश्यले वि.स. २००८ मा अमेरिका सरकारको प्राविधिक सहयोग र भारतीय सरकारको संस्थागत सहयोगमा यो नमूना देखापरेको हो । जसका मुल उद्देश्यहरुमा ग्रामीण कृषि शिक्षा, स्वास्थ्य र साना उद्योगहरुको विकास गर्नू थियो । यस्ता कार्यक्रमहरु ३ तहमा रहेर गरिएका थिए ।

i) समूदाय स्तर ( Community Level)

ii) ग्रामीण विकास स्तर ( Rural Development Level)

iii) प्रशासनिक स्तर (Admintrative level)

यी उल्लेखित कार्यक्रम संचालन गर्नका लागि गाउंका विचमा एउटा ब्लकको निर्माण गरी त्यहां एकजना ब्लक विकास अधिकारी (Block Development Officer) लाई नियूक्त गरी उसकै नेतृत्वमा रहेर ग्रामीण विकासका कार्यक्रमहरु संचालन गरिन्थ्यो । पछि गएर सहयोगी दूवै देशका विचको आपसी धारणाले समेत यस नमूनालाई असर पार्न पुग्यो । नेपाल अधिराज्य भरि १५० ब्लकहरुमा विभाजन गरिएको थियो र विकासका कार्यक्रमहरु संचालन गरिएका थिए । यस नमूनाले ग्रामीण विकासमा केही कामहरु गरेको थियो र पछि गएर २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनासंगै यसको नाम परिवर्तन भयो ।

### २.३.२. पंचायत विकास नमूना (**Panchayat Development Model )** :-

ग्रामीण विकासलाई मूख्य लक्षित गरी नेपालमा २०१७ सालको राजनैतिक परिवर्तनपछि यो नमूनाको थालनी भएको हो । यस कार्यक्रमको उद्देश्य ग्रामीण तहमा स्कुल, पूल पूलेसा, बाटो, नहर जस्ता विभिन्न कार्यक्रमहरु संचालन गर्नू थियो । यसका अतिरिक्त यसै नमूना अन्तर्गत दूर्गम क्षेत्र विकास कार्यक्रम, साना क्षेत्र विकास कार्यक्रम, ऋण वचत विकास, भुमिसूधार, गाउंफर्क अभियान आदि कार्यक्रमहरु समेत संचालन भएका थिए ।

यी कार्यक्रमहरुको मूख्य उद्देश्य निम्न अनूसार रहेका थिए ।

☞ संस्थागत विकास (Insitutional Development.)

☞ सामाजिक परिचालन (Social Mobilization.)

☞ भावनात्मक परिवर्तन (Attitute Change )

माथि उल्लेखित उद्धेश्य प्राप्तिका लागि जिल्ला-जिल्लामा पञ्चायत विकास अधिकृत (PDO) को व्यवस्था गरेको थियो ।

### २.३.३. एकिकृत ग्रामीण विकास कार्यक्रम (**Integrated Rural Development Programme**) :

ग्रामीण क्षेत्रहरुको एकिकृत रुपमा विकास गर्ने उद्देश्यले विभिन्न दातृसंस्था र दातृ मूलुकको सहयोगमा एकिकृत ग्रामीण विकास कार्यक्रमको शूरुवात भएको हो । नेपालमा सर्वप्रथम २०३३।३४ देखि एकिकृत ग्रामीण विकास कार्यक्रम शूरु गरिएको थियो । जो स्थानीय विकास मन्त्रालयको मातहतमा रहने गरी ग्रामीण विकास कार्यक्रमहरु संचालन गरिए । सन १९९० सम्ममा कूल २५ करोड डलरको लागतमा नेपालमा कैयन यस्ता कार्यक्रमहरु कार्यान्वयन भईसकेका छन् ।

नेपालमा संचालनमा आएका एकिकृत ग्रामीण विकास कार्यक्रमहरु तालिका नं. २ मा उल्लेख गरिएको छ ।

**तालिका नं २**

**नेपालमा ए.ग्रा.वि.का.हरुको तालिका**

| क्र.सं. | कार्यक्रम | जिल्लाहरु | निकाय/सहयोग | कैफियत |
|---|---|---|---|---|
| १ | रसूवा नूवाकोट ए.ग्रा.वि.का. | रसूवा, नूवाकोट | World Bank | |
| २ | महाली ए.ग्रा.वि.का. | बैतडी, दार्चूला, डडेल्धूरा | World Bank | |
| ३ | कोशी पहाडी क्षेत्र ए.ग्रा.वि.का. | संखूवा, तेन्हथूम, भोजपूर, धनकूटा | England | |
| ४ | कर्णाली भेरी ए.ग्रा.वि.का. | जूम्ला, जाजरकोट, सूर्खेत, बांके, दैलेख, बर्दिया, कालिकोट | Canada | |
| ५ | राप्ती ए.ग्रा.वि.का. | रोल्पा, सालकोट, रुकूम, प्यूठान र दाङ | America | |
| ६ | सगरमाथा ए.ग्रा.वि.का. | सिराह, सप्तरी, उदयपूर | A.D.B. | |
| ७ | गूल्मी, अर्घाखांची ए.ग्रा.वि.का. | गूल्मी, अर्घाखाची | E.E.C | |
| ८ | सिन्कलामा ए.ग्रा.वि.का. | सिन्धूपाल्चोक, काभ्रे, ललितपूर, मकवानपूर | ADB | |
| ९ | भु- संरक्षण तथा जलाधार उपयोग | गोरखा, म्याग्दी र मूस्तांग | America | |
| १० | तिनाउ जलाधार योजना | पाल्पा | America | |
| ११ | अष्ट्रेलियन सामूदायिक परियोजना | धादिंग, लमजूंग,र गोरखा | Australia | |
| १२ | लामोसांघू जिरी ए.ग्रा.वि.का. | दोलखा, सिन्धूपाल्चोक | Suitzerland | |

*स्रोत: कूंवर, २०५६*

एकिकृत ग्रामीण विकास परियोजना बहूपक्षीय समन्वयात्मक प्रयासको नमूना हो । ग्रामीण विकास हूनूपर्दछ भन्न जति सजिलो हून्छ, कार्यक्षेत्रमा काम गर्न त्यति सरल हूदैन । ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, आदि वहूपक्षिय समस्याहरु एक अर्कामा गांसिएर रहेको हूनाले यो कार्य कठिन हून जान्छ । कार्यक्रम अत्यन्तै राम्रो र हाम्रो देशको भौगोलिक स्थिति अनूकूलको भएतापनि यसका पछाडि अनूगमन र मूल्यांकनको कमी देखियो । जसका कारणले अपेक्षकृत ढंगबाट आयोजनाहरु सफल हून सकेनन्। यस बाहेक परियोजना असफल हूनका कारण तालिमी जनशक्तिको आवश्यक व्यवस्थाको कमी, समयमा बजेट निकासा नहूनू, निर्माण सामाग्रीको अभाव, कर्मचारीको हेरफेर आदिलाई पनि नकार्न सकिदैन ।

## २.३.४. आफ्नो गाउं आफै बनाऔं :

२०५१ कर्त्तिकमा सम्पन्न मध्यावधि निर्वाचनमा ने.क.पा. एमालेले सबभन्दा बढी पदमा निर्वाचित भई उक्त पार्टीका संसदीय दलका नेता मनमोहन अधिकारीको अध्यक्षतामा गठित मन्त्रीमण्डलले ग्रामीण क्षेत्रको विकासलाई गति दिन आफ्नो गाउं आफै बनाऔं भन्ने कार्यक्रमको शूरुवात गरेको थियो । यस कार्यक्रम अन्तर्गत प्रत्येक गा.वि.स. लाई रु.३ लाख अनूदान दिई स्थानीय स्तरबाटै योजना छानी जनश्रमदान जूटाई स्थानीय सीप र श्रोतको उपयोग तथा उत्पादकत्वमा वृद्धि गर्नूपर्ने जस्ता कार्यक्रम अघि सार्‍यो । आ.व. ०५३/०५४ मा अनूदान रकम बृद्धि गरी ५ लाख रकम कायम भएको थियो । भने आ.व. ०६३।०६४ बाट १० लाख बनाउने भन्ने कूरा आ.व. ०६३।०६४ को बजेट वक्तव्यमा उल्लेख छ । वास्तवमा ग्रामीण विकासको लागि यो कार्यक्रम उपयूक्त भएको ठहर गर्न सकिन्छ। तर यसका लागि भने स्थानीय निकायलाई बढी सक्षम र सबल बनाउनेतर्फ सबैको ध्यान केन्द्रित गरिनूपर्दछ ।

## २.३.५. ग्रामीण स्वावलम्बन कार्यक्रम :

ग्रामीण क्षेत्रको विकास र सम्वन्धित ठाउंका जनताको जीवनस्तरलाई उकास्न कम्तीमा जनताका आधारभूत आवश्यक्ताहरु (Basic Needs) लाई पूरा गर्ने गरी यो कार्यक्रम आएको हो । यस कार्यक्रमले अगाडि सारेको विभिन्न उद्देश्यहरु यसप्रकार छन् ।

- स्थानीय निकायलाई सक्षम, सूदृढ बनाई विकेन्द्रीकरण र स्थानीय स्वशासनको जग बलियो बनाउने ।
- ग्रामीण जनताका आधारभुत आवश्यक्ताको परिपुर्ति एवं ग्रामीण क्षेत्रमा विद्यमान गरिबी कम गर्ने ।

- ✯ गाउंको विकासका लागि स्वाबलम्बन कार्यक्रम संचालन गर्ने ।
- ✯ स्थानीय श्रम, श्रोत र साधनको संरक्षण, परिचालन र उपयोगबाट स्वचालित र दिगो विकासलाई टेवा पूऱ्याउने ।
- ✯ मानव विकास साथै सामाजिक विकासमा जोड दिने । (अर्याल-२०६१)

कार्यक्रमले लिएका उद्देश्यहरु यथोचित बजेटको व्यवस्था, हून नसक्नू योग्य जनशक्तिको अभाव, राजनैतिक अदुरदर्शिताका कारण सोचे अनूसारको उपलब्धि प्राप्त गर्न नसकेको मान्न सकिन्छ ।

## २.३.६. ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम :

ग्रामीण क्षेत्रका महिलाहरुको आर्थिक तथा सामाजिक अवस्थामा सूधार गर्ने उद्देश्यले स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखाबाट ग्रामीण महिलालाई संस्थागत ऋण उपलब्ध गराई रोजगारीका कार्यक्रम उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकार र कृर्षि विकासका लागि अन्तराष्ट्रिय मूद्राकोषको विचमा २०४५।०४६ सालमा सम्झौता भएको थियो । ग्रामीण महिला वर्गलाई समुहमा आवद्ध गरी सम्भाव्य उत्पादनमुलक व्यवसाय संचालन गर्न विना धितो सामूहिक जमानीमा प्रति महिला वढीमा रु.३०,०००।( सम्म ऋण प्रदान गर्न यो कार्यक्रम शूरु गरिएको थियो ।

## २.३.७. दूर्गम क्षेत्र विकास कार्यक्रम :

नेपालको उत्तरी भु( भाग विशेष गरी हिमाली क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक तथा सामाजिक अवस्थामा सूधार ल्याउने उद्देश्यले यो कार्यक्रम संचालन भएको हो ।

## २.३.८. जागृति (महिला आयआर्जन) कार्यक्रम :

हाम्रो मूलूकमा व्याप्त गरिबी सामाजिक असमानता व्याप्त छ । जवसम्म यसका विरुद्ध संघर्ष गर्ने महिलाहरुको शक्ति र सामर्थ्यलाई उपयोग गर्न सकिदैन गरिबी निवारणको राष्ट्रिय अभियान किमार्थ सफल हून सक्दैन। यो मूलूकमा गरिबीको सबभन्दा ठूलो बोझ र असमानताको सबैभन्दा ठूलो पिडा महिलाहरुले भोगेका छन् । त्यसैले आ.व. ०५६।०५७ देखि मुलूकको आर्थिक सामाजिक परिवर्तनका प्रयासहरुमा महिलाहरुको नेतृत्व र सहभागितामा तथा महिला शक्तिलाई माध्यम बनाएर राष्ट्रिय अभियानको रुपमा जागृति (महिला आयआर्जन) कार्यक्रम प्रारम्भ गरेको पाईन्छ । सामाजिक आर्थिक तथा राजनैतिक रुपमा महिलाको स्तर र सहभागिता अभिवृद्धि गर्न यो कार्यक्रम अधिराज्यका ७५ जिल्लाका ९४० गाउं विकास

समितिमा सञ्चालन भईरहेका छन् । महिलाहरुलाई समुहमा आवद्ध गराई सामाजिक परिचालनकर्ता मार्फत समुह शिक्षा, सीप, विकास, स्वरोजगार, जनस्वास्थ्य, सहकारिता जस्ता विषयमा तालिम दिनका अतिरिक्त कृषि विकास बैंकसंग संस्थागत सम्बन्ध स्थापित गरी लघूकर्जाको माध्यमबाट आयमुलक कार्यक्रमहरु संचालन गरिने यसको प्रारम्भिक उद्देश्य रहेको पाईन्छ ।

## २.३.९. ग्रामीण पुर्वाधार विकास कार्यक्रम :

तत्कालिन श्री ५ को सरकार र एशियाली विकास बैंकवीच २०५३ भाद्र ११ गते सम्झौतामा हस्ताक्षर भई आ.व. २०५३।०५४ देखि बाग्लूङ्ग, काभ्रे र तनहूंमा वातावरण अनूकुल ग्रामीण सडक निर्माण सामूदायिक भवन निर्माण, जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरेको पाईन्छ । यस कार्यक्रमलाई एशियाली विकास बैंकले सहयोग प्रदान गरेको छ ।

## २.३.१०. लूम्बिनी अञ्चल ग्रामीण खानेपानी तथा सरसफाई आयोजनाः

लूम्बिनी अंचल अन्तर्गत ६ जिल्लाहरु गूल्मी, पाल्पा, अर्घाखांची, कपिलवस्तू, रुपन्देही, नवलपरासीमा फिनलैण्ड सरकारको अनूदान सहयोगमा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम संचालन भएको पाईन्छ । यस कार्यक्रमका लागि फिनल्याण्ड सरकारले ५०% र नेपाल सरकारले ५०% रकम व्यहोरेको छ ।

## २.३.११. साना किसान विकास कार्यक्रम :

साना किसान भन्नाले त्यस्ता किसानलाई जनाउंदछ । जसको कृषि उत्पादन आफ्नै परिवारभित्र खपत हून्छ वा अपूग हून्छ । यस्ता वर्गका किसानहरुको विकासको निमित्त संचालित आर्थिक कार्यक्रमलाई साना किसान विकास कार्यक्रम भनिन्छ । साना किसानहरुले भोग्नू परेको समस्याहरुको पहिचान गर्ने र स्थानीय स्तरमा नै रही त्यस्ता समस्याहरुसंग लड्न सक्ने एक नविन ग्रामीण विकास कार्यक्रमको खोजी गर्न संयूक्त राष्ट्रसंघिय विकास कार्यक्रम (UNDP) र खाद्य तथा कृषि संगठन (FJO) को सहयोग तथा निर्देशनमा वि.सं. २०३१ पौष महिनामा सम्पन्न एक किसान विकास कार्यक्रमको प्रार्दूभाव भएको हो । अत्यन्त कठिन  आर्थिक जीवन निर्वाह गरिरहेका साना किसानहरुलाई समूहमा संगठित गरी विभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापमा संलग्न गराई उनीहरुको जीवनस्तर उकास्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो । (कृ.बि.बैं, २०५६)

यो कार्यक्रम नेपालमा नमूनाको रुपमा २०३२ सालमा प्रारम्भ भएको र कृषि विकास बैंकले संचालनको जिम्मा पाएको थियो । यो कार्यक्रम गरिबी निवारण लागि सर्वाधिक ठूलो कार्यक्रमको रुपमा रहेको देखिन्छ । कर्जा प्रवाह, समुह बचत, सामाजिक तथा सामूदायिक विकास कार्यक्रम, साक्षरता कार्यक्रम, स्वास्थ्य पोषण तथा शिशू स्याहार सेवा, वातावरण संरक्षण कार्यक्रम, जनजाति कार्यक्रम र स्वरोजगार तालिम कार्यक्रम जस्ता थूप्रै कार्यक्रम ७५ वटै जिल्लामा संचालित छन् ।

## २.३.१२. गरिबसंग विश्वेश्वर कार्यक्रम :

नेपालमा विद्यमान गरिबीको रेखामूनी रहेका गरिब र अति गरिब परिवारमध्ये अति गरिबलाई लक्ष्य गरी आ.व. ०५६/०५७ देखि नेपाल अधिराज्यका २०५ वटै निर्वाचन क्षेत्रमा गरिबसंग विश्वेश्वर लागू गरिएको हो । प्रारम्भमा प्रति निर्वाचन क्षेत्र १०० अति विपन्न परिवारका दरले २०५०० लक्षित घरपरिवार समावेश गरिएको थियो । विविध कारणले २ आर्थिक वर्ष कार्यक्षेत्र र लक्षित परिवार समावेश हून नसकेतापनि आ.व. ०५९/०६० मा थप १/१ वटा गा.वि.स.मा कार्यक्षेत्र विस्तार गरी कार्यक्रम लागू भएका क्षेत्रका सबै अति विपन्न परिवारहरुलाई समेटी कार्यक्रम विस्तार गरिएको थियो । त्यसपश्चात् यो कार्यक्रम मूलूकका ४१५ गा.वि.स./न.पा. मा संचालन भईरहेको छ । केन्द्रको प्राप्त विवरण अनूसार ६१,५८५ लक्षित परिवार र ती परिवारबाट गठन भएको संख्या ४७०१ पूगेको छ ।

लक्षित समूदायका सदस्यहरुलाई संगठित गरी उनीहरुको जीवनस्तरमा परिवर्तन ल्याउन विभिन्न ग्रामीण रोजगारीका अवसरहरु सृजना गरी गरिबी न्युनीकरणका निम्ति यो कार्यक्रम केन्द्रित रहेको छ । सामाजिक परिचालनको माध्यमबाट चरणवद्ध कार्यक्रमहरु संचालन गर्दै लक्षित परिवारको माग बमोजिम वीउपुंजी प्रवाह गरी शीप विकास तालिम तथा स-साना पुर्वाधार विकास अनूदान कार्यक्रमबाट खानेपानी, सिंचाई तथा अन्य आय अभिवृद्धिका कार्यक्रमहरु संचालन गरी विपन्न परिवारहरुको जीवनस्तर माथि उठाउने कार्यमा टेवा पूऱ्याई रहेका छन् ।

## २.३.१३ गै.स.स. तथा अन्य :

नेपालमा गरिबी निवारण र ग्रामीण विकासका लागि समय अनूसार विभिन्न संघ संस्था नेपाल सरकार लगायतका विभिन्न निकायबाट कार्यक्रम संचालन भईरहेका देखिन्छन ।

त्यसैगरी गै.स.स.हरुले पनि ग्रामीण क्षेत्रको विकासको निम्ति महत्वपुर्ण भुमिका खेलेको छ । विपन्न वर्गसंग घूलमिल भई स्थानीय क्षेत्रमा कार्यरत

गै.स.स. वढी प्रभावकारी देखिएका छन् । राज्यले मात्र ग्रामीण जनताको जीवनस्तर उठाउन सफल नभएपछि विकासको बैकल्पिक बाहकको रुपमा गैर नाफामुलक, तटस्थता, स्वयंसेवी, सेवामूखी, समूदायकेन्द्रीत आदि विशेषता धारण गरेर गैरसरकारी संस्थामा आधारित विकासको रणनीति देखा पर्‍यो ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका सम्वन्धमा नेपालको विकास सम्बन्धी दीर्घकालिन आधारणा २०५४ मा समेत गैरसरकारी संस्थाहरुको भूमिकालाई जोड दिएको छ । जसमा उल्लेख गरिएको छ : जनसबलीकरण प्रक्रियाद्धारा दिगो सामाजिक, आर्थिक, वातावरणीय र संस्थागत विकासका लक्ष्य प्राप्त गर्न गैरसरकारी सामाजिक संघसंस्थाहरुलाई प्रभावकारी ढंगले काम गर्न सक्ने वातावरण तयार पारी सक्षम, पारदर्शी र सकरात्मक छवि भएका विकासको साझेदारको रुपमा क्रियाशिल हून प्रोत्साहित गर्दै उनीहरुको तूलनात्मक सक्षमताको सदूपयोग गर्ने सोच रहेको छ । त्यसैगरी दशौं योजनाको उद्देश्यमा समेत गैरसरकारी संस्थाको भूमिका सम्वन्धमा यस प्रकार उल्लेख गरिएको छ । गैरसरकारी, सामूदायिक संस्था एवं नागरिक समाजलाई खास गरी स्वास्थ्य, शिक्षा वातावरण व्यवस्थापन, नैतिक विकास जस्ता विषयगत क्षेत्र एवम् बालबालिका, महिला अपांग ज्येष्ठ नागरिक, यूवा, पिछडिएको जाति, जनजाति, दलित जस्ता लक्षित वर्गको चेतना अभिवृद्धि एवम् सामूदायिक विकासका क्षेत्रमा क्रियाशिल गराई गरिबी निवारण तथा दिगो विकासको साझेदार निकायको रुपमा विकास गरिनेछ । (रा.यो.आ.२०५९)

नेपालमा कार्यरत गै.स.स.हरुको नवौं योजनाको मध्यावधि विश्लेषण, मुल्यांकन अनूसार गै.स.स.मा वृद्धि भएको पाईन्छ । स.क.प.संग आवद्ध गैर सरकारी संस्थाहरुको संख्यामा शतप्रतिशत वृद्धि भएको थियो भने अन्तराष्ट्रिय गै.स.स.हरुको संख्या ८१ बाट ९० पूगेको थियो । उक्त मुल्यांकन अनूसार विभिन्न ऐन अन्तर्गत दर्ता भएका गैर सरकारी संस्थाहरुको संख्या १५००० बाट वढेर ३०००० पूगेको छ । नेपालमा गैरसरकारी संस्थाहरु दर्ता गर्ने कानूनी आधार संस्था दर्ता ऐन २०३४ स.क.प. ऐन २०४८ र राष्ट्रिय निर्देशन ऐन २०१८ अनूसार दर्ता भएका गैर सरकारी संस्थाहरु मध्ये स.क.प.को एक प्रतिवेदन अनूसार २०५८ चैत्रसम्म नेपालमा गैर सरकारी संस्थाहरु १३४२६ र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको संख्या १०३ रहेको थियो । (अर्याल,२०६१)

नेपालमा खोलिएका गैरसरकारी संस्थाहस्ले ग्रामीण विकास को सम्वन्धमा प्रायजसो निस्कृय नै देखिने गरेको पाईन्छ । जिल्लाको सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने र त्यसपछिका दिनमा क्रमश: निस्कृय हूने गरेको भए पनि केहि संस्थाहरुले भने ग्रामीण विकास को लागि सकरात्मक भूमिका खेलेको देखिन्छ । र ग्रामीण जनताको मन जित्न सफल रहेको मान्न सकिन्छ । यद्यपी कतिपय अवस्थामा संस्थालाई नकरात्मक आरोप भने लाग्ने गरेको छ, गैरसरकारी संस्थाहरुले विदेशी हस्तक्षेप

निम्ताउनका लागि महत्वपूर्ण भूमिका खेल्ने गरेको, सम्वन्धित राष्ट्रको निर्देशन लाई भन्दा विदेशीको ईशारामा जांदा वर्तमानमा केही सकरात्मक परिवर्तन देखिएपनि कालान्तरमा यसवाट नकरात्मक प्रभाव पार्ने क्रान्तीकारीहरुको धारणा समेत रहेको छ ।

यसका अतिरिक्त नेपालमा ग्रामीण क्षेत्रको विकासका लागि पश्चिमी तराइ गरिबी निवारण कार्यक्रम, राष्ट्रिय विकास स्वंसेवक सेवा कार्यक्रम, निर्धन उत्थान बैंक, सामूदायिक भुमिगत जलसिचाई सेक्टर आयोजना, पशूविकास आयोजना, राष्ट्रिय जनजाति विकास कार्यक्रम उपेक्षित, उत्पीडित र दलित समूदाय उत्थान कार्यक्रम, विशेष क्षेत्र विकास कार्यक्रम, स्थानीय स्वशासन विकास कार्यक्रम, जनसहभागितामा आधारित विकास कार्यक्रम, पुर्वाधार विकास कार्यक्रम, ग्रामीण कृषि सडक कार्यक्रम, सहभागितात्मक जिल्ला विकास कार्यक्रम जस्ता विविध कार्यक्रमहरु समेत संचालन गरी ग्रामीण विकासको लागि प्रयासहरु गरेको देखिन्छ। यसबाट गरिबी न्यूनीकरणको सम्वन्धमा के कस्तो टेवा पूग्न सक्यो त्यो भने अध्ययनको विषय अवश्य पनि बन्नूपर्दछ ।

## २.४ नेपालमा गरिबीको अवस्था र स्थिति :

बीसौं शताब्दीको अन्तिमतिर आर्थिक रुपले सम्पन्न तथा धनी राष्ट्रहरु र विपन्न तथा गरिब राष्ट्रहरु वीच जनसंख्या बृद्धिदरमा देखा पर्न गएको अन्तरले गरीब राष्ट्रहरुको स्थिति झन् खस्किदै आईरहेको देखिन्छ । बीसौं शताब्दीको अन्ततिर सम्पन्न राष्ट्रहरुको सरदर जनसंख्या बृद्धिदर १.३ रहेको र गरिब तथा विपन्न राष्ट्रमा यो दर २.४ प्रतिशत पूग्न गएको कारण प्रतिव्यक्ति आय धनी राष्ट्रमा १८२८ अमेरिकी डलर रहेको थियो भने अर्कातिर गरिब राष्ट्रहरुमा ४०० देखि ४८० अमेरिकी डलर रहेको छ । सन् १९९७ मा विश्व बैंकले प्रकाशित गरेको आर्थिक प्रतिवेदन अनूसार सन् १९९५ मा नेपालको प्रतिव्यक्ति औसत आम्दानी २०० अमेरिकी डलर रहेको थियो । यो आम्दानीको स्तरलाई हेर्दा नेपाल गरिब राष्ट्रबाट गणना गर्दा आठौं स्थानमा पर्न आउंछ । नेपालमा दैनिक एक डलरभन्दा कममा बांचिरहेका जनसंख्या ५०.३ प्रतिशत छ । त्यस्तै २ डलरभन्दा कममा बाचिरहेको जनसंख्या ८६.७ प्रतिशत छ । यसले पक्कै पनि नेपालमा गरिबीको भार गम्भिर रहेको देखाउंछ ।

नेपालमा विद्यमान गरिबीको अवस्थालाई हेर्दा यसप्रकारको अवस्थिति रहेको देखिन्छ ।

**तालिका नं. ३**
**(गरीवीको रेखामूनी रहेको जनसंख्या)**

| क्षेत्रगत विवरण | गरिबीको रेखामूनी रहेको जनसंख्या(प्रतिशत) | | |
|---|---|---|---|
| | कूल | गरीव | अति गरीव |
| क) भौगोलिक क्षेत्र अनूसार | | | |
| हिमाल | ५६.० | २३.३ | २६.७ |
| पहाड | ४१.० | २१.३ | १९.७ |
| तराई | ४२.० | २८.७ | १३.३ |
| ख) शहरी तथा ग्रामीण क्षेत्र: | | | |
| शहरी क्षेत्र: | २३.० | १३.२ | ९.८ |
| ग्रामीण क्षेत्र: | ४४.० | २६.४ | १७.६ |
| ग) राष्ट्रिय औसत | ४२.० | २४.९ | १७.१ |

*श्रोत : नवौं योजना २०५४-२०५९*

तालिका नं. ३ बाट थाहा हून्छ कि हिमाली क्षेत्रमा बढी गरिबी देखिएको छ भने ग्रामीण क्षेत्रमा बढी गरिबी रहेको देखिन आउंछ ।

नेपालमा पहिलोपटक नवौं योजना (२०५४-२०५९) ले गरिबी न्यूनीकरण सम्वन्धमा निम्न बमोजिमको लक्ष्य राखेको थियो ।

**तालिका नं. ४**
**(गरिबी निवारणको लक्ष्य)**

| क.स. | योजना अवधि | गरिबीको रेखामूनी रहेका जनताको अंश न्युन पार्ने लक्ष्य (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | नवौं योजनाको शूरुमा | ४२ | |
| २. | नवौं योजनाको अन्तमा (०५८/०५९) | ३२ | नवौं योजनाको अबधि भरमा केबल ३८ प्रतिशतमा मात्र झार्न सकिएको अनूमान छ |
| ३. | दशौं योजनाको अन्तमा (०६३/०६४) | ३० | |
| ४. | एघारौयोजनाको अन्तमा (०६८/०६९) | १५ | |
| ५. | बाह्रौं योजनाको अन्तमा (०७३/०७४) | १० | यस पछि कहिले शुन्यमा झार्ने भन्ने बारे विश्लेषण गरिएको छैन । |

*स्रोत : रा.यो. आ. २०६१*

तालिका नं. ४ उल्लेख भएका लक्ष्य अनूसार प्रगति हासिल गर्न सबै ठाउंमा सबैबाट अधिकतम् प्रयासहरुको खांचो रहेको छ ।

## २.५. गरिबसंग विश्वेश्वर कार्यक्रमको समिक्षा :

आ.व. ०५६/०५७ र ०५७/०५८ मा यो कार्यक्रम कृषि विकास बैंक मार्फत संचालन गरिएको थियो । केन्द्रीय समितिको सचिवालय र जिल्लामा जिल्ला अनूगमन समितिका सचिवालयहरु थिए । श्री ५ को सरकार (मन्त्रीपरिषद्) को मिति २०५८/६/२९ र २०५८/७/१६ को निर्णयानूसार केन्द्रीय समिति र जिल्ला समितिका सचिवालयहरु खारेज गरियो। सोही मितिको निर्णयले जिल्लामा यो कार्यक्रम जिल्ला विकास समिति/ स्थानीय विकास कोषले संचालन गर्ने र केन्द्रमा स्थानीय विकास मन्त्रालयले हेर्ने गरी व्यवस्था भए अनरुप आ.व. ०५८/०५९ देखि हालसम्म संचालन भै आएको छ । (ग.स.वि.का. प्रतिवेदन,०६०/०६१ )
अति विपन्न परिवारका सदस्यहरुलाई विभिन्न कार्यक्रममा उनीहरुको सक्रिय सहभागिताबाट तिनीहरुलाई सक्षम र सवल बनाई गरिबहरुको पहूंच आर्थिक, सामाजिक साधन एवं श्रोत र सूविधाहरु बढाउनू पर्ने हून्छ । जसबाट गरिबहरुको आत्म विश्वास बढ्नूको साथै विकास प्रक्रियाको तर्जूमा कार्यान्वयनको नीति निर्माण र संचालनमा सक्रिय हून गई विकासको मुल प्रवाहमा संलग्न हूनसक्ने अवसर अधिराज्य भरि प्रदान गर्नू रहेको छ । यसरी गरिबसंग विश्वेश्वर कार्यक्रमले अति विपन्न परिवारलाई विकास प्रक्रियामा संलग्न हूने अवसर अधिराज्य भरि सृजना गर्न खोजेको छ ।

### २.५.१. उद्देश्य :

कार्यक्रम संचालित क्षेत्रका अति विपन्न परिवारलाई रोजगारी तथा आयमुलक क्रियाकलापहरुको माध्यमद्धारा सामाजिक, आर्थिक, क्रियाकलापका अवसरमा संलग्न गराउंदै गरिबी रेखाबाट माथि उठ्न स्वावलम्वनतर्फ अग्रसर गराइने ।

### २.५.२. विशिष्ट उद्देश्य :

- ❖ सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित हूने अवसर सृजना गर्ने ।
- ❖ स्थानीयस्तरमा मानव संसाधनको विकास गरी सामाजिक पूंजीको सृजना गर्ने ।
- ❖ आन्तरिक बचत संकलन र परिचालन गर्ने
- ❖ शिक्षा, स्वास्थ्य, पिउने पानी, तालिम, कृषि प्रसार, बजार व्यवस्थापन र बजार प्रणाली आदिसंग गरिबको पहूंच बढाउने ।

- आय अभिबृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासंग गरिबको पहुंच बढाउने ।
- परम्परागत सीपको अभिवृद्धि गर्दै लघू उद्यमवाट स्वरोजगार श्रृजना गर्ने।
- सरकारी /गैर सरकारी /सहकारी/वित्तिय /निजी संस्थाको पहुंच बढाउने ।
- स्थानीयस्तरमा नेतृत्व विकासका साथै सक्रिय नागरिक समाजको श्रृजना गर्ने ।
- निर्णय प्रक्रियामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हून अवसर सृजना गरी उनीहरुको आत्मविकास बढाउँदै सशक्तिकरण गरिनूका साथै स्वालम्बी हून अग्रसर गराउने ।
- समूदायमा आधारित संस्थालाई विधिवत् कानूनी मान्यता दिई संस्थागत विकासलाई अगाडि बढाउने ।

## २.५.३ कार्य नीति :

१. योग्यता प्राप्त सामाजिक परिचालकको नियूक्ति सम्वन्धित जिल्लाबाट गरिनेछ।
२. निर्धारित सूचकहरुको माध्यामबाट अति विपन्न परिवारको पहिचान गरिनेछ ।
३. विपन्न परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समूह, सामूदायिक संस्थामा संगठित हून उत्प्रेरित गरिनेछ ।
४. समूह / संस्थामा संलग्न व्यक्तिहरुलाई आधारभूत तालिममा संलग्न हूने अवसर सृजना गरिनेछ ।
५. स्वेच्छिक रुपमा सामूहिक बचत संकलन र परिचालन गर्न सक्रिय गराईनेछ ।
६. समूह/ संस्थामा संलग्न व्यक्तिहरुलाई सामाजिक (शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातावरण, कृषि प्रसार, प्रविधि सिंचाई आदि) क्रियाकलापमा संलग्न हूने अवसर सृजना गरी पहुंच बढाईने छ ।
७. समूह सदस्यलाई परिचय पत्र (कार्ड) का माध्यमद्धारा प्रतिष्ठाको परिचय गराई सेवालाई सूव्यवस्थित गराईनेछ ।
८. आय अभिवृद्धिका क्रियाकलाप तथा लघूउद्यमका लागि संस्थाको माध्यमबाट समूह जमानीमा लघूकर्जा सजिलैसंग उपलब्ध गराईने छ ।
९. सीपअभिबृद्धि तथा विकासका लागि सीप विकास तालिमहरुसंग पहूंच बढाईने छ ।
१०. कर्जा प्राप्ति पश्चात् व्यवसायलाई कूशलतापुर्वक सञ्चालन गराउन व्यवसाय व्यवस्थापन तालिममा सरिक हूने अवसर सृजना गरिनेछ ।

११. समूह/संस्थाका योजनाहरुलाई स्थानीय निकाय को सहभागितामूलक योजना प्रक्रियासंग आवद्ध गराईनेछ ।
१३. विभिन्न सरकारी /गैरसरकारी/वित्तिय संस्था तथा सहकारी सेवाहरु संग पहूंच वढाईनेछ ।
१४. समूह/संस्थालाई संघिकरण गरी वैधानिक संस्थाको रुपमा मान्यता प्रदान गरिनेछ ।
१५. शैक्षिक भ्रमणका माध्यामवाट अन्य गरिबी निवारणका कार्यक्रमहरुसंग समूह /संस्थाका सदस्य हरुलाई अनुभव आदनप्रदान गरिने अवसर जूटाईनेछ ।
१६. तालिम/गोष्ठीको आयोजनाबाट प्रतिभाको स्फूरण र विकासको अवसर दिईनेछ।
१७. समूह/संस्था आफैले सहभागिता मूलक अनूगमन गरी आफ्नो स्तर निर्धारण गर्नेछन् ।
१८. समूह/ गाउं विकास समिति/ नगरपालिका/ जिल्ला/केन्द्रियस्तरसम्मको स्पष्ट अनूगमन प्रणाली लागू गरी अनूगमन गरिनेछ ।
१९. उत्कृष्ट समूहहरुलाई राष्ट्रियस्तर/ जिल्लास्तरमा पूरस्कृत गरिनेछ ।

## २.५.४ कार्यक्षेत्र :

### २.५.४.१. भौगोलिक एवम् जनसांख्यिक :

- ❖ हाल अधिराज्यका ७५ जिल्लाका २०५ वटा निर्वाचन क्षेत्र
- ❖ २०५ वटा निर्वाचन क्षेत्रका शूरुमा २०५ वटा गाउं विकास समिति /नगरपालिकाका वडाहरु
- ❖ प्रति कार्यक्षेत्रमा शूरुमा १०० परिवार र छूट भएका सोही कार्यक्षेत्रका अति विपन्न परिवारहरु समावेश गर्दै क्रमश: कार्यक्षेत्र र लक्षित परिवारहरु विस्तार गर्दै लगिनेछ ।

### २.५.४.२. उपलव्ध गराइने सेवा :

- ❖ सामाजिक परिचालन संगठन निर्माण
- ❖ बचत पुंजी निर्माण
- ❖ आधारभुत र सीप विकास तालिम
- ❖ आधारभूत शिक्षा
- ❖ आधारभूत स्वास्थ्य सूविधा
- ❖ स्वरोजगार र आयआर्जनका लागि काम
- ❖ संस्थागत कर्जा
- ❖ खानेपानी, सिंचाई, वन, वातावरण
- ❖ उपयुक्त प्रविधि र प्राविधिक सेवा

- सरकारी/ वित्तिय/ गैरसरकारी/ निजि क्षेत्रसंग सम्वन्ध विकास
- कानुनी रुपमा दर्ता भएका (वैधानिक) संस्थाहरुको विकास

### २.४.४.३. कार्यक्रमबाट लाभान्वित हूने व्यक्ति :

- अति विपन्न परिवारका महिला तथा पूरुष
- असहाय, अपांग, अशक्त
- उत्पिडित, उपेक्षित व्यक्ति, परिवार
- लोप हून लागेको जनजाति तथा समूदाय

### २.४.४.४. कार्यक्रमको क्षेत्र तथा विषयवस्तूहरु :

केन्द्रियस्तरमा गरिने मूख्य क्रियाकलापहरुमा कार्यक्रमको नीति कार्यनीति, रणनीतिहरु विभिन्न मापदण्ड, विनियम निर्देशिकाहरु तालिमको विषयवस्तू, अन्तर निकाय सम्वन्ध, समन्वय प्रचारप्रसार जनशक्ति आपूर्ति, जिल्ला समिति गठन अभिमूखीकरण कार्यक्रम गोष्ठी, चर्चा परिचर्चा र अन्य गरिबी निवारणका कार्यक्रमहरुसंग समन्वय कायम गर्ने एवं अनूगमन र निरिक्षण गर्ने आदि रहेका छन् । जिल्लास्तरमा कार्यक्रम कार्यन्वयनमा संलग्न व्यक्ति, निकायहरुको, व्यक्ति, संस्थाहरुको क्षमता विकास, तालिम सञ्चालन, गाउंविकास समिति/ नगरपालिका वडावस्तीहरुको छनौट तोकिएका मापदण्डका आधारमा कार्यक्रम कार्यन्वयन, जिल्लास्थित सरकारी गैरसरकारी, स्थानीय निकायसंग अन्तरसम्बन्ध, कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन, अनूगमन, निरीक्षण र प्रतिवेदन प्रस्तूतीकरण आदि रहेको छ ।

### २.५.४.५. सहयोग पूर्‍याउने व्यक्ति /संस्था :

- सामाजिक परिचालक
- सामाजिक कार्यकर्ता
- समूदायमा आधारित संस्था
- स्थानीय गैर सरकारी संस्था
- स्थानीय निकाय (गा. वि. स./न.पा./ जि. वि. स.)
- विभिन्न सरकारी निकायहरु
- वूद्धिजीवी
- राजनैतिक व्याक्तित्व
- निजी क्षेत्र
- विशेषज्ञहरु

*स्रोत :ग.स.वि.का, २०५६*

## २.५.५ कार्यक्रमका चरणहरु :

चरणवद्ध रुपमा संचालन हूने कार्यक्रम र उपलब्ध गराइने सेवा सूविधाहरु निम्नानूसार रहेका छन् ।

☞ कार्यक्रम कार्यान्वयन क्षेत्र छनौट
☞ सामाजिक परिचालक छनौट
☞ सामाजिक परिचालकलाई आधारभुत तालिम
☞ लक्षित समुहको एक दिने गोष्ठी
☞ घरधूरी सर्भेक्षण
☞ अति विपन्न परिवारको छनौट
☞ समुह आवद्धताका लागि अन्तरक्रिया छलफल
☞ चेतना अभिवृद्धि
☞ समुह गठन मुल समुह/ संगठित समुह गठन
☞ तालिम (अध्यक्ष, कोषाध्यक्ष, सचिव)
☞ तालिम (समुह सदस्यहरुलाई अभिमूखीकरण तालिम)
☞ वचत संकलन
☞ साक्षरता शिक्षा
☞ सामाजिक कृयाकलाप लक्षित समुहको सहभागिता
☞ विउपुंजी चालूकोष
☞ सिप विकास तालिम आवश्यक्ता पहिचान
☞ साना पुर्वाधार विकास कार्यक्रम
☞ लघू उद्यम संचालन कार्यक्रम
☞ कर्जा प्रवाह (व्यक्तिगत, सामुहिक)

यस कार्यक्रममा सम्पुर्ण सरोकारवालाहरुलाई कार्यक्रमको वारेमा जानकारी एवम् आ-आफ्नो दायित्व वोध होस् भन्ने उद्देश्यका लागि केन्द्रिय/क्षेत्रियस्तरमा विभिन्न तालिम र गोष्ठीहरु संचालन गरिने गरिन्छ । (यस सम्वन्धी विवरण अनूसुची ६ मा उल्लेख गरिएको छ )

नेपाल विश्वका कैयन गरिबीको कूचक्रबाट पिडित मूलूकहरुमध्ये एउटा मूलूक हो । यसको मुल उद्देश्य अति विपन्न परिवारका सदस्यहरुलाई घरधूरी सर्भेक्षण गरी सहभागितात्मक तरिकावाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्राप्त सूचनाका आधारमा विपन्न परिवारका सदस्यहरुलाई छनौट गर्ने (छनौटका लागि प्रयोग गरिने फारमहरु अनूसुची २, ३, ४ मा उल्लेख छ ।) र छनौट भएका अति विपन्न परिवारहरुलाई रोजगारी तथा आयमुलक कृयाकलापहरुको माध्यमबाट सामाजिक, आर्थिक कृयाकलापका अवसरमा संलग्न गराउंदै गरिबीको रेखामूनिबाट माथि उठाई स्वावलम्वनतर्फ अग्रसर गराउने रहेको छ । ७५ वटै जिल्लाका २०५ निर्वाचन क्षेत्रमा एकैपटक गरिबसंग विश्वेश्वर कार्यक्रमको प्रारम्भ भएको हो। शूरुमा प्रति निर्वाचन क्षेत्र १०० अति विपन्न परिवारका दरले २०५००

लक्षित घरपरिवारहरु समावेश गरिएको थियो । त्यस पश्चात ०६०/०६१ देखि प्रति निर्वाचन क्षेत्र १/१ वटा गा.वि.स./न.पा. कार्यक्षेत्र विस्तार गरी आ.व.०६०/०६१ सम्म ६१५ कार्यक्रम विस्तार हूनूपर्नेमा ४१५ कार्यक्षेत्र मात्र छनौट भै कार्यक्रम संचालन भैरहेको छ । यी कार्य क्षेत्रहरुबाट ७२,३६७ घरपरिवारहरु छनौट भै ४२१ वटा संगठित समुह र ५,३१६ स-साना समुहहरु निर्माण भएका छन् । यी लक्षित परिवारबाट स्वेच्छिक रुपमा गठन भएका समुहहरु कार्यक्षेत्रमा सक्रिय रुपमा क्रियाशिल रहेका छन् । प्रति कार्यक्षेत्र एक एक जना सामाजिक परिचालकहरु समुह सदस्यहरुको विचमा रही समुहलाई सकृयता प्रदान गर्न हर समय मध्यस्थता र सहजकर्ताको भुमिका निर्वाह गरिरहनूपर्ने व्यवस्था रहेको छ । सबै समुहका बैठकमा सामाजिक परिचालकहरु सहयोगीको रुपमा अनिवार्य उपस्थित हूनू पर्दछ । समुहमा आवद्ध भएका प्रत्येक समुह सदस्यहरुले अनिवार्य रुपमा साप्ताहिक, पाक्षिक वा मासिक रुपमा वचत गर्ने गर्दछन् ।

यसरी समूदाय परिचालन कार्यक्रमको माध्यमबाट वचत, सीप र संगठनको माध्यमबाट लक्षित समूदायको जीवनस्तरमा परिवर्तन ल्याउन यो कार्यक्रम ले महत्वपूर्ण भुमिका खेलेको देखिन्छ । यसबाट शूरुशूरुमा आफ्ना कूरा भन्न बोल्न हिच्किचाउने, डराउने, लाज मान्ने आदि अवस्था रहेकोमा उनीहरु समुहमा आवद्ध भए पश्चात क्रमशः उनीहरुमा निर्णय गर्ने क्षमताको पनि विकास हून थालेको छ । गरिब, गरिब मात्रको संगठन निर्माण भै उनीहरुमा मेलमिलापको वातावरण सृजना भएको छ । समुह सदस्यहरुले आन्तरिक रुपमा संकलन गरेको वचत कार्यक्रमकातर्फबाट शूक्ष्म कर्जा स्वरुप लगानी गरिएको विउपुंजी चालूकोषको रकम र समुह गतिशिलताको जीवनस्तरमा आएको परिवर्तनका कारण थूप्रै उदाहरणहरु प्राप्त भएका छन् ।

सुर्खेत जिल्लामा आ.व. ०५७०५८ मा ३ वटा गा.वि.स. (कार्यक्षेत्र) निर्वाचन क्षेत्र १, २, ३ वाट क्रमशः छिन्चु, साटाखानी र सालकोट गा.वि.स. आ.व. ०६०।६१ वाट डांडाखाली, गर्पन र लेखगाउं गा.वि.स मा कार्यक्रम संचालन भएको हो। प्रत्येक कार्यक्षेत्रहरुमा घरधुरी सर्भेक्षण गरी सर्भेक्षणका आधारमा प्राप्त तथ्यांकहरुलाई तालिकाकरण गरी सवभन्दा विपन्न, सम्पूर्ण सुविधावाट टाढा रहेका वर्गहरुलाई समुहमा आवद्ध गराई सम्वन्धित सदस्यहरुको समस्यालाई सम्वोधन गर्ने गरी विभिन्न कार्यक्रमहरु संचालन गर्ने गरेको पाईन्छ । सुर्खेत जिल्लामा गठन भएका सामुदायिक संस्था, लैङ्गिक / जातिगत आधारमा गठन भएका समूह र त्यसमा आवद्ध सदस्यहरुको बारेमा तल तालिका नं ५ मा यस प्रकार प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५

(सूर्खेत जिल्लामा सा.सं. मा आवद्ध व्यक्तिहरुको लैंगिक जातिगत विवरण )

| **समुह गठन (सामुदायिक संस्था)** | | | | | | | | **सदस्य संख्या** | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गाविस | म | पु | मि | द | ज | मिश्रित | जम्मा | म | पु | द | ज | अन्य | जम्मा |
| छिन्चु | ९ | - | - | - | - | ९ | ९ | ८५ | - | ३६ | ३४ | १५ | ८५ |
| साटाखानी | १२ | - | २ | - | १ | १३ | १४ | ८७ | ५ | २९ | ३२ | ३१ | ९२ |
| सालकोट | | | | | | | | | | | | | |
| डाडाखाली | - | - | ८ | २ | - | ६ | ८ | ५१ | ३८ | ४८ | - | ४१ | ८९ |
| गर्पन | - | ४ | ४ | २ | - | ६ | ८ | १६ | ४६ | ८ | ८ | ४६ | ६२ |
| लेखगाउं | १ | - | ७ | - | - | ८ | ८ | १४ | ४८ | ८ | ८ | ४६ | ६२ |
| जम्मा | २२ | ४ | २१ | ४ | १ | ४२ | ४७ | २५३ | १३७ | १२९ | ८२ | १७९ | ३९० |
| प्रतिशत | ४६.८ | ८.५ | ४४.७ | | ८.५ | ८९.३ | १०० | ६४.९ | ३५.१ | ३३.८ | २१.३ | ४५.९ | १०० |

*स्रोत :स्था.वि.को २०६२*

माथि उल्लेखित तालिकालाई हेर्दा सूर्खेत जिल्लामा ६ वटा गाविसमा गरिबसंग विश्वेश्वर कार्यक्रम संचालन भएको छ । हालसम्म ६ वटा मुल समिति/संगठित समुहमा ४७ साधारण समुह गरी जम्मा ३९० सदस्य आवद्ध छन् । यसमध्ये २५३ (६४.९ प्रतिशत) महिला, १३७ (३५.१ प्रतिशत) पूरुष छन् भने १२९ (३३.८ प्रतिशत) दलित, ८२ (२१.३ प्रतिशत) जनजाति, १७९ जना (४५.९प्रतिशत) अन्य जाति समावेश भएका छन् । जून गाविसहरुमा स्थानीय सामाजिक परिचालकहरुको सहयोगमा समुहलाई परिचालन गर्ने गरेको छ । यस कार्यक्रमको माध्यमबाट विउपुंजी चालूकोष, खानेपानी, विभिन्न सिपमुलक तथा आय आर्जनका कार्यक्रमहरु संचालन भएका छन्

यस जिल्लामा कार्यक्रम लागु भएका कार्यक्षेत्र, लक्षित परिवार संख्या र समुह तथा वचत र वीउ पूजीको विवरणलाई यसप्रकार यहां उल्लेख गरिएको छ ।

## तालिका नं. ६

(**कार्यक्षेत्र र कार्यक्रमको अवस्था सम्वन्धी विवरण**)

| **सि नं** | **नि.क्षे. नं** | **कार्यक्षेत्रको नाम** | **जि.स.मु.वाट दुरी** | **लक्षित पविार संख्या** | **समुह संख्या** | **विउँपूजी परिचालन** | **आन्तरिक वचत** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १. | १ | छिन्चु | ३५ कि.मी. | ८५ | ९ | १,०२, ०००।- | ७८,५६५। | |
| २. | २ | साटाखानी | ५कोष | ९२ | १४ | १,०२, ०००।- | ४८,०२४। | |
| ३. | ३ | सालकोट | १५ कोष | | | | | स्थगित |
| ४. | १ | डांडाखाली | २२ माईल | ८९ | ८ | ९३,०००।- | ६,७९७।- | |
| ५. | २ | गर्पन | ८ कोष | ६२ | ८ | | २७५६।- | |
| ६. | ३ | लेखगाउ | २५ कि.मीं | ६२ | ८ | | ६७७।- | |
| जम्मा | | | | ३९० | ४७ | २,९७,०००।- | १,३६,८१९।- | |

*स्रोत : स्था.वि.को २०६२*

## २.६. नेपालमा ग्रामिण विकास कार्यक्रममा देखिएका समस्याहरु :

सामाजिक परिचालनका माध्यमद्वारा अवसरवाट वन्चित समुदायका व्यक्तिहरुलाई विकासको मुलधारमा ल्याउन खोज्नु पक्कै पनि चुनौति पूर्ण कार्य हो। ज्वरो आउंदा सिटामोल खाएपछि ज्वरो निको भएजस्तो समाजमा विद्यमान गरिबीलाई हटाउने त्यस्तो कुनै औषधी छैन । गरिब भएर जन्मन कसैको रहरको कुरा हैन । गरिबी प्राकृतिक नभएर यो मानवीय समस्या हो । जसरी यदि कुनै व्यक्ति कांडाले घेरिएको हुन्छ त्यो नै त्यहां मर्न सक्छ, न त्यो कांडावाट उम्कन सक्छ । मान्छे त्यसै त्यस विचमा छटपटाउन वाध्य हुन्छ । उ त्यहांवाट उम्कन प्रयास गर्दा शरीरभित्र घाउ नै घाउ हुन्छ । त्यही घाउको पिरले औषधी उपचार गर्न नसकी लामो छटपटाइवाट उसको मृत्यु हुन्छ त्यस्तै गरी गरिबीको कारणले हरेक मानिसको जीवन पनि मृत्युप्राय हुन्छ । यस्तो किसिमको परिस्थितिले नेपालका जनताहरु पिरोलिईरहेका छन् । तर पनि नेपालमा गरिबी छटपटाइ, दुःख, पीडाले नेपालमा जरो गाडी नै रहेको छ । यसलाई न्युन गर्नका लागि लामो समय देखि प्रयासहरु भएका देखिन्छन । तर प्रकृयामा सिमित रहन पुगी उपलव्धी न्युन भएका प्रशस्त उदाहरणहरु पाइन्छन । किनभने यसमा चरणवद्ध समस्याहरु देखिन्छन । नेपालमा यसका पछाडि विभिन्न कारणहरु छन जुन कारणहरु ग.स.वि.का संचालनमा पनि देखिए । तीमध्ये केही समस्याहरु लाई उल्लेख गर्न सान्दर्भिक ठानेको छु ।

क) नेपालमा विकासको लामो इतिहासलाई हेर्दा जतिसुकै लक्षित कार्यकम भनिएता पनि जनसहभागितालाई केवल कागजमा मात्र सिमित गरेको जस्तो देखिन्छ । दिगो विकासको एजेण्डालाई अधिकांश कार्यकमले सम्वोधन गर्न नसकेको हो कि ? सम्बोधन गरे पनि कार्यन्वयनमा प्रशस्त समस्याहरुवाट जेलिनु परेको छ । यस कार्यक्रममा पनि दिगो विकासको सन्दर्भमा त्यति चासो दिएको पाईदैन । जसको उदाहरणको रुपमा यो कार्यक्रम दोस्रोपटक आ.व. ०६०/०६१ बाट लागु भयो तर यसको २/३ बर्षमा नै यो कार्यक्रम को अवधि समाप्त भयो । यसबाट हामी के कुरा बुझ्न सक्छौं भने कार्यक्रमको दीर्घकालिनतामा प्रशस्त अवरोध छन् ।

ख) विकासमा विकेन्द्रीकरणलाई सुगा रटाईको वेगमा अगाडि ल्याइए पनि व्यवहारमा केन्द्रीयकरणको प्रभाव परेको देखिन्छ । केवल सानातिना योजनामात्र विकेन्द्रीकरणको नाममा गा.वि.स.लाई केही अधिकार सुम्पिएको पाईन्छ । यसको तुलनामा केन्द्रवाट वनाइएका योजनाहरु नै हावी भएको पाइन्छ र अर्कोतर्फ लक्षित समुदायको सहभागितालाई केवल औपचारिकतामा सिमित गरेको पाइन्छ । यसको उदारहणको रुपमा कतै हामी कार्यक्रम संचालनका लागि गठन भएका उपभोक्ता समूहहरुलाई पनि लिन सक्दछौं । जसमा गणपूरक संख्या पुर्याउने नाममा सबैको प्रतिनिधित्व गराईन्छ । तर त्यसका प्रतिफल लिनका लागि केहीको कुदृष्टि भने अवश्य रहेको हुन्छ । मनोबैज्ञानिक दृष्टिले हेर्ने हो भने शक्तिको पूजा

गर्ने चलन हावी नै रहेको छ। योजना तर्जुमा देखि कार्यन्वयनसम्म केन्द्रलाई नै सर्वोपरि मानियो । स्थानीय जनताको उपेक्षा गरियो । नीति निर्माणमा जसको हात छ उसकै सर्वोपरि भुमिका रहन गयो । जसले योजनामा जनसहभागिता नहुने मात्र होइन, सर्वसाधारणलाई विकास भनेको सरकारले जनताका लागि संचालन गरिदिने प्रक्रिया हो भन्ने बुझ्न बाध्य बनायो । योजनाहरुमा जनसहभागिता हल्ला त साह्रै गरियो तर यथार्थमा भने यो कार्यन्वयन हुन सकेन । तसर्थ जनसहभागिता बिना योजनाका उद्देश्य सधै टाढा रहे ।

ग) योजनाहरु ग्रामीणमुखी हुन सकेको पाइदैन । करिव ८५ प्रतिशत जनता गाउंमा र १५ प्रतिशत मात्र शहरमा वस्दछन । तर अधिकांश योजनाहरु शहरमा मात्र सिमीत रहेका हुन्छन् । यसको मुख्य कारणको रुपमा ग्रामीण क्षेत्रका जनताहरुमा पहूंच नहुनुलाई मान्न सकिन्छ । अधिकांस पहूंचवाला मानिसहरु शहर वस्न मनपराउने र त्यसको फाईदा आफूले लिन खोज्नुले पनि नेपालका योजनाहरु ग्रामिणमुखी वन्न सकिरहेका छैनन् भन्ने निष्कर्ष निकाल्न प्रसस्त प्रमाणहरु रहेका छन् ।

घ) नेपाल वहुजाति, वहुभाषि र भौगोलिक विविधता भएको मुलुक हो । तर यस पक्षलाई विकासमा ध्यान दिइएको पाइदैन । एकै किसिमको विकासको नमूनालाई विना अनुसन्धान सवै ठाउमा प्रयोग गर्ने गरेको पाइन्छ । नेपालमा रहेको यस किसिमको जटिलतावाट नेपालको गरिबीलाई हटाउन विशेष पहल गरिनुपर्ने हुन्छ । हालसम्म सामाजिक जटिलतालाई ख्यालै नगरी योजना बनाईएको छ । जस्तै नेपालमा सशक्तिकरणको लागि राजनैतिक सचेतना कार्यक्रम ल्याईन्छ । तर यसले सबै जाति र स्तरका महिलाहरुलाई समेट्न सक्ने नसक्ने सम्भावनालाई मूल्याङ्कन गरिने काम एकदम थोरै मात्रामा गरिन्छ ।

ङ) दशौं पञ्चबर्षिय योजनामा कुल पूंजी लगानी ७४०७६ करोड अर्थात ६४०.७ अर्ब मध्ये राष्ट्रिय बचतबाट ७९ प्रतिशत वैदेशिक सहायताबाट २१ प्रतिशत अर्थात क्रमशः ५०६.१ अर्ब र १३४.६ अर्ब व्यहोर्ने लक्ष्य रहेको छ । यस योजनामा निजी क्षेत्रलाई विकासका विभिन्न क्रियाकलापमा मुख्य सहयोग गराउने उद्देश्यले स्थिर पूंजी लगानीमध्ये निजी क्षेत्रको लगानी ७२.२ प्रतिशत रहने अनुमान छ । उक्त लगानीमा बांकी २७.७ प्रतिशत रकम र विकास खर्च रकम सरकारी क्षेत्रले व्यहोर्ने छ । यस योजनामा साधारण खर्च ५३.७ प्रतिशत र विकास खर्च ४६.३ प्रतिशत रहेको छ । विकास खर्चका विभिन्न स्रोतहरुमध्ये राजश्व वचतको अंश २१.४ प्रतिशत रहने अनुमान छ भने वैदेशिक सहायताका अंश ५७.५ रहने अनुमान गरिएको छ । वैदेशिक सहायतको कुल ५७.५ प्रतिशत अंशमध्ये अनुदान सहयोगको हिस्सा २३.० र ऋणको हिस्सा ३४.५ रहने अनुमान छ । (स्रोत : दशौं योजना (२०५९-०६४ ), राष्ट्रिय योजना आयोग) यसबाट के स्पष्ट हुन्छ भने नेपालका प्राय सबै पञ्चवर्षिय योजनाहरुमा विदेशी ऋण तथा अनुदानको महत्वपूर्ण हिस्सा रहेको छ । यसले

के संकेत गरेको छ भने नेपालीले चाहे अनुसार विकासभन्दा पनि विदेशीले चाहे अनुसार विकास हुने सम्भावना धेरै रहन्छन् । नेपालमा प्रथम पञ्चवर्षिय योजना देखिनै आर्थिक विकासका कार्यक्रमहरु विकसित देशको सहयोग विना सम्भव छैन भन्ने मानसिकताले जरो गाडेको देखिन्छ । जसले गर्दा स्थानीय सीप, श्रोत, साधन तथा प्रविधिको उपेक्षा हुने गरेको कारणले एकातिर विकास विदेशीले चाहेको अनुसारमा संचालन हुने गरेको र अर्कोतर्फ स्थानीय स्रोत र साधनको सही ठाउंमा प्रयोग हुन नसकी झन देश परनिर्भरतर्फ लम्कीरहेको यथार्थ कायमै रहेको देखिन्छ ।

च) स्थानीय स्वायत्त शासन ऐनसंग बाझिएका ऐनहरु लामो अभ्यास र प्रयासपछि पनि संशोधन हुन सकेका छैनन् । स्थानीय सरकारहरु र केन्द्रिय सरकारले निर्वाह गर्ने काम, कर्तव्य र अधिकारको स्पष्ट बांडफांड नभएका कारणले कार्यक्षेत्रमा दोहोरोपन देखिएको छ । एकातिर जिल्लास्तरिय विषयगत कार्यालयहरु स्थानीय सरकारको मातहतमा रहने कुरा ऐनले व्यवस्था गरेको छ भने अर्कातिर विषयगत कार्यालयहरुले समानान्तर रुपमा आफ्ना कार्यक्रमहरु सञ्चालन गरिरहेका हुन्छन् । यस स्थितिले जिम्मेवारी र उत्तरदायित्वको किटान हुन नसकेको मात्र होइन, नागरिकहरुले पाउने सेवामा पनि असर पारेको छ । कानुनले प्रदान गरेका सेवाहरु जनताले प्राप्त गर्न नसक्दा त्यसका लागि को जिम्मेवार हुने र नागरिकहरुले कहां शिकायत गर्ने भन्ने वारे स्पष्टता छैन ।

छ) स्वायत्त शासन ऐनले तलैदेखि योजना तर्जुमा गर्नुपर्ने अवधारणालाई स्वीकार गरेको छ । तर व्यवहारमा आवधिक योजना तर्जुमा प्रक्रिया जिल्लाबाट सुरु गरिएका छन् । जिल्लाले निर्माण गरेका योजनाहरु नगर गाउ हुंदै समुदाय स्तरसम्म पुग्ने कि ? पहिले समुदाय,गाउं र नगर हुंदै जिल्लास्तरमा योजना तर्जुमा गर्ने ? किन गाउं वा नगरस्तरबाट आवधिक योजन शुरु गरिएन ? गाउं वा नगरबाट आवधिक योजना सुरु नगर्नुका पछाडि क्षमता अभाव र जिविस अन्तर्गत सरकारका विषयगत कार्यालयहरु स्थापना नगरी नहुने जस्ता कारणहरु प्रस्तुत हुन सक्लान् । तर व्यवहारमा विकास योजना तर्जुमा तलबाट माथितिर सुरु गर्ने ऐनको भावनाअनुकुल भएको ठान्न सकिंदैन ।

ज) स्थानीय विकास मन्त्रालयमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR) विकेन्द्रीकरणको मर्म विपरित स्थापना भएकोले स्थानीय र केन्द्रबाट बनाईने नीतिमा समेत कार्यान्वयन पक्षको प्रशस्त कमी कमजोरी रहेको स्पष्ट देखिन्छ ।

झ) दशौं योजनामा विकेन्द्रीकरणको नीति बनाएको छ, स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि खासै प्रयासहरु भएका छैनन् । अर्कोतर्फ स्थानीय स्वायत्त शासन ऐन/विकेन्द्रीकरणका कमी कमजोरीहरु भन्नूपर्दा केन्द्रियस्तरका निकाय र स्थानीय निकायले के-के गर्ने भन्ने छूट्टिएको छैन । कार्यगत दोहोरोपना हूनेगरेको छ ।

ञ) नेपाली समाजको जटिलतालाई योजनाकारहरुले वुझ्ने गरेको पाइदैन । जटिलता र योजना विचमा तालमेल हुन सकेको देखिदैन । नेपालका प्रशस्त मात्रामा सामाजिक समस्याहरु रहेका छन् तर त्यसलाई समाजशास्त्री तवरबाट विश्लेषण गरी योजनाहरु तय गरिनु पर्दछ, नत्र समस्या एकातिर समाधानको उपाय अर्कोतर्फ हुने गर्दछ । यस्ता किसिमका अनुभवहरु नेपालमा रहेका छन् । नेपाललाई बहुभाषिक, बहुधार्मिक, बहुजातिय बिविधतामा आधारित देशका रुपमा त स्विकारियो । तर सोही बमोजिम सबै बर्ग तथा क्षेत्रको उत्थानमा समानतामूलक अवधारणा अपनाइएन । राज्य संचालनमा पहुंच हुने वर्गका हित र चाहना बमोजिम योजनामा लक्ष्यहरु तोकिए । फलतः पहूंच नहुने बर्ग सधै पछाडि मात्र परेन , हेपियो पनि । तसर्थ देशमा सधैंभरि हुनेखाने कै भलाई सोचियो हुदा खानेहरु नहुने नखाने वर्गमा धकेलिए जसले गरिब र धनीबिचको भिन्नताको गहिराई झन गहिरो बनाउदै लग्यो। भनिन्छ, कर्णालीबाट शासन संचालनमा सहभागिता नभएका कारण कर्णाली सधै उपेक्षित छ । तसर्थ योजनामा सामाजिक जटिलता अनुकल समानतामुलक उद्देश्य तथा क्षेत्र नतोकिनु पनि योजनाको असफलतामा सहयोग पुर्‍याउने गरेको छ ।

ट) नेपालमा विकासका योजनाहरु असफल हुनमा राजनैतिक अस्थिरता, केही वर्ष यताको द्वन्दको कारण पनि हो । जनउत्तरदायी सरकारको कमी, राजनैतिक पार्टीहरु कुनै न कुनै स्वार्थवाट प्रेरित हुनुलाई पनि मान्न सकिन्छ । जसको प्रमाणको रुपमा हामी नवौं योजनाको प्रथम दुई बर्षमा भएको न्युन आर्थिक वृद्धिदरका वावजुत गरिबीको रेखामुनीको जनसंख्या क्रमशः गरिबी निवारणको प्रयास सकरात्मक दिशातर्फ उन्मुख गरेको पाइएको छ । तर त्यसपछिका बर्षहरुमा प्रगति भएको देखिदैन । नवौं योजनाले प्रक्षेपण गरेको आर्थिक वृद्धिदर हासिल हुन सकेको भए गरिबी निवारण प्रयासमा एक ठुलो फड्को हुने निश्चित थियो । यसो हुन नसक्नुमा चर्किदो द्धन्दको कारण हो भने अर्को तफ जनप्रतिनिधि विहीन सरकारको कारणले लक्ष्य अनुरुपको प्रगति हुन नसकेको हो ।

ठ) विकासको रणनीति वनाउंदा सम्बन्धित स्थानमा बसोबास गर्ने जनताका ज्ञानलाई वेवस्ता गरिनु । आत्मिक दृष्टिकोणलाई भन्दा बाह्य दृष्टिकोणलाई वढि जोड दिनु पनि विकासको लागि एउटा समस्या वनेको छ ।

ड) कृषिमा आधुनिकिकरण गर्न नसकिनु, नेपालको भौगोलिक विविधता अनुसारको खेती प्रणाली अवलम्वन गर्न नसक्नु, जनशक्तिको अभाव र भएका जनशक्ति पनि विदेशतर्फ पलायन हुनु जस्ता समस्याहरु हावी हुनुलाई मुख्य-मुख्य समस्या मान्न सकिन्छ ।

ढ) प्रभावकारी अनुगमन र मूल्यांकनको व्यवस्था हुन नसक्नु । जुनसुकै कार्यक्रम संचालन हुने गर्दछ तर त्यसको समयमा नै मूल्यांकन हुन सक्दैन त्यसको प्रभावको मूल्यांकनवाट प्राप्त पृष्ठपोषणका आधारमा नयां किसिमका योजनाहरु छनौट गरी नयां प्रक्रियालाई आत्मसाथ गरेको पाईंदैन । कतिपय कार्यक्रम संचालन गरिन्छ तर त्यसको मूल्यांकनको पक्षलाई त्यति साह्रो प्राथामिकता दिईदैन ।

ण) ग्रामिण विकासका लागि अर्को समस्याको रुपमा भ्रष्टाचारलाई पनि लिन सकिन्छ । यो रोग अहिले निको हुनुको सट्टामा झन् संस्थागत र संस्कारको रुपमा झांगिदै रहेको छ । सत्तामा पुगी पालैपालो स्वार्थको रस पिउने किसिमको परम्परा अझ पनि कायमै छ । यसले विकासको रस चाख्न नपाउने जनतालाई झन-झन चिडाउने काम भएको छ ।

त) जनमुखी सेवामुलक तथा लक्ष्य उन्मुख प्रशासन यन्त्रको विकास नहुनु र प्रशासनले जनतालाई सेवा पुर्‍याउने नभई शासन गर्नुपर्दछ भन्ने भावनामा परिवर्तन नहुनुलाई पनि विकासको बाधकको रुपमा लिन सकिन्छ ।

## २.७. सूर्खेतमा गरिबसंग विश्वेश्वर कार्यक्रममा देखिएका समस्याहरु :

क) गरिबसंग विश्वेश्वर कार्यकम संचालन भएको यति समयभित्र संस्थागत विकास गराई समुदायलाई नै हस्तान्तरण गर्ने भन्ने स्पष्ट किटान नभएको देखिन्छ, यद्यपि यसको उद्देश्य भने संस्थालाई विधिवत् रुपमा कानुनी मान्यता दिनु हो ।

ख) यस कार्यकमवाट प्रदान गरिने विउपूजी चालुकोष एकपटकमा २०००।- मात्र उपलव्ध गराइने भएकोले यो ऋण निकै कम भएको र फिर्ता अवधि मात्र ४ महिना हुंदा ऋण लिने व्यक्तिको ईच्छा र चाहाना अनुसारको प्रयोजनमा प्रयोग गर्नमा समस्या देखिएका पाईन्छ ।

ग) कार्यक्रम संचालन भएको धैरै समय भईसक्दा पनि सामूदायिक संस्थाको नेतृत्व विकासमा खासै परिवर्तन भएको देखिएन । यसका लागि कार्यकममा सामूदायिक संस्थालाई दिगो वनाउन समूह व्यवस्थापन तालिम, नेतृत्व विकास तालिम जस्ता कार्यक्रमलाई जोड दिन नसकेको कारण कार्यक्रममा सम्वन्धित निकायले हात झिक्दाको भोलिपल्टबाट हालसम्मको लगानी के हूने हो त्यसमा आशंका गर्ने ठाउं प्रशस्त देखिन्छन् ।

घ) यस कार्यक्रमवाट प्रत्येक क्षेत्रमा सामाजिक परिचालकहरुलाई नियूक्त गरिएकोमा कतिपय समयमा उनीहरुलाई सोही अनूसार कार्यक्रममा व्यस्त बनाउने किसिमका कार्यहरु दिन सकेको पाईदैन, केबल समुहमा बचत गर्ने र बैठक वस्ने मात्र काममा सिमित रहेको पाईन्छ । जसले गर्दा सामाजिक परिचालकलाई उपलब्ध गराईने तलब भत्ताको तूलनामा लक्षित समूदायको हितमा कम मात्रमा रकम खर्च हूने गरेको देखिन्छ ।

ङ) राजनीतिज्ञ वी.पी. कोईरालाको नामवाट संचालन भएको कार्यक्रम भएकोले यसलाई राजनैतिक सन्दर्भसंग जोडेर हेरेको पाईयो । यसले गर्दा समय- समयमा कार्यक्रममा राजनैतिक आक्षेप लागी कार्यक्रम संचालनमा केही विवाद देखिने गरेको पाईन्छ ।

च) कार्यक्रमले महान् उद्देश्य लिएर स्थापना भए पनि यस कार्यक्रममा यथोचित वजेटको व्यवस्था नगरेकोले सोचे अनूरुपका कार्यक्रमहरु लक्षित समूदायलाई दिन नसकेकोले सोचे अनूरुपको प्रगतिमा कमी भएको अवस्था देखिन्छ ।

छ) सूरक्षाको कारण विनियोजन गरिएको वजेट पनि कार्यक्रममा खर्च गर्न मूस्किल भई कार्यक्रमलाई वाधा पूगेको, जसका कारणले गर्दा लक्षित समूदायको नाममा विनियोजन गरेको रकम पनि फिर्ता गर्नूपर्ने बाध्यता भएको ।

ज) कार्यक्रमका लागि सिमित मात्रमा वजेटको व्यवस्था भएका कारणले शूरुमा १०० घरधूरीलाई समेटेकोमा त्यसपछि थपलाई समेट्नका लागि कार्यक्रमले कूनै व्यवस्था नगरेको । एउटा कार्यक्षेत्रमा ( गा.वि.स.) मात्र १०० जनालाई मात्र समेट्दा अरु विपन्न परिवारका समूदायलाई हामीलाई सरकारले समेत पाखा लगाउने गरेको भन्ने आरोप आउने गरेको जसलाई स्वभाविक पनि मान्न सकिन्छ र कतिपय कार्यक्षेत्रमा त अझ १०० घरधूरीलाई समेत पनि समेट्न नसकेको स्थिति रहेको पाईन्छ ।

झ) संस्थागत व्यवस्थापन सम्वन्धी विभिन्न तालिम गोष्ठी आदि सम्वन्धित कार्यक्षेत्रमा नै संचालन गर्नूपर्नेमा द्वन्दका कारण त्यसो हून नसकी सदरमूकाममा नै कार्यक्रम संचालन गर्नूपर्ने वाध्यताका कारण अधिकतम सदस्यहरुलाई समेट्न नसकेको ।

ञ) यस सूर्खेत जिल्लामा कार्यक्रम लागू भएका गा.वि.स.को रुपमा रहेको सालकोट गा.वि.स.मा द्वन्दका कारणले कार्यक्रम स्थगित गर्नूपर्ने वाध्यता भएको र अन्य कार्यक्रम निरन्तर रुपमा संचालन भएका क्षेत्रहरुमा समेत लूकिछिपी कार्यक्रमलाई निरन्तरता दिनूपर्ने भएकोले लक्षित समूदायले सोचे अनूरुपको सूविधा पाउन नसकेको ।

ट) बजेट र द्वन्दका कारणले नयां संचालन भएका ठाउंहरुमा बचत मात्र संकलन भएको र अन्य क्रियाकलापहरु नभएको ।

ठ) हाल यो कार्यक्रम स्थानीय विकास कोषको सचिवालयमा आन्तरिकीकरण भए पश्चात केवल कार्यक्रमलाई निरन्तरता दिने प्रयास मात्र भएको यस किसिमका अन्य कार्यक्रमहरु समेत स्थानीय विकास कोषमा समाहित हूने गरेकाले सूर्खेत जिल्लामा स्थानीय विकास कोषमा भएको न्यून वजेटवाट भबिष्यमा समेत यसको निश्चिततामा शंका रहेको ।

ड) कार्यक्रमले विस्तारै परिवर्तनका सकरात्मक पक्षहरु देखिदा नदेखिदै कार्यक्रमले जिल्लाको वस्तूस्थितिका बारेमा नबूझी केवल हंचूवाको भरमा जिल्ला विकास समितिलाई खाए खा नखाए घिचको मन्त्रमा जिम्मा दिनूले यसको दीर्घकालिनतामा प्रश्न उठेको देखिन्छ ।

# अध्याय- ३

## अनुसन्धान विधि (Research Methodology)

नेपालमा गरिबी निवारणका लागि ग्रामिण विकास कार्यक्रम र गरिबसंग विश्वेश्वर कार्यक्रम : सुर्खेत जिल्लाको एक समाजशास्त्रीय अध्ययन बिषयक अनुसन्धानका लागि अनुसन्धान विधि निम्नानुसार रहेको छ ।

### ३.१ अनुसन्धान ढांचा (Research Design)

यो अध्ययनको ढांचा विश्लेषणात्मक र वर्णात्मक प्रकृतिको रहेको छ । यस अनुसन्धानको क्रममा कुनै तोकिएको तत्वको कुनै विकल्पसंग नियन्त्रण नगरी अध्ययनको क्रममा संकलन भएका तथ्याङ्कहरुलाई व्यवस्थित रुपमा तालिकाबद्ध गर्दै व्याख्या विश्लेषण र वर्णनद्वारा खोज गरिएको छ । यस अध्ययनमा वर्णनात्मक विधिवाट प्राप्त तथ्याङ्कहरुमा उत्तरदाताहरुको शैक्षिक स्थिति, रोजगार स्थिति, पेशागत स्थिति, जातीगत अवस्था, धार्मिक अवस्था, लैंगिय अवस्था आदि सम्वन्धी तथ्याङ्कलाई लिइएको छ । त्यस्तै विश्लेषणात्मक विधिवाट यस अध्ययनमा यस कार्यक्रममा संलग्न भएपश्चात यस कार्यक्रमले ल्याउन सकेका उपलब्धिहरु उत्तरदाताहरुमा पारेको प्रभाव, अनुभव, संस्थागत क्षमता, भविष्यको सोच उनीहरुको गरिबी प्रतिको बुझाई, यस सम्वन्धी प्रतिक्रिया, भावनात्मक परिवर्तन कार्यक्रम सम्वन्धी प्रतिक्रिया, कार्यक्रमको लागि सरोकारवाला निकायले निर्वाह गर्नुपर्ने भूमिका आदिलाई विश्लेषणात्मक विधिवाट वर्णन गरिएको छ ।

### ३.२. अध्ययन क्षेत्र (Study Area)

यस अध्ययनको अध्ययन क्षेत्र सुर्खेत जिल्लामा गरिबसंग विश्वेश्वर कार्यक्रम लागु भएका ६ वटा गा.वि.स.हरु रहेका छन् । जस अन्तर्गत निर्वाचन क्षेत्र नं. १ बाट छिन्चु र डांडाखाली, क्षेत्र नं. २ बाट साटाखानी र गर्पन र क्षेत्र नं.३ बाट सालकोट र लेखगाऊँ छन् । जसमध्ये आ.व. ०५६/०५७ मा कार्यक्रम लागु भएका क्षेत्रहरु छिन्चु, साटाखानी, सालकोट र आ.व. ०६०/०६१ मा लागु भएका कार्यक्षेत्रहरु डांडाखाली, गर्पन, लेखगाऊँ रहेका हुन् ।

## ३.३ समग्रता र नमूना छनौट (**Universality & Sample Selection**) :-

यस अध्ययनले निर्धारण गरेका कार्यक्षेत्रमा बसोबास गर्ने ग.स.वि.का.ले लक्षित गरेका सम्पूर्ण सदस्यहरु यस अध्ययनको समग्रता रहेका छन् । यस अध्ययनमा कार्यक्रमबाट लाभान्वितमध्ये वर्गीकृत नमूना छनौट विधि अनुसार कार्यक्रमका निम्ति गठन भएका महिला समूह, पुरुष समूह र मिश्रित समूहलाई अलग-अलग वर्गमा विभाजन गरी ती प्रत्येक वर्गबाट कोटा छनौट विधिका आधारमा ५ वर्ष पुरा भएका, ३ वर्ष पुरा भएका नयां समूहका ५/५ वटा समूह लाई चिठ्ठा प्रणालीका आधारमा जम्मा ४७ समूहमध्ये १५ समूह छनौट गरिएको छ भने प्रत्येक समूहबाट एक जना अध्यक्ष, एक जना हाल कार्यक्रममा मेनेजरको भूमिकामा कार्य गरिरहेको व्यक्ति र अर्को यस कार्यक्रमबाट सुबिधा लिईरहेको व्यक्ति ३/३ जना गरी ३९० सदस्यहरुमध्ये ४५ जना सदस्यहरुलाई नमूनाको रुपमा लिइएको छ । यस कार्यक्रमले एक घरधुरीबाट एक जना सदस्य मात्र लिएको देखिन्छ ।

## ३.४ तथ्यांकको प्रकृति (**Nature of Data**)

यस अध्ययनको सिलसिलामा प्राथमिक र द्वितीय गरी दुवै स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.४.१. प्राथमिक तथ्यांक (**Primary Data) :**

यस अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क संकलन कार्य अनुसन्धानकर्ता स्वयम्ले प्रश्नावली, अवलोकन तथा साक्षात्कार विधिहरुको माध्यमबाट विभिन्न अवस्था तथा आवश्यकता अनुसार प्रयोग गरी सम्पन्न गरिएको छ । सोही सिलसिलामा सुर्खेत जिल्लामा गरिबसंग विश्वेश्वर कार्यक्रम लागु भएका क्षेत्रका लाभान्वित वर्गका सदस्यहरु, जिल्ला विकास समितिको कार्यालय सुर्खेत, स्थानीय विकास कोषको सचिवालय सुर्खेतको कार्यालयमा केही दिनसम्म सोधकर्ता स्वयम् आफैं उपस्थित भई विभिन्न प्रश्नावलीको माध्यमबाट अन्तर्वाता, समूह छलफल, कार्यक्रमसंग सम्बन्धित विभिन्न पक्ष, यस कार्यक्रम अन्तर्गत प्रदान गरिने विभिन्न सेवा सम्बन्धमा धारणा बुझ्ने काम गरिएको छ । कतिपय अवस्थामा कार्यक्षेत्रमा नै पुगी अवलोकन गर्ने काम समेत भएको छ । यसैगरी ग्रामिण विकासका क्रममा ग.स.वि.का.ले समाजमा पारेको प्रभाव बारेमा समेत जानकारी लिने काम भएको छ ।

### ३.४.२. द्वितीय तथ्यांक (**Secendary Data)**

अध्ययनको कममा द्वितीय तथ्याङ्क मूल रुपमा गरिबसंग विश्वेश्वर कार्यकम जिल्ला विकास समिति, स्थानीय विकास कोषको सचिवालय, ग्रामिण विकास सम्बन्धी पुस्तकहरु, स्थानीय विकास मन्त्रालयबाट गरिबसंग विश्वेश्वर कार्यकमसंग सम्वन्धित प्रतिवेदनहरु, सफलताका कथाहरु, निर्देशिका, मन्त्रालयबाट प्रकाशित पत्र-पत्रिका, पुस्तक र लेख-रचना आदिबाट संकलित छन्। त्यस्तै विश्व बैंकका २००३, २००४ र २००५ का प्रतिवेदन, नेपाल सरकार, अर्थ मन्त्रालयको २०५६/२०५७ को वजेट बक्तव्यहरु, आर्थिक विकासको समाजशास्त्र, विकास समाजशास्त्र, विकास तथा योजना अर्थशास्त्र, नेपालमा योजनावद्ध विकासका क्रममा संचालित विभिन्न पञ्चबर्षिय योजनाहरु सम्वन्धी राष्ट्रिय योजना आयोगबाट प्रकाशित विभिन्न पुस्तकहरुलाई यस अध्ययनको क्रममा द्धितीय तथ्याङ्कको रुपमा लिइएको छ । (यस सम्वन्धी सन्दर्भ सामग्रीहरुको विस्तृत विवरण यस शोधपत्रको सन्दर्भ सूचीमा उल्लेख गरिएको छ ।)

## ३.५.तथ्याङ्क संकलन विधि ( **Data Collection Techniques** ):-

यस अध्ययनमा निम्नानुसार तथ्याङ्क संकलन विधिको प्रयोग गरी यो सोधपत्र तयार पारिएको छ ।

### ३.५.१.प्रश्नावली विधि ( **Questionnaire Techniques**) :

यस अध्ययनमा अध्ययनको आफ्नो उद्देश्य पुरा गर्न प्रश्नावली तयार गरी तथ्याङ्क गरिएको छ । विभिन्न प्रयोजनका लागि जम्मा १८ वटा प्रश्नहरु निर्माण गरी तथ्याङ्क संकलन भएको हो । (प्रश्नावली नमुना अनुसूची १ मा दिइएको छ )

### ३.५.२.अन्तर्वाता विधि ( **Interview Techniques**):

अध्ययनको कममा तयार पारिएका प्रश्नावलीले समेट्न नसकेका तथ्यहरुलाई समेट्न विभिन्न समूहमा आवद्ध भएका सदस्य पदाधिकारीहरु एवम् सदस्यहरुलाई अन्तरवार्ताको माध्यमबाट बढि भन्दा बढि तथ्य संकलन गर्ने काम गरी यो अध्ययन तयार पारिएको छ । यस क्रममा कार्यक्रमसंग सम्वन्धित व्यक्तिहरुको धारणा, सोच, विचारका साथै सम्वन्धित कार्यक्षेत्रमा कार्यरत सा.प.हरुलाई कार्यक्रमसंग सम्वन्धित प्रक्रिया लक्षित समुदायका अवस्थालाई तुलनात्मक रुपमा हेर्न खोजिएको छ । त्यस्तै जि.वि.स., स्था.वि.को. सम्वन्धित गा.वि.स.का पदाधिकारीबाट यस सम्वन्धमा विविध सूचना संकलन गर्ने काम

भएको छ । यस अध्ययनमा अन्तरवार्ता विधिबाट उत्तरदातामा भएको आम्दानीको परिवर्तन, रोजगारीमा भएको परिवर्तन, यस कार्यक्रममा सम्वन्धित पक्षले भोगेका समस्याहरु, समाधानका लागि देखेका समाधानका उपायहरु, कार्यक्रमका सकरात्मक पक्ष, सुधार्नुपर्ने पक्षहरु, सा.प., जि.वि.स./स्था.वि.को., गा.वि.स.का पदाधिकारीहरुबाट प्राप्त धारणाहरुलाई यस विधिबाट अझ विश्वसनीय बनाउनका लागि यो विधिको प्रयोग गरिएको छ ।

### ३.५.३. अवलोकन विधि (**Observation Techniques**):

उत्तरदाताले दिएका कतिपय उत्तर उपयुक्त भए-नभएको सम्बन्धमा यथार्थ थाहा पाउन उनीहरुको क्रियाकलापको बारेमा समेत अवलोकन गर्ने काम भएको छ । उनीहरुकै बैठक समयमा उपस्थित भई उनीहरुको बारेमा जानकारी लिई यो अध्ययनलाई विश्वसनीय बनाउने प्रयास गरिएको छ । यस विधिबाट तथ्यलाई प्रष्ट गर्न उनीहरुले दिएका सूचनालाई तत्कालै पृष्ठपोषण गर्न र सच्याउनका लागि यस विधिलाई प्रयोग गरिएको हो । यसमा प्राप्त तथ्यहरुलाई गणितीय भाषामा देखाउन नसकिने हुँदा कतिपय अवस्थामा यो विधिबाट प्राप्त तथ्याङ्कहरुलाई वर्णनात्मक ढंगबाट उल्लेख गरिएको छ । यस अध्ययनमा यस विधिबाट प्राप्त तथ्याङ्कहरुमा ऋण प्रयोजन, अन्य स्थानीय कार्यालयसंग गरेको समन्वय, उत्तरदाताहरुको सीप, यस कार्यक्रमले समाजमा पारेको प्रभाव आदि सम्वन्धी तथ्याङ्क यस विधिवाट लिइएको छ । यस किसिमबाट प्राप्त तथ्याङ्कहरु प्रश्नावली विधिबाट प्राप्त तथ्याङ्कहरुलाई जांच गर्नका लागि अधिकतम् प्रयोग गरिएको छ ।

### ३.५.४. समुह छलफल विधि ( **Focus group discussion Techniques**):

यस ग.स.वि.का.मा विभिन्न समूहमा आवद्ध भएका पदाधिकारीहरुलाई एक ठाउँमा भेला गराई गरिबसंग विश्वेश्वर कार्यक्रमले समाजमा पारेको सकारात्मक र सुधार्नुपर्ने पक्षका बारेमा छलफल गरी यसले सुर्खेत जिल्लाको गरिबी निवारणका लागि कस्तो प्रभाव पार्न सक्यो ? यो कार्यक्रम संचालनमा देखिएका समस्याहरुको बारेमा यथार्थ जानकारी लिने काम गरिएको छ । यस विधिबाट हालसम्म सरोकारवालाहरुले गरेको अनुभव, उनीहरुको विचारमा भविष्यमा कसरी अगाडि वढ्दा उपयुक्त हुन्छ सो सम्वन्धमा प्राप्त सुझावहरुलाई संकलन गर्ने काम भएको छ । समूह छलफल विधिबाट मुख्य गरेर यस कार्यक्रमप्रतिको उत्तरदाताहरुको सोचाई, यस कार्यक्रमका सकारात्मक पक्ष र सुधार्नुपर्ने पक्ष आदि सम्वन्धी तथ्यांकहरु समूह छलफलबाट लिइएको छ । यसका अतिरिक्त यस विधिबाट प्राप्त विवरण यस शोधपत्रको परिच्छेद ४.३ संग बढि सम्वन्धित छ ।

### ३.६. तथ्याङ्क विश्लेषण प्रक्रिया ( **Data Analysis Process**) :

यस अध्ययनको क्रममा संकलित तथ्यांकलाई हेर्दा प्रष्ट र सजिलै बुझ्न सकियोस् भन्ने उद्धेश्यले प्राप्त तथ्याङ्कहरुलाई प्रशोधन गरी मुलरुपमा प्रतिशत, अनुपात र तालिकामा उल्लेख गरी देखाइएको छ ।

### ३.७. शिर्षक, कार्यक्षेत्रको छनौट र यसको पूष्ट्याईं ( **Selection of study area & Its Justification** ) :-

अध्ययनको बिषयवस्तु छनौट गर्दा आफ्ना केही व्यक्तिगत ईच्छा चाहनाले त प्रभाव पार्छ नै यसका अतिरिक्त अन्य केही आधारहरुले समेत भूमिका खेलेका हुन्छन्। मैले यो कार्यक्षेत्र छनौट गर्नाको केही कारण रहेका छन् । मूख्यतः म विगत केही समय अगाडिदेखि नै यस ग.स.वि.का.मा आवद्ध रहेर काम गरेको नाताले यस कार्यक्रमले समाजमा कस्तो परिवर्तन ल्याउन सक्यो, यो मेरो लागि खुल्दुलीको बिषय बनेकोले मैले यस विषयलाई बिषयवस्तुका रुपमा छनौट गरेको हुँ । त्यस्तै यो विषयमा हालसम्म पनि सुर्खेत जिल्लामा कुनै किसिमका अध्ययन नभई केबल हचुवाका आधारमा मात्र कार्यक्रमलाई निरन्तरता दिंदा कार्यक्रमको भबिष्यको मार्ग स्पष्ट नभई अन्यौलमा पर्ने हुन्छ । एकातिर कार्यक्रमका लागि प्रशस्त वजेट विनियोजन हुने, प्रशासनिक रुपमा समेत वजेट खर्च भईरहने तर कार्यक्रमले ल्याएको समग्र परिणाम र उपलब्धिका आधारमा अघि बढ्नुपर्नेमा त्यसो हुन नसकेको वर्तमान अवस्थामा यो विषयवस्तुलाई समय सापेक्ष रुपबाट अध्ययन गरी प्राप्त सूचनाका आधारमा पृष्ठपोषण गर्दै अगाडि बढ्न उपयुक्त देखिन्छ । म स्वयम् सुर्खेत जिल्लावासी भएको र हाल यो कार्यक्रम जिल्ला विकास समिति, स्थानीय विकास कोषको सचिवालय मार्फत संचालन भईरहेकोमा म पनि हाल स्थानीय विकास कोषको सचिवालयमा नै कार्यरत भएकाले यस सम्वन्धी धेरै जानकारी ममा भएको र मलाई यस सम्वन्धी तथ्याङ्क संकलनका लागि सजिलो हुने भएकाले मैले यो बिषयवस्तु र यस कार्यक्रमले ओगटेका गा.वि.स.हरुलाई अध्ययनको कार्यक्षेत्रको रुपमा लिएको छु ।

## ३.८.अध्ययनको अनुभव (**Experiences of the study**):-

कुनै पनि काम गर्दै जाँदा सिकाई भए जस्तै यस अध्ययनको ऋममा पनि कार्यक्षेत्रमा आउँदा जाँदा, सम्बन्धित ठाउँमा छनौट भएका उत्तरदाताहरुसंग छलफल गर्दा उहाँहरुबाट अभिव्यक्त भएका भावनाहरुका आधारमा एउटा बेग्लै किसिमको अनुभव लिन पुगेको छु । जसले मलाई भविष्यमा यस किसिमका अनुसन्धानहरु गर्दा समेत मार्गनिर्देश हुने कुरामा म विश्वस्त छु । यसलाई मैले महत्वपुर्ण उपलब्धिको रुपमा लिएको छु । त्यसैले यी अनुभवहरुलाई यस शोधपत्रमा राख्न सान्दर्भिक ठानी यहाँ उल्लेख गरेको छु ।

यो अध्ययन मेरो लागि दोहोरो ढंगबाट महत्वपूर्ण थियो । पहिलो मेरो शैक्षिक उपाधिका लागि यो शोधपत्र केन्द्रीत थियो भने अर्कोतर्फ म गरिबसंग विश्वेश्वर कार्यक्रमसंग सम्बन्धित रहेर काम गरेको र हाल जिल्ला विकास समिति स्थानीय विकास कोषमा आन्तरिकरण भए पश्चात् पनि म स्थानीय विकास कोषको सचिवालय सुर्खेतमा नै पेशागत रुपमा आवद्ध भएकोले यो मेरो लागि अर्को महत्वपूर्ण उपलब्धि थियो ।

म कार्यक्षेत्रमा जाँदा यो कार्यक्रमसंग सम्वन्धित व्यक्ति भएकाले मलाई कार्यक्षेत्रमा एउटा अध्ययनको सिलसिलामा आएको विद्यार्थीको रुपमा भन्दा पनि कार्यक्रमको अनुगमनका लागि जि.वि.स.बाट आएको व्यक्तिको रुपमा त्यहाँका लक्षित समुदायले चिन्न पुगे । मैले आफ्नो कुन किसिमको परिचय दिने भन्ने दोधारमा भए पनि मलाई त्यस कार्यक्षेत्रमा पुगिसकेपछि त्यहाँको यथार्थ विवरण प्राप्त गर्नु थियो । त्यसो भएकोले मैले आफ्नो वास्तविकतालाई खुलाउन खासै महत्व ठानिन किनभने एउटा विद्यार्थी भएर कार्यक्षेत्रमा पुग्दा भन्दा कार्यक्रमको बारेमा कार्यालयबाट नै आएको भन्दा बढी तथ्यहरु प्राप्त हुने मैले महशुस गरें । त्यसैले मैले उहाँहरुलाई तपाईंहरुको जीवनस्तरमा यस कार्यक्रमले के कस्तो प्रभाव पार्न सक्यो ? कार्यक्रम तपाईंहरुका लागि उपयुक्त हुन सक्यो सकेन भन्ने जानकारी लिन आएको भनेर मैले उहाँहरुसंगबाट  तथ्यांकहरु लिएं । जिल्लाबाट कार्यक्षेत्रमा जाँदा मेरो लागि कतिपय ठाउँहरु नयाँ पनि थिए । म त्यहाँ पुग्दा धेरैले मलाई सौहार्दपूर्ण तवरले सहयोग गर्नुभयो । मेरा साथमा कार्यक्षेत्रमा जाँदा कार्यक्षेत्रमा परिचालनका लागि परिचालित भएका सामाजिक परिचालकहरु पनि हुनुहुन्थ्यो । जसले गर्दा मलाई अन्य अप्ठ्याराहरुको महशुस भएन । मेरो जिज्ञासालाई पुरा गर्नका लागि सामाजिक परिचालकहरु त्यहाँका पूर्व जनप्रतिनिधीहरु, शिक्षकहरु समाजसेवीहरुले अत्यन्त सहयोग गर्नुभयो ।

विगत केही समय अगाडिको द्वन्द्धको समयमा नै म कतिपय क्षेत्रमा गएकोले मलाई विद्रोहीको तर्फबाट सामान्य डर थियो । तर हरवखत त्यहाँको वस्तुस्थिति बारे चिरपरिचत सा.प.हरु, अन्य सहयोगी व्यक्तिहरु कार्यालयमा कामको सिलसिलामा आउंदा जांदा चिरपरिचित भईसकेका सामुदायिक संस्थाका पदाधिकारीहरु समेत भएकाले मलाई त्यति अपठ्यारो परेन । तर पनि कतिपय अवस्थामा आफ्नो परिचय लुकाएर अप्रत्यक्ष ढंगबाट तथ्यांक संकलन गरेको थिएं । समयको अभावका कारणले कतिपय प्रश्नावलीहरु सहयोगीको सहयोगबाट पुरा गरेको थिएं । त्यसलाई मैले विश्वसनिय बनाउनका लागि देशको बदलिदो परिस्थितिले समेत साथ दिएको थियो ।

म अध्ययनको सिलसिलामा साटाखानी गाविसमा केही उत्तरदाताहरुबाट मगर भाषामा उत्तर पाउंदा, छिन्चु गाविसमा राजी भाषामा र कही  थारु भाषामा समेत उत्तर पाउंदा मलाई भाषागत कठिनाई भएको थियो । यी तीनै भाषा मध्ये राजी भाषा र मगर भाषालाई नेपालीमा उल्था गर्न मेरो लागी गाह्रो थियो । यसका लागि मलाई सहयोगीको आवश्यकता पर्‍यो । यस्तै संस्थाका अध्यक्ष र मेनेजरको रुपमा काम गरेका सदस्यहरुबाट प्रश्नको उत्तर सजिलै प्राप्त भयो भने अन्यबाट तुलनात्मक रुपबाट अलिकति समस्या देखा पर्‍यो । त्यस्तै भर्खर मात्र समूहमा आवद्ध भएका

सदस्यहरुबाट उत्तर दिंदा अलि संकोच मान्ने प्रवृति देखियो । शोधपत्रका लागि तयार पारिएका प्रश्नावलीलाई आफै भर्न सक्ने अवस्था एकदम कमको मात्र भएकाले बांकी सम्पूर्ण प्रश्नावलीमा राखिएको जिज्ञासालाई प्रष्ट पार्दै तथ्यांक लिनुपर्ने भएकाले अपेक्षा गरेको भन्दा बढी समय लाग्यो । समयको हिसावले यो मेरो लागि सोचे भन्दा महंगो रहन पुग्यो ।

यसका अतिरिक्त कार्यक्षेत्रमा अवलोकन गर्दा, अन्तरवार्ता लिंदा समूह छलफल गर्दा, प्रश्नावलीको क्रममा नै अन्य जिज्ञासाहरु लिंदा समग्र कार्यक्रमको बारेमा अन्यबाट (उत्तरदाता बाहेक) बुझ्न खोज्दा कसै कसैलाई मात्र प्रश्न सोधेकाले अन्यबाट गुनासो समेत सुन्नु पर्‍यो । सर, हाम्रो समुहमा आईदिनु भएन भनेर पछिसम्म पनि गुनासो गरेको पाईयो । म आफु चिया नपिउने भएकोले म कसैको घरमा अध्ययनको सिलसिलामा जाने वित्तिकै मलाई नसोधिकन नै चिया बनाएर ल्याउने गरेकोमा मैले नपिईदिंदा आफु गरिब भएकै कारण चिया नलिएको भन्ने गुनासो सुन्नु पर्दा आफुलाई दुःख लागि त्यसपछिका घरहरुमा मैले नचाहेर पनि चिया पिउनु पर्ने बाध्यता भयो । यसले मलाई समाजिक रुपमा काम गर्ने क्रममा सामाजिक चालनचलन र व्यवहारसंग परिचत भई सकेपछि मात्र काम गर्दा उपयुक्त हुने शिक्षा मलाई प्राप्त भयो । म अलि बढी ठट्टा गर्ने व्यक्ति भएकोले विना संकोच धेरैबाट मलाई यथार्थ तथ्यांक प्राप्त गर्न सजिलो भयो । यसबाट के बुझ्न सकिन्छ भने लक्षित समुहका घरदैलोमा पुगी उनीहरुका समस्याहरुमा सहभागी भएर काम गर्दा बढि उपयुक्त हुने मैले महशुस गरेको छु ।

समग्रमा यस अध्ययनको क्रममा मैले खासै कठिनाईको महशुस गर्नु परेन । मेरा आफ्नो पेशागत कर्तव्यलाई समेत सहयोग पुर्‍यायो । कार्यक्षेत्रहरुमा गई आफ्नो दायित्व समेत पुरा गर्न मौका प्राप्त भयो । समूदायमा पुगी त्यहांका सदस्यहरुसंग प्रत्यक्ष सहभागी भएर ग्रामिण स्तरका समस्याहरुसंग घुलमिल हुने मौका प्राप्त भयो । विश्वका देशहरु रातारात परिवर्तन हुंदा नेपाली ग्रामीणस्तरका जनताहरु आफ्ना आधारभुत आवश्यक्ताहरुबाट समेत बिमुख भएको देख्दा आफूलाई कताकता दुःखको अनुभूति समेत भयो ।

भर्खरमात्र देशमा भएको राजनैतिक परिवर्तन, कार्यक्रमका सामाजिक परिचालक, जिविस, स्थाविको को सहयोग, जिविस स्थाविको र सामाजिक परिचालकहरुको बैठकमा प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त भएकाले मलाई थप सुचनाका लागि समेत अप्ठ्याराहरुको महशुस पनि गर्नुपरेन ।

# परिच्छेद - ४

## तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरण (**Analysis of data and presentation**) :

यस अध्ययनको कममा विभिन्न उत्तरदाताहरुलाई विभिन्न प्रश्नावली निर्माण गरी यस अध्ययनको विषय वस्तुसंग सम्वन्धित तथ्यांक संकलन र विश्लेषण गरी ग.स.वि.का. बाट समग्र रुपमा हासिल भएका आर्थिक एवं सामाजिक उपलब्धिहरुले समाजमा पारेको समाजशास्त्रीय प्रभाव र यथार्थतालाई प्रस्तुत गर्ने जमर्को गरेको छ । साथै यस विषयसंग नजिक रहेको द्वितीय तथ्यांकलाई समेत व्याख्या र विश्लेषण गर्ने प्रयास भएको छ ।

नवौ र दशौ पन्चवर्षीय योजनाको एक मात्र उद्देश्य गरिबी निवारण गर्ने रहेको मा नेपाल सरकार (केन्द्रीय स्तर) वाट सोझै कार्यक्रम संचालन गर्दा माथिबाट तल जाने विधिबाट गरिबी निवारण गर्ने कार्य प्रभावकारी र व्यवहारिक समेत नभएकोले सामाजिक विकासका लागि तलबाट माथिको बिधि केही वर्ष यता नयां र सशक्त जनमुखी नमूनाको रुपमा देखा परेको सन्दर्भमा यो ग.स.वि. कार्यक्रम नेपाल अधिराज्य भरी लागु भएको थियो । प्रत्येक निर्वाचन क्षेत्रको आधारमा तुलनात्मक रुपमा पिछडिएको गरिब विपन्न वर्गका मानिसहरुको अत्याधिक वसोवास भएका गा.वि.स./ न.पा.लाई कार्यक्षेत्रको रुपमा छनौट गरि कार्यक्रम सञ्चालन गरेको थियो ।

## ४.१ सुर्खेतमा गरिबसंग विश्वेश्वर कार्यक्रम :

नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत भेरी अञ्चलमा अवस्थित सुर्खेत जिल्लाको पूर्वमा सल्यान, पश्चिममा डोटी र अछाम, उत्तरमा अछाम, दैलेख र जाजरकोट र दक्षिणमा कैलाली र बर्दिया जिल्लाहरु रहेका छन्। २४५१ बर्ग कि.मी.मा फैलिएको यो जिल्ला २८°२०' देखि २८°५८' उत्तरी अक्षांस र ८०°५९' देखि ८२°२' पूर्वी देशान्तरसम्म फैलिएको छ । राजनैतिक हिसाबले यस जिल्लालाई ५० वटा गा.वि.स.हरु, एउटा नगरपालिका (वीरेन्द्रनगर नगरपालिका), ११ वटा इलाकाहरु र तीनवटा निर्वाचन क्षेत्रहरुमा विभाजन गरिएको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने यस जिल्लाको सदरमुकाम वीरेन्द्रनगर नगरपालिका रहेको छ । (सुर्खेत आवधिक जिल्ला विकास योजना,२०५९ )

जनसंख्याको हिसावले हेर्दा राष्ट्रिय जनगणना २०३८ अनुसार यस जिल्लाको जनसंख्या १, ६६, १९६ थियो भने राष्ट्रिय जनगणना २०४८ अनुसार २,२५,७६८ पुगेको देखिन्छ । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको कूल जनसंख्या २,८८,६९१ छ, जसमध्ये पुरुष १,४२,८८६(४९.५ प्रतिशत) जना छन् । महिला १,४५,८०५ (५०.५ प्रतिशत) जना छन् । जनसंख्या बृद्धिदरलाई हेर्दा

यस जिल्लाको वि.सं. २०३८ देखि २०४८ सालसम्म को अबधिमा जनसंख्या बृद्धिदर ३.१ प्रतिशत थियो भने २०५८ अनुसार जनसंख्या बृद्धिदर घटेर २.४६ कायम रहेको छ । (स्रोतःके.त.वि.,सुर्खेत )

मानवीय विकासका दृष्टिले देशका ७५ जिल्लामध्ये यो जिल्ला २१ औं स्थानमा पर्दछ । जिल्लाको मानवीय विकास सूचकाङ्क (HDI) ०.३५७ रहेको छ । यहांका जनताको औसत आयु ५९ बर्ष र औसत बार्षिक आय १०,३३० रुपैया छ । करिब ७३% जनताले स्वच्छ खानेपानीको सुविधा प्राप्त गरेका छन् । जिल्लामा ३३% जनताले आधुनिक चर्पी, १९% जनताले साधारण चर्पी प्रयोग गर्दछन् भने बांकी ४८% जनताले प्रयोग गर्दैनन् । २०५८ को जनगणना अनुसार जिल्लाको कुल साक्षरता प्रतिशत ६२.५ छ भने महिला, पुरुष साक्षरता प्रतिशत क्रमशः ५१.५ र ७३.७ छ । (शा.त.का., सुर्खेत)

सुर्खेत जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा पनि रहेको छ । विकासको दृष्टिकोणवाट हेर्दा अन्य विकास क्षेत्रको तुलनामा यो विकास क्षेत्रको अवस्था दयनिय रहेको छ । यस विकास क्षेत्र अन्तरर्गत १५ जिल्ला रहेका छन । त्यसमध्ये सुर्खेत जिल्ला पनि एक हो । सदियौंदेखि विकासको मूलधारवाट पछाडि परेका विपन्न वर्ग तथा दलित जातिको अत्याधिक बसोबास भएको यस जिल्लामा गरिबीले निकै जरो गाडी रहेको छ । यद्यपि यस जिल्लामा विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.ले समेत यस जिल्लाको गरिबीलाई न्यूनीकरण गर्न प्रयास गरेका छन् भने साथै यस जिल्लामा अवस्थित विभिन्न बिषयगत कार्यालयले समेत गरिबी न्यूनीकरणका लागि प्रयासहरु गरेको पाईन्छ । विगतका बर्षहरुमा देशमा विद्यमान द्वन्दले यस क्षेत्रमा पारेको असरका कारणले प्रायजसो कार्यक्षेत्रहरु सदरमुकाम नजिकका गा.वि.स.हरुमा नै सिमित रहेका कारणले यस जिल्लाको ग्रामिण क्षेत्रको गरिबीलाई अपेक्षाकृत ढंगबाट घटाउन सकेको देखिदैन । यद्यपि जनगणना २०५८ अनुसार सुर्खेत जिल्लाको मात्र शहरी क्षेत्रको जनसख्या ३१६९४ (११ प्रतिशत) छ भने ग्रामीण जनसंख्या २,५६,९९७ जना (८९ प्रतिशत) रहेको छ । यसबाट पनि सुर्खेत जिल्लाको ग्रामिण विकासमा समस्या रहेको कुरा प्रष्ट हुन्छ ।

राष्ट्रको निरपेक्ष गरिबीको रेखामुनि रही बांच्न विवश ३८% जनताको आर्थिक तथा सामाजिक उन्नतिको लागि दिगो आर्थिक विकास गर्ने क्रममा संचालित विविध कार्यकममध्ये ग.स.वि.का. एउटा हो ।

## ४.२. उत्तरदाताहरुको विवरण :

यस अध्ययनमा अध्ययनकर्ताले स्थलगत अध्ययन कार्यका लागि समुहका किसिम (महिला समूह, पुरुष समूह र मिश्रित समूह) गरी अलग अलग बर्गमा विभाजन गरी समुह गठन भएको अथवा कार्यकममा आवद्ध भएको अवधिका आधारमा ५ वर्ष पूरा भएका, ३ वर्ष पूरा भएका, नयाँ समुह (एक वर्ष मात्र पूरा भएका) गरी ५/५ वटा समुह गरी जम्मा १५ समूहका ४५ जना सदस्यहरुलाई

उत्तरदाताको रुपमा लिइएको छ । यसरी छनौट भएका उत्तरदाताहरुको विभिन्न दृष्टिकोण तथा तथ्यहरुको आधारमा वर्गिकरण गरी अध्ययन विश्लेषण गर्दा उत्तरदाताहरुबाट आवश्यक तथ्याङ्क सम्वन्धी निम्न अनुसारको विवरणहरु प्राप्त भएको छ ।

### ४.२.१. लिङ्ग अनुसार वर्गिकरण :

यस अध्ययनका क्रममा समावेश भएका उत्तरदाताहरुको लैङ्गिय आधारमा हेर्दा यस प्रकार रहेको छ ।

**तालिका नं. ७**

**(उत्तरदाताहरुको लैङ्गिय अवस्थिति तालिका )**

| क सं | लिङ्ग | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | महिला | २५ | ५५.५ | |
| २ | पुरुष | २० | ४४.५ | |
| **जम्मा** | | **४५** | **१००** | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिका अनुसार महिला २५ जना (५५.५ प्रतिशत) र पुरुष २० जना (४४.५ प्रतिशत) लाई उत्तरदाताको रुपमा लिईएको थियो । यसको लैङ्गिक अनुपातलाई हेर्दा महिला पुरुष ५:४ रहेको छ ।

### ४.२.२. जाति/धर्मका आधारमा बर्गीकरण :

यस अध्ययन मा छनौट भएका उत्तरदाताहरुको जातिगत विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ८**

**(उत्तरदाताहरुको जातिय धार्मिक अवस्थिति तालिका )**

| सि.न. | विवरण | जना | प्रतिशत | धर्म | कैफियत |
|---|---|---|---|---|---|
| १. | ब्राह्मण | १४ | ३१.१ | सबै हिन्दु धर्म मान्ने | |
| २. | क्षेत्री | १२ | २६.६ | सबै हिन्दु धर्म मान्ने | |
| ३. | दलित | १५ | ३३.४ | सबै हिन्दु धर्म मान्ने | |
| ४. | अन्य | ४ | ८.९ | सबै हिन्दु धर्म मान्ने | |
| | जम्मा | ४५ | १०० | | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिकामा हेर्दा जम्मा उत्तरदाताहरु मध्ये ब्राह्मण १४ जना (३१.१ प्रतिशत), क्षेत्री १२ जना (२६.६ प्रतिशत), दलित १५ जना (३३.४ प्रतिशत) र अन्य

४ (८.९ प्रतिशत) थिए । उत्तरदाताहरुको धार्मिक अवस्थिति हेर्दा सबै हिन्दु धर्म मान्ने गरेको तथ्य प्राप्त भयो ।

## ४.२.३ परिवारको किसिम :

यस अध्ययनमा सहभागी भएका उत्तरदाताहरुमध्ये निम्नानुसारको परिवारमा रहेको पाईयो ।

**तालिका नं. ९**
**(उत्तरदाताहरुको पारिवारिक अवस्थिति तालिका)**

| सि.न. | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | एकल | १५ | ३३.३ | |
| २. | संयुक्त | २५ | ५५.६ | |
| ३. | वृहत | ५ | ११.१ | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

यस स्थलगत अध्ययनमा परिवारको किसिमलाई हेर्दा १५ जना (३३.३%) को एकल परिवार रुपमा, २५ जना (५५.६%)को संयुक्त परिवार र ५ जना (११.१ %)को बृहत परिवार रहेको पाईयो ।

## ४.२.४ उत्तरदाताहरुको उमेर अवस्था विवरण :-

यस अध्ययनका उत्तरदाताहरु को उमेर अवस्था निम्नानुसार रहेको देखियो ।

**तालिका नं. १०**
**(उमेर अवस्था तालिका विवरण )**

| क्र.स. | बिवरण | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १५-२५ बर्ष सम्मका | ७ | ४ | ११ | २४.५ |
| २ | २६-४० बर्ष सम्मका | १३ | १० | २३ | ५१.१ |
| ३ | ४१-६० बर्ष सम्मका | ४ | २ | ६ | १३.३ |
| ४ | ६१ देखि माथि सम्मका | १ | ४ | ५ | ११.१ |
| जम्मा | | २५ | २० | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण, २०६३*

उपरोक्त तालिकामा उल्लेख भए अनुसार उत्तरदाताहरुको उमेरलाई हेर्दा १५-२५ बर्ष सम्मका ११ जना (२४.५ प्रतिशत), २५-४० बर्ष सम्मका २३ जना (५१.१ प्रतिशत), ४०-६० बर्ष सम्मका ६ जना ( १३.३ प्रतिशत), ६० देखि माथिसम्मका ५जना (११.१ प्रतिशत) रहेका छन् ।

## ४.२.५ रोजगारीमा परेको असर विवरण :

यो कार्यक्रम लागु भए पश्चात कार्यक्रमका लक्षित सदस्यहरुमा परेको रोजगारीको परिवर्तनलाई अवलोकन र अन्तर्वातावाट अध्ययन गर्दा निम्नानुसारको स्थिति पाईयो ।

**तालिका नं. ११**

**(उत्तरदाताको रोजगारीमा परिवर्तन तालिका)**

| क सं | विवरण | असर | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | रोजगार प्राप्त व्यक्तिको संख्या | बढेको | १२ | ११ | २३ | ५१.१ |
| | | घटेको | - | - | ० | ० |
| | | यथास्थितिमा रहेको | १३ | ९ | २२ | ४८.९ |
| | | जम्मा | २५ | २० | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिकालाई अध्ययन गर्दा ग.स.वि.का.संग सम्वन्ध भएपछि २३ जनाको (५१.१) सदस्यको रोजगारी प्राप्त भै वृद्धि भएको पाइन्छ । जसमा २२ जनाको (४८.९ प्रतिशत) को रोजगारीमा खासै परिवर्तन आउन नसकेको देखिन्छ भने यस कार्यक्रमले गर्दा रोजगारीमा घटेको देखिदैन । रोजगारीमा वृद्धि भएको कारण उत्तरदातालाई सोध्दा यस कार्यकम मार्फत ऋण लिएपछि सानो तिनो खेलो व्यापार, वाख्रा पालन, तरकारी खेतीलाई निरन्तरता दिएको साथै आन्तरिक बचतबाट समेत यस किसिमका क्रियाकलापहरुमा सहयोग पुगेको देखियो । २२ जनाबाट यस सम्वन्धमा कार्यकम भर्खर मात्र आएकोले यसवाट खासै अनुभव नभएको अवस्था पाईयो ।

## ४.२.६ चेतनाको स्तर परिवर्तन विवरण. :

यस स्थलगत अध्ययनमा छनौट गरिएका ४५ जना सामुदायिक संस्थामा आवद्ध भएका व्यक्तिहरुसंग प्रत्यक्ष भेट गरी लिइएको तथ्यांकमा हेर्दा केहीमा सामाजिक रुपमा चेतना आएको देखियो । केहीमा खास परिवर्तन भएको पाइएन । यस सम्वन्धी विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १२**

**(चेतना स्तर परिवर्तनको अवस्था तालिका)**

| क सं | विवरण | असर | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | चेतनाको स्तर | परिवर्तन भएको | ५ | ८ | १३ | २८.९ |
| | | यथास्थितिमा रहेको | २० | १२ | ३२ | ७१.१ |
| | | जम्मा | २५ | २० | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

त्यसमध्ये २५ जना महिला २० जना पुरुषमध्ये ५ जना महिला र ८ जना पुरुष शिक्षाको स्तरमा परिवर्तन भएको पाइयो भने वांकी निरक्षर देखिए ।

कार्यकममा साक्षरताका लागि संचालन भएका प्रौढ कक्षा तथा पटक पटक संचालन हुने अन्य गोष्ठी, तालिमवाट सचेत भै सदस्यहरु जागरुक भएको पाइयो। यसबाट समूहमा संलग्न रहंदाको फाईदा, यसबाट प्राप्त सुबिधा र अन्य आन्तरिक बचतबाट उत्साहित भएको, चेतनामा परिवर्तन भई केही गर्नुपर्दछ भन्ने भावनामा सकरात्मक परिवर्तन समेत भएको देखियो ।

## ४.२.७ आम्दानी परिवर्तन विवरण :

यो कार्यक्रम लागु भए पश्चात कार्यक्रमका लक्षित सदस्यहरुमा परेको आम्दानीको असरलाई अवलोकन विधिवाट अध्ययन गर्दा निम्नानुसारको स्थिति पाईयो ।

**तालिका नं. १३**

**(आम्दानीमा परिवर्तनको अवस्था तालिका)**

| क.स. | बिवरण | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आम्दानीमा बृद्धि भएको | १० | ११ | २१ | ४६.७ |
| २ | आम्दानीमा ह्रास भएको | १ | - | १ | २.२ |
| ३ | आम्दानीमा बृद्धि वा ह्रास अनूभूती नभएका | १४ | ९ | २३ | ५१.१ |
| जम्मा | | २५ | २० | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण, २०६३*

उल्लेखित तालिकालाई अध्ययन गर्दा कूल उत्तरदाताहरुमध्ये २१ जना (४६.७) को आम्दानीमा यस सम्वन्धी कार्यकमवाट सकरात्मक परिवर्तन भएको देखिन्छ । यसको कारण यस कार्यकमवाट संचालन गरिने विभिन्न गोष्ठी, तालिम, प्रदान गरिने ऋण, वेला मौकामा आयोजना गरिने अन्तरक्रिया कार्यकमले केही गर्नुपर्दो रहेछ भन्ने कुरामा प्रभाव पारेको देखिन्छ भने यस कार्यकम अन्तर्गत प्रदान गरिने ऋण ६ वटा कार्यकममध्ये २ वटा मात्र उपलव्ध गराइएको र बांकी कार्य क्षेत्रमा द्वन्दका कारणले कार्यकमलाई त्यति प्रभावकारी ढंगवाट संचालन गर्न नसक्दा अपेक्षाकृत ढंगवाट आम्दानीमा परिवर्तन हुन सकेको देखिएन । परिवर्तन भएकाहरुमध्येमा पनि गुणात्मक रुपमा परिवर्तन भएको पाइएन । कतिपय ऋण उपलव्ध गराउंदै पशु विमा जस्ताको व्यवस्था नहुंदा जिल्ला विकास समितिवाट स्पष्ट अनुगमन गर्न नसक्ने ६ वटा कार्य क्षेत्रमध्ये ३ वटा आ.व ०६०/०६१ मा मात्र थप हुनु र १ बर्ष पुग्दा नपुग्दै स्थगितका श्रृङ्खला देखिनु, आ.व.०५६/०५७ देखि नै संचालन भएका कार्यक्षेत्रमा पनि २ वटामा मात्र सुचारुरुपले कार्यकम संचालन हुनु र १ वटामा द्वन्दको कारणले स्थगित हुनुले पनि आम्दानीमा सोचे अनुसार परिवर्तन भएको देखिदैन । जसका कारण भर्खरमात्र कार्यक्रम लागु भएका गाविसहरुमा परिवर्तनहरु हुन नसक्नु स्वभाविक पनि देखिन्छ भने १ जनाको बिउंपूजी मार्फत प्रदान गरिएको रकमबाट किनेको बाख्रा मरेकोले आम्दानी भन्दा घाटा भएको पाईयो ।

## ४.२.८ उत्तरदाताहरुको शैक्षिक स्थिति विवरण :-

यस अध्ययनका लागि छनौट भएका उत्तरदाताहरुको शैक्षिक स्थिति निम्नानुसार रहेको छ ।

**तालिका नं. १४**
**(उत्तरदाताहरुको शैक्षिक स्थिति विवरण)**

| क्र.स. | बिवरण | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर (अक्षर समेत चिन्न नसक्ने ) | ८ | ३ | ११ | २४.५ |
| २ | साधारण लेखपढ ( सामान्य अक्षर चिन्न सक्ने र आफ्नो हस्ताक्षर गर्न सक्ने ) | १२ | ११ | २३ | ५१.१ |
| ३ | प्राथामिक तह | ५ | ४ | ९ | २० |
| ४ | प्राथमिक तह भन्दा माथि | ० | २ | २ | ४.४ |
| जम्मा | | २५ | २० | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण, २०६३*

माथिको तालिकाले के कुरा देखाएको छ भने यस कार्यक्रममा आवद्ध भएका मध्येवाट छनौट भएका उत्तरदाताहरुमध्ये निरक्षर जो साधारण लेखपढ गर्न समेत जान्दैनन् तिनीहरु ११ जना (२४.५) प्रतिशत रहेका छन् भने साधारण लेखपढ गर्न सक्ने २३ जना (५१.१ प्रतिशत) प्राथमिक तह उत्तिर्ण गरेका ९ जना (२० प्रतिशत) र प्राथमिक तहभन्दा माथिका २ जना (४.४ प्रतिशत) रहेका छन् ।

## ४.२.९ बैठक र छलफलमा सहभागिता :

ग.स.वि.का.ले समूहमा पारेको सकरात्मक परिवर्तनको सम्वन्धमा अध्ययन गर्दा निम्नानुसारको विवरण प्राप्त भएको देखिन्छ । सवभन्दा वढी संस्था विकासमा उपलव्धि कुन पक्षमा भएको छ भन्ने सम्वन्धमा निम्नानुसारको प्रतिक्रिया उत्तरदाताहरुवाट पाईयो ।

**तालिका नं. १५**
**(बैठक र छलफलमा सहभागिताको अवस्था तालिका)**

| सि.नं | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | तोकिएको समयमा नियमित वैठक वस्ने गरेको | १२ | २६.७ |
| २. | बैठकमा सदस्यहरुको उपस्थितिमा बृद्धि भएको | १८ | ४० |
| ३. | बैठकमा भएको निर्णयहरुको जानकारी सबैलाई हुने गरेको | ५ | ११.१ |
| ४. | छलफलमा सहभागिताको बृद्धि | ६ | १३.३ |
| ५. | खासै परिवर्तनको महशुस नभएको | ४ | ८.९ |
| | जम्मा | ४५ | १०० |

*श्रोत स्थलगत समर्भेक्षण २०६३*

उपरोक्त तालिकामा अध्ययन गर्दा यस कार्यक्रमले संस्थागत विकासमा सकरात्मक परिवर्तन ल्याउन सफल भएको देखिन्छ । माथिको तथ्यांकको आधारमा हेर्दा संस्थागत विकास अथवा परिवर्तन नभएको महशुस नगर्ने ४ जना मात्र (८.९ प्रतिशत) भएकोबाट यो प्रष्ट हुन्छ । तर यसमा सकरात्मक परिवर्तनको मात्र नभएर गुणात्मक परिवर्तनको लागि पहल गर्नुपर्ने आवश्यक्ता रहेको देखिन्छ ।

## ४.२.१० छोराछोरीलाई विद्यालय पठाउने वारेका धारणा :

शिक्षा विकासको मेरुदण्ड हो । विकासका लागि चेतनामा बृद्धि हुनुपर्ने हुन्छ। जबसम्म मानिसले भावनामा परिवर्तन गर्न सक्दैन तबसम्म विकासको सपना अधुरो हन्छ । त्यसका लागि सबभन्दा भरपर्दो माध्यम भनेको शिक्षा हो । भबिष्यको निर्माणको लागि कलिला बालबालिकालाई बेलैमा परिवर्तनतर्फ उन्मुख गराउन बेलैमा सम्वन्धित अभिभावकले सोच्नुपर्ने हुन्छ । यस कार्यक्रमले भबिष्यको शैक्षिक परिवर्तनका लागि कार्यक्रममा सम्वद्ध सामुदायिक संस्थाका सदस्यहरुबाट बालबालिकालाई पढाउनुपर्छ भन्ने भावनामा निम्नानुसारको परिवर्तन भएको विबरण प्राप्त भयो ।

**तालिका नं. १६**
**(छोराछोरीलाई विद्यालय पठाउने वारेका तालिका)**

| सि.नं | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | पहिले नै थाहा थियो व्यवहारमा पनि उतारेका थियौं | १८ | ४० |
| २. | अहिले थाहा भयो, व्यवहारमा पनि उतारेका छौं | १२ | २६.७ |
| ३. | थाहा भएको छ, व्यवहारमा अब उतार्छौं । | ७ | १५.६ |
| ४. | थाहा त छ, यसका बारेमा खासै सोचेका छैनौं । | ८ | १७.८ |
| | जम्मा | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

माथिको तालिकालाई आधार मानी हेर्दा कार्यक्रममा आवद्ध भएका सदस्यहरुले ग.स.वि.का.मा आवद्ध भईसकेपछि चेतनामा परिवर्तन भई आफ्ना वालवालिकालाई पढाउनुपर्दछ भन्ने भावनामा सकरात्मक परिवर्तन भएको मान्न सकिन्छ । उल्लेखित तालिकालाई आधार मानी हेर्दा पनि यो तथ्य स्पष्ट हुन्छ । माथि उल्लेखित तथ्यलाई हेर्दा के थप कुरा बुझ्न सकिन्छ भने विद्यालयमा आफ्ना वालवालिकालाई पठाउनु पर्ने कुरा सबैलाई थाहा छ तर पनि विभिन्न कारणले गर्दा विद्यालयमा पठाउन सकेका छैनन् । यसका लागि अझ थप चेतनाको वोध गराउनु जरुरी देखिन्छ ।

## ४.२.११ कार्यक्रम संचालनमा उल्लेखनीय भूमिका :

यस कार्यक्रमलाई प्रभावकारी रुपमा हालसम्म संचालन हुंदै आउने क्रममा कुन पक्षको भूमिका महत्व रहेको छ भन्ने सन्दर्भमा उत्तरदाताबाट निम्नानुसारको विवरण प्राप्त भयो ।

**तालिका नं. १७**
**(कार्यक्रमको प्रभावकारिताका लागि भूमिका सम्वन्धी तालिका )**

| सि नं | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| क) | सा.प. | २० | ४४.४ |
| ख) | अध्यक्ष | १० | २२.२ |
| ग) | ग.स.वि.का | ५ | ११.१ |
| घ) | जिल्ला विकास समिति, स्थानीय विकास कोष | १० | २२.२ |
| | जम्मा | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

माथि उल्लेखित तालिका आधार मानी हेर्दा यस कार्यक्रममा सदस्यहरुको विचारमा यो कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सामाजिका परिचालकको भूमिकालाई महत्व ठान्ने २० जना (४४.४ प्रतिशत), समूहको अध्यक्षको भूमिका लाई महत्व ठान्ने १० जना (२२.२ प्रतिशत), ग.स.वि.का. लाई महत्व ठान्ने ५ जना (११.१ प्रतिशत) र जिल्ला विकास समिति, स्थानीय विकास कोषको सचिवालयको भूमिकालाई महत्व ठान्ने १० जना (२२.२ प्रतिशत) भएको पाईयो । यसबाट के प्रष्ट हुन्छ भने समुदाय परिचालन कार्यक्रममा सामाजिक परिचालकहरुको भूमिका अझ महत्व र विश्वसनीय रहेको छ जसले समाजमा सकरात्मक भूमिका खेल्ने गरेको पाईन्छ ।

## ४.२.१२. समाजमा पारेको प्रभाव :

यो कार्यक्रम संचालन पश्चात सामाजिक कार्यहरुमा सामुहिक रुपमा गर्ने प्रक्रियामा परेको प्रभावको सम्वन्धमा निम्नानुसारको विवरण प्राप्त भयो ।

**तालिका नं. १८**

**(कार्यक्रमवाट समाजमा पारेको प्रभाव तालिका)**

| सि नं | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| क) | एकले अर्कोलाई सहयोग गर्ने भावनाको विकास | ५ | ११.१ |
| ख) | सामुहिक कार्य सम्पादनमा सहभागितामा वृद्धि | १२ | २६.७ |
| ग) | दुवै | २६ | ५७.८ |
| घ) | कुनै पनि होईन | २ | ४.४ |
| | जम्मा | ४५ | १०० |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिका अनुसार यस कार्यक्रममा सम्वद्ध भए पश्चात सामूहिक भावनाको विकास, एकले अर्कालाई सहयोग गर्ने भावनाको विकास, सामूहिक कार्यसम्पादनमा सहभागितामा समेत बृद्धि भएको महशुस गरेको देखिन्छ । २ जना (४.४ प्रतिशत) ले मात्र कुनै किसिमको अनुभव नगरेको पाईयो ।

## ४.२.१३. विउपुजी चालुकोष परिचालन प्रतिको अनुभव :

यस कार्यक्रम अन्तर्गत प्रदान गरिने बिउंपूजी चालुकोषले सदस्यहरुलाई कस्तो किसिमको सेवा र सहयोग प्रदान गर्न सक्यो भने सम्वन्धमा निम्नानुसार को बिवरण प्राप्त भयो ।

**तालिका नं. १९**

**(विउपूजी चालुकोष प्रतिको अनुभव तालिका)**

| | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| क) | वैंक मार्फत भन्दा ऋण भुक्तानी र प्राप्ति प्रकृया सजिलो | २ | ४.४ |
| ख) | आफ्नो समुहको नियमानुसार पालैपालो पाउन सकिने भएकोले ठिक छ । | ७ | १५.६ |
| ग) | समय कम लाग्छ | ३ | ६.७ |
| घ) | माथिका सवै | ३३ | ७३.३ |
| | जम्मा | ४५ | १०० |

*श्रोत :स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिकाबाट यस कार्यक्रममा उपलब्ध गराईएको ऋणबाट सदस्यहरु बढी उत्साहित भएको पाईयो । विभिन्न प्रयोजनका लागि लिईएको रकमले गर्दा विपन्न समुदायका सदस्यहरुलाई सजिलो भएको महशुस गरेको देखियो । यस ऋणले प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट शत प्रतिशतले रकम थोरै भए पनि सकरात्मक प्रभाव पार्न सफल भएको पाईयो ।

## ४.२.१४. ऋण लिनुको मुल उद्देश्य :

यस कार्यक्रम अन्तर्गत लिईने ऋण रकम कुन-कुन प्रयोजनका लागि लिईने गरिन्छ भन्ने सम्वन्धमा कार्यक्रम लागु भएका गाविसहरुमध्ये सबैमा बिउपूजी ऋण परिचालन नभएको र आन्तरिक बचत पनि न्युन भएकाले सबैले ऋण नलिएको देखिन्छ । तर सोधकर्ताले यस सम्वन्धमा लिएकोलाई कुन प्रयोजनका लागि लिएको र नलिएकाहरुलाई उपलब्ध भएका कुन प्रयोजनका लिने ईच्छा छ भनी तथ्याङ्क संकलन गर्दा निम्नानुसारको बिवरण प्राप्त भयो ।

**तालिका नं. २०**

**(ऋण प्रयोजन विवरण तालिका)**

| सि.न. | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | आयमूलक | २९ | ६४.५ | |
| २. | घर खर्च | ७ | १५.५ | |
| ३. | मनोरञ्जन | ० | ० | |
| ४. | अन्य | ९ | २० | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

माथि उल्लेखित तालिका हेर्दा बिउंपूजी चालुकोष रकम आयमुलक प्रयोजनका लागि २९ जना (६४.५ प्रतिशत) ले, घर खर्चका लागि ७ जना (१५.५ प्रतिशत) ले, र अन्य प्रयोजनका लागि ९ जना (२०%) ले उक्त ऋण लिएको पाईयो । र यसबाट उनीहरुको जीवनस्तर परिवर्तनमा सकरात्मक परिवर्तन भएको समेत देखियो ।

## ४.२.१५. कार्यकम आवद्ध हुनका कारण :

ग.स.वि.का.मा आवद्ध हुनुको कारण वारेमा जानकारी लिंदा निम्नानुसारको विवरण प्राप्त भयो ।

**तालिका नं. २१**

**(कार्यक्रममा आवद्धताको उद्देश्य तालिका)**

| सि.न. | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यकम आफनै गाउंमा संचालन भएकोले । | १३ | २८.९ | |
| २. | अरुले आम्दानी वढाएको देखेर । | २ | ४.४ | |
| ३. | ऋण पाईन्छ भनेर | १४ | ३१.१ | |
| ४. | गरिबको लागि लक्षित कार्यकम भएर | १६ | ३५.६ | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत : स्थलगत सर्भेक्षण २०६३*

माथिको तालिकामा हेर्दा कार्यक्रममा संलग्न हुनाको कारणवारे ४५ जना उत्तरदाताहरुमध्ये १३ जना (२८.९%) बाट कार्यक्रम आफ्नै गाउंमा संचालन

भएकाले, २ जनाले अरुले यो कार्यक्रममा संलग्न भए पश्चात आम्दानी बढाएको देखेर, १४ जना (३१.१ %) ले कार्यक्रमको प्रक्रियाको वारेमा जानकारी पाउंदा यो कार्यक्रम गरिब प्रति लक्षित भएको महशुस गरी कार्यक्रममा संलग्न भएको भन्ने धारणा पाईयो ।

## ४.२.१६. पेशागत स्थिति :

अध्ययनका लागि छनौट भएका उत्तरदाताहरुमा पेशागत स्थितिको वारेमा हेर्दाको विवरण यस प्रकार देखियो ।

**तालिका नं. २२**
**(पेशागत स्थिति विवरण तालिका)**

| सि.न | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | कृषक | ३० | ६६.७ | |
| २. | खुद्रा व्यापारी | ६ | १३.३ | |
| ३. | सामाजिक कार्यकर्ता | २ | ४.५ | |
| ४. | सरकारी नोकरी | १ | २.२ | |
| ५. | मजदुरी | ६ | १३.३ | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

माथिको तालिकामा हेर्दा यस अध्ययनमा छनौट भएका उत्तरदाताहरुमध्ये ३० जना (६६.७ प्रतिशत) कृषिमा संलग्न भएको जसले सानातिनो भएपनि तरकारी खेती बाखापालन बंगुरपालन जस्तामा संलग्न भएको पाईयो । त्यस्तै ६ जना (१३.३ प्रतिशत) खुद्राव्यापारमा, २ जना (४.५ प्रतिशत) सामाजिक कार्यमा, ६ जना (१३.३ प्रतिशत) ले मजदुरीवाट आफ्नो पेशागत परिचय दिईएको पाईयो । यसबाट के प्रष्ट हुन्छ भने यस कार्यक्रममा सम्वद्ध भएका सदस्यहरु ग्रामीण क्षेत्रका कृषक, सानातिना खेलो व्यापार गर्ने खुद्राव्यापारीको संख्या अधिकतम हुनु यस कार्यक्रमको सकरात्मक पक्ष मान्न सकिन्छ ।

## ४.२.१७. संस्थागत क्षमता विकास :

यो कार्यक्रम कार्यक्षेत्रमा लागु भएपश्चात सामुदायिक संस्थामा भएको संस्थागत विकासमा निम्नानुसारको प्रतिक्रिया प्राप्त भयो ।

**तालिका नं. २३**
**(संस्थागत क्षमता विकास सम्वन्धी विवरण तालिका)**

| सि.न | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | हामी कसैको सहायता विना केही गर्न सक्दैनौ | १३ | २८.९ | |

| | | | | |
|---|---|---|---|---|
| २. | भेला हुन मात्र सक्छौ अरु केही पनि सक्दैनौं | १९ | ४२.२ | |
| ३. | छलफल गर्न सक्छौ, अरु केही गने सक्दैनौ | ८ | १७.८ | |
| ४. | समस्याको वारेमा छलफल गर्न, भेला हुन वैठक बसी माईन्युट तथा बचत गर्न सक्छौं । | ५ | ११.१ | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिकालाई हेर्दा कार्यक्रम शुरु भएपश्चात शुरुमा सामाजिक परिचालकहरुले नै बैठक बसाल्ने, निर्णय लेखिदिने, छलफल आदि गराउने गरेकोमा यदि सा.प. वा परिचालन गराउन हालसम्म भूमिका खेलेको निकायले कार्यक्रमवाट हात झिकिदिएमा आंफै सुचारुपले समूहलाई निरन्तर रुपमा संचालन गर्न सक्ने वा नसक्ने सम्वन्धमा ४५ जना उत्तरदाताहरुमध्ये कसैको सहायता विना केही गर्न नसक्ने १३ जना (२८.९ प्रतिशत), समयमा भेला हुन सक्ने मात्र १९ जना (४२.२ प्रतिशत), भेला भई छलफल गर्न सक्ने अरु केही पनि गर्न नसक्ने ८ जना (१७.८प्रतिशत) ले, र भेला भई समस्याको वारेमा छलफल गर्ने, माईन्युट गर्ने, नियमित रुपमा बचत गरी सो रकमलाई परिचालन गराउन सक्ने ५ जना (११.१ प्रतिशत) रहेको देखियो । यसमा जुन समुहलाई आ.व. ०५६/०५७ मा गठन भए, तिनीहरुमा संस्थागत क्षमता वढी भएको देखियो भने जुन संस्था पछि गएर मात्र गठन भए, ती समूहमा संस्थागत परिवर्तन हुन नसकेको पाईयो । यदि भए पनि यस कार्यक्रमले परिवर्तन नगराएर अन्य निकाय वा संघसंस्थाको भूमिकावाट परिवर्तन भएको देखियो ।

## ४.२.१८. भविष्यको रणनीति :

हालसम्म सामूदायिक संस्थामा आवद्ध भएपश्चात सामुदायिक संस्थालाई भविष्यमा कसरी अगाडि लैजाने भन्ने सम्वन्धमा निम्नानुसारको विवरण उत्तरदाताहरुवाट प्राप्त भयो ।

**तालिका नं. २४**

**(भविष्यको रणनीति सम्वन्धी तालिका)**

| सि.न. | विवरण | जना | प्रतिशत | कैफिय |
|---|---|---|---|---|
| १. | बलियो र वैद्यता प्राप्त सामुदायिक संस्था बनाउंछौ | ८ | १७.८ | |
| २. | जस्तोसुकै भएपनि समूहलाई निरन्तरता दिन्छौं तर कसैको न कसैको साथ भने चाहिन्छ । | २२ | ४८.९ | |
| ३. | भबिष्यको लागि केही सोच बनाएका छैनौं | १२ | २६.७ | |
| ४. | के गर्नुपर्छ थाहा छैन | ३ | ६.७ | |
| | जम्मा | ४५ | १०० | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

उपरोक्त तालिकामा हेर्दा हाल गठन भएका समूहलाई भविष्यमा कसरी अगाडि लैजाने भन्ने सम्वन्धमा ४५ जना उत्तरदाताहरुमध्ये ८ जना (१७.८

प्रतिशत) ले संस्थालाई बलियो, आधिकारिक र नीतिसंगत वनाउने, २२ जना (४८.९ प्रतिशत) ले संस्थालाई निरन्तरता दिने तर के गर्ने भन्ने स्पष्ट योजना नभएको, १२ जना (२६.७ प्रतिशत) ले हाल काम चलिरहेको र भविष्यमा गराईने योजना बारेमा स्पष्ट नभएको र ३ जना (६.७ प्रतिशत) ले कार्यक्रमको सम्वन्धमा केही नबुझेको पाईयो ।

## ४.२.१९. अन्य निकायसंगको समन्वय :

कार्यक्रमका गठन भएका सामुदायिक संस्थाहरुले कुनैपनि क्रियाकलापहरु संचालन गर्दा अन्य निकायसंग समन्वय गरे नगरेको सम्वन्धमा उत्तरदाताहरुवाट सुचना संकलन गर्दा निम्नानुसार विवरण प्राप्त भयो ।

**तालिका नं २५**

**(समन्वयको स्थिति विवरण तालिका)**

| सि.न | विवरण | जना(सामुदायिक संस्था | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | गा.वि.स. | १५ | १०० | |
| २. | स्थानीय गै.स.स. | २ | १३.३ | |
| ३. | विद्यालय | ३ | २० | |
| ४. | सामुदायिका वन | २ | १३.३ | |
| ५. | माथिका सवै | २ | १३.३ | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

माथिको स्थलगत सर्भेक्षणका आधारमा हेर्दा गठन भएका समूहले कुनैपनि कार्यक्रमा संचालन गर्दा अन्य निकायसंग समन्वय गरे नगरेको भन्ने प्रश्नमा गा.वि.स.संग समन्वय गरेर काम गरेका १५ वटै (शत प्रतिशत) सामुदायिक संस्था रहेको पाईयो भने अन्य समन्वय गर्न सकिने स्थानीय गै.स.स., विद्यालय, सामुदायिक वनसंग समन्वय गरी कार्यक्रम संचालन गरेका क्रमशः २ (१३.३ प्रतिशत), ३ (२० प्रतिशत), २ (१३.३ प्रतिशत) सामुदायिक संस्था रहेको पाईयो भने उल्लेखित सवैसंग समन्वय गरी कार्यक्रम संचालन गरेको संख्या २ (१३.३ प्रतिशत) हुनुले सामुदायिक संस्थाहरुले कुनैपनि कार्य संचालन गर्दा जि.वि.स. /स्था.वि.को. र गा.वि.स.संगको समन्वयलाई बढी जोड दिएको देखिन्छ । यसको तुलनामा अन्यसंग समन्वयको कमी देखिएको स्पष्ट हुन्छ ।

## ४.२.२०.कार्यक्रमका सकरात्मक पक्ष र सुधार्नुपर्ने पक्ष :-

कार्यक्रम लागु भएका क्षेत्रबाट छनौट भएका उत्तरदाताहरुबाट र अवलोकनका क्रममा यस कार्यक्रमले ल्याएका सकरात्मक र सुधार्नु पर्ने पक्ष के महशुस गर्नु भयो भनी प्रश्न सोध्दा निम्नानुसारको उत्तर प्राप्त भयो । जसमध्ये सवैभन्दा वढीवाट प्राप्त धारणालाई क्रमैसंग अध्ययनको क्रममा प्राप्त बोलीलाई जस्ताको तस्तै यहां उल्लेख गरिएको छ ।

**तालिका नं. २६**
**(कार्यक्रमको सकरात्मक र सुधार्नु पर्ने पक्ष सम्वन्धी विवरण तालिका)**

| क्र.स. | सकरात्मक पक्ष | सुधार्नुपर्ने पक्ष | कैफियत |
|---|---|---|---|
| १. | हाम्रा समस्यालाई हेर्ने गरेको छ । | कार्यक्रममा सबैलाई समेट्नुपर्दछ । | |
| २. | बचत गर्न सिकाएको छ । | कार्यक्रम लामो समय सम्म संचालन हुनुपर्दछ । | |
| ३. | विउपूजी चालूकोष दिने भएकोले राम्रो लाग्छ । | रकम कम भयो फिर्ता गर्ने समय पनि छोटो भयो । | |
| ४ | अरुको अगाडि बोल्न सक्ने बनाएको छ । | गरिबलाई सवैले हेरिदिनुपर्दछ । | |

*श्रोत स्थलगत सर्भेक्षण २०६३*

## ४.२.२१. गरिबी प्रतिको बुझाई

गरिबीलाई बुझ्ने सबैका व्यक्तिपिच्छे फरक-फरक धारणाहरु रहेको पाईन्छ । समाजशास्त्रीय ढंगबाट हेर्दा के देखिएको छ भने मृत्यु सबैभन्दा भयावह सत्य हो तर गरिबी त्योभन्दा पनि अधिक त्रासदीपूर्ण छ किनकि यसले मृत्युलाई जन्म दिईरहेको हुन्छ संसारमा बर्षेनी हुने आत्महत्यामा सबैभन्दा बढी गरिबीको कारणबाट भएको पाईएको छ । गरीबी हुनु पुनर्जन्मको पापको फल हो भन्नेहरु पनि हाम्रो समाजमा नपाईने होईनन् । यसै सम्बन्धमा महान् दार्शनिक प्लेटोले भनेका छन् : **गरिबी मानिसको आकांक्षा बढेर हुने हो न कि सम्पत्ति घटेर ।** त्यस्तै अंग्रेजी शब्दकोषले **जीवन धान्न आवश्यक पर्ने कुराहरु नहुनुलाई गरीब भनेको छ** । नेपाली शब्दकोषले **गरिबीलाई धन सम्पत्ति केही नभएको** भनेको छ । यसै सम्वन्धमा यस कार्यक्रममा आवद्ध भएका उत्तरदाताहरुलाई तपाईहरुले गरिबीलाई कसरी बुझ्नुहुन्छ भनी सोध्दा सबैबाट फरक-फरक कुराहरु पाईयो । तीमध्ये केही बुंदालाई यहां जस्ताको तस्तै उल्लेख गरिएको छ ।

⇒ **गरिबी भनेको गाउंका मान्छे हुन् ।**

⇒ **गरिबी भनेको खान र लाउन नपाउनु हो ।**

⇒ **गरिबी लेख्न, पढ्न नजान्ने, केही कुरा पनि नबुझ्नु हो ?**

⇒ **गरिब इण्डराउच्याल रेक्सी, पढेम, लेखेम दै थामम कनी दासन्याङरेकसी मा** (गरिब हामी मात्र छौं, पढ्न लेख्न र बोल्न कत्ति पनि जानेका छैनौ ।) राजी भाषामा ।

⇒ **कुडी दुखजाटर ज्याकेन्मावल** (जति दुख गरेपनि खान पुग्दैन) मगर भाषामा ।

⇒ **दिनभरभर काम कैखके सन्झ्या विह्यान खाई निपुग्ना, लिखपर ओ अउर जहनसे वोलनिसक्ना नै गरिब** हो (साँझ विहान काम गरेर पनि खान नपुग्नु, लेख्न,पढ्न र अरुसंग वोल्न नसक्नु गरिबी हो ।) थारु भाषामा ।

माथि उल्लेखित परिभाषाबाट गरिबीलाई ग्रामिण क्षेत्रका मानिसहरुले कसरी बुझ्दा रहेछन् भन्ने कुरा प्रष्ट हुन्छ । बास्तवमा गरिबी एउटा सबैको समस्या भएर रहिरहेको छ । माथिका भावनालाई विचार गर्दा उनीहरुमा हामी गरिब हौं, हामीले अरुले जसरी अगाडि बढेर केही गर्न सक्दैनौ किनभने हामीलाई विहान बेलुकी हात मुख जोर्नका लागि नै हामी सम्पूर्ण समय बिताउने गरेका हुन्छौं । हामीलाई अन्य कुराहरुमा समय दिन फुर्सद हुदैन त्यसैले हामी जहिलेसुकै पछाडि परिरहेका हुन्छौ वास्तवमा उनीहरुको गरिबी प्रतिको बुझाईबाट कतिपय गरिबीका कारणहरुलाई स्पष्ट बुझ्न सकिन्छ । उल्लेखित सुचनाबाट के देखिन्छ भने बास्तवमा गरिब भनेको भौतिक चिजका साथसाथै अन्य विविध पक्षहरु पनि जोडिएका हुन्छन् । अवलोकन अध्ययनका समयमा समेत यसबाट उल्लेखित निष्कर्ष निकाल्न अध्ययनकर्तालाई सजिलो भएको मैले महशुस गरेको छु ।

## ४.२.२२.. सीप

उत्तरदाताहरुसंगको सीप के कस्तो छ र त्यसको प्रयोग भए वा नभएको सम्वन्धमा अध्ययन गर्दा प्राप्त विवरण तालिका नं. २३ मा उल्लेख गरिएको छ ।

**तालिका नं.२७**
**(उत्तरदाताहरुको सीप सम्वन्धी बिवरण)**

| सि.न. | विवरण | जना | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | माटाका वस्तु | ० | ० | |
| २. | चोयाजन्य | ५ | ११.१ | |
| ३. | छाला | २ | ४.५ | |
| ४. | अन्य (कपडा सिउन ,फलाम का सामाग्री वनाउने, गारो बनाउने कला ) | ७ | १५.५ | |
| ५. | कुनैपनि सीप नभएको | ३१ | ६८.९ | |
| | जम्मा | ४५ | १०० | |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने यस अध्ययनमा छनौट भएका उत्तरदाताहरु मध्ये माटाका वस्तु वनाउने सीप भएका कुनै पनि पाईएन । चोयाजन्य वस्तु निर्माण गर्ने सीप भएका ५ जना (११.१प्रतिशत), छालाका सामाग्री बनाउने सीप भएका २ जना (४.५ प्रतिशत), कपडा सिउन, फलामका सामाग्री वनाउने, ढुंगा ईट्टाका गारो बनाउने कला भएका ७ जना (१५.५ प्रतिशत) पाईए । भने खासै विशिष्ट सीप खासै नभएका ३१ जना (६८.९) भएको पाईयो । यी व्यक्तिहरु खेतीपाती, मजदुर आदिको रुपमा आफ्नो जीविकोपार्जन गरेको देखियो । आफूसंग सीप भए पनि उनीहरुले सोही सीपको प्रयोगबाट जीविकोपार्जन गरेको भने देखिएन ।

## ४.३. लक्षित समूह छलफलबाट प्राप्त केही परिणामहरु (Result from the Focused group dissussion) :

लक्षित समुदायलाई केन्द्रीत गरी संचालन गरिएका विभिन्न कार्यक्रमको तुलनामा यो कार्यक्रमको प्रक्रियालाई राम्रो मान्न सकिन्छ । तर पनि कार्यान्वयन पक्षमा कतिपय अप्ठ्यारा भने देखिएको पाइन्छ । यस अध्ययनको क्रममा ४५ जना साक्षात्कार गरिएका सहभागीमध्ये केही तथा अन्य सम्वन्धित व्यक्ति र यस कार्यक्रमसंग सम्वन्धित पक्षहरु विचमा छलफल गर्दा केही महत्वपूर्ण कुराहरु आएका थिए । मैले यस अध्ययनको क्रममा यस कार्यक्रमसंग सम्वन्धित भएका व्यक्तिहरु, जिल्ला विकास समितिका कर्मचारीहरु र सामाजिक परिचालकहरुलाई एक ठाउंमा राखेर छलफल गरी यस कार्यक्रमसंग सम्वन्धित विभिन्न पक्षहरुको वारेमा जानकारी लिने प्रयास गरेको थिएं । यस समूह छलफलवाट केही महत्वपूर्ण बूंदा यस प्रकार देखिएका छन् ।

क) यो कार्यक्रम गरिबमुखी भएको यसले गरिब, विपन्न वर्गका व्यक्तिहरुलाई समेटेको देखियो ।

ख) यस कार्यक्रम लागु भएपछि सामाजिक रुपमा सचेतना प्रदान भएको, आपसमा संगठित हुने वानीको विकास भएको पाइयो ।

ग) यस कार्यक्रम मार्फत लागु भएको विउपूजी चालु कोषको रकम थोरै भए पनि सवैलाई समेटन सकिने हुदा यसको प्रतिक्रिया राम्रै पाइयो । तर रकम आकार वढाउने र अवधि पठाउनु पर्ने कुरामा जोड दिनु पर्ने मनसाय भएको पाइयो ।

घ) यस कार्यक्रमका लागि कार्यरत सा.प.हरुले न्युन तलवका वावजुद पनि कार्यक्षेत्रमा गई काम सम्पादन गरिरहेको र यसबाट कार्यक्षेत्रमा सामाजिक परिचालकहरुको भूमिकालाई अझ सशक्त बनाउनु पर्नेमा सम्वन्धित पक्षलाई घच्घचाउनु पर्ने देखियो ।

ङ) कार्यक्रमको निश्चितता सम्वन्धमा केन्द्रीय कार्यालयवाट समयमै स्पष्ट निर्देशन नआउने हुंदा कार्यक्रम संचालनमा करिब आधा बर्षसम्म पनि अन्यौल्ता देखिने गरिएको पाईयो जसले गर्दा सामाजिक परिचालकहरुलाई बिना पारिश्रमिक पनि करिव ६ महीनासम्म पनि कामकाज गर्नुपर्ने बाध्यता रहेको भने अर्कोतर्फ कामकाजको परिणाम पनि त्यति उल्लेखनीय नभएको पाईयो । कतिपय समयमा त केबल कार्यक्रमलाई धान्नेतर्फ मात्र कार्यालय र सामाजिक परिचालकहरुको ध्यान केन्द्रित हुने गरेको देखियो ।

च) ऋण परिचालन गर्दा कार्यक्षेत्रमै परिचालन गर्न द्वन्दका कारणले कठिनाई हुने गरेको र सदरमुकाममा आउंदा जांदा वढी खर्च हुने गरेको जसबाट अपेक्षित प्रतिफल हुन नसकेको देखियो ।

छ) त्यसैगरी अन्य कार्यक्रम संचालन गर्दा द्वन्दको प्रभाव पर्ने गरेको, कार्यक्रम संचालन गर्दागर्दै विचमै छाडनु परेको स्थिति देखा परेका, विनियोजन गरेको बजेटमा पनि कार्यक्षेत्रमा नै पुगी कार्यक्रम संचालन गर्न नसक्दा सदरमुकाममा सहभागीहरुलाई बोलाउंदा बढी खर्च हुन गई लागत बढी हुने गरेको यसबाट उपलब्धिमाभन्दा प्रक्रियामा नै बढी खर्च हुने गरेको पाईयो र अपेक्षित लाभमा ह्रास भएको देखियो ।

ज) द्वन्दले प्रभाव पारेको कारण सालकोट गा.वि.स.मा विगत २ बर्षदेखि कार्यक्रम स्थगित भएको जसको परिणाम स्वरुप त्यहां विगतका समयमा भएका आन्तरिक बचत संचालित अन्य कार्यक्रमहरु समेत अलमल परेको देखियो ।

झ) कतिपय अवस्थामा लक्षित समुहको सक्रियता न्युन भएको, आफ्नो सक्रियतालाई वेवास्ता गर्दै केवल माथिबाट अर्थात ग.स.वि.का.को मात्र आस गरेको पाईयो । अन्य संघ संस्थावाट संचालित कार्यक्रमले कार्यक्रम सुचारुरुपले संचालन गर्ने कतिपय व्यवहारिक कठिनाई परिरहेको देखिन्छ। किनभने संघसंस्थाहरुले विभिन्न कार्यक्रमहरु संचालन गर्दा आकर्षक भत्ता, सुविधा प्रदान गर्ने हुंदा यस कार्यक्रम प्रति कताकता वितृष्णा जाग्ने गरेको कार्यक्रममा सिकाईलाईभन्दा भत्तातर्फ आकर्षित हुने गरेको देखियो ।

ञ) कार्यक्रमको शुरुमा लगभग १०० जनालाई मात्र लिएकोमा अन्य ईच्छा गरेका गरिब विपन्न वर्गकाहरुका लागि समेत विस्तारै समेट्न सकेमा उपयुक्त हुनेमा यसो नगरेको देखियो ।

ट) यस कार्यक्रममा प्रदान गरिने विउपूजी चालुकोषको प्रक्रिया अत्यन्त उपयोगी र प्रभावकारी रहेको देखियो । सामुदायिक संस्था केही बलियो भईसकेपछि उसले जिल्ला विकास समिति, स्थानीय विकास कोषसंग सम्झौता गरी उक्त ऋण परिचालन गर्ने गरेको देखियो । (सम्झौताको नमूना अनुसुची ५ मा उल्लेख छ ।)

ठ) समूहका सदस्यहरुको माग अनुसार सम्बन्धित समूहका अध्यक्षको सिफारिसमा संगठित समूह/मूल समूहले उक्त ऋण प्रदान गर्ने गरेको त्यसकारण यसले समुदायमा निर्णय गर्ने क्षमताको विकासमा टेवा पुर्‍याउन सफल भएको देखियो । ( बिउपूजी परिचालनका लागि माग र सिफारिस प्रक्रिया अनुसुची ९ मा उल्लेख छ )

ड) समूह संस्थाको प्रत्येक बैठकको शुरुमा व्यक्त गरिने बाचाले समेत सकरात्मक सोचको विकासमा भूमिका खेलेको देखिन्छ । जसले सामूहिक प्रतिवद्धतालाई प्रष्ट उल्लेख गरेको मान्न सकिन्छ । सामूहिक रुपमा एक ठाउँमा बसी समस्याका बारेमा छलफल गर्दा आपसी सहयोगको आदनप्रदान, भेदभाव रहित व्यवहार, इमान्दारिता सामुहिक सरसल्लाह आदिको शपथ गर्नुले कार्यक्रमका सकरात्मक पक्षका रुपमा काम गरेको देखियो । समूह सदस्यले प्रत्येक वैठकको शुरुमा गर्ने गरेका बाचाहरु अनुसुचीमा ८ मा उल्लेख गरिएको छ ।

# परिच्छेद ५

## सारांश, निश्कर्ष र सूझावहरु (**Summary, Conclusion and Recomendation**):

### ५.१. अध्ययनको सारांश :

नेपालमा योजनावद्ध विकास अभियानको झण्डै आधा शताब्दी अर्थात ४९ वर्ष लामो प्रयोगलाई हेर्दा योजनाका उद्देश्यहरुको तूलनामा उपलब्धिहरु अत्यन्तै न्युन मात्र हांसिल गर्न सकिएको छ । जसले गर्दा देश विकासको कूरा कोरा गफ मात्र बन्न पूगेको छ । यस कूरालाई बूझ्न नेपाल संगसंगै योजनाबद्ध विकास अभियानमा संलग्न भएका मूलूकहरुले यस अवधिमा गरेका विकास र नेपालले हांसिल गरेका उपलब्धिहरुलाई तूलना गर्नू मात्र प्रयाप्त हून्छ ।

नेपालले योजनाबद्ध विकास कार्यक्रमको लामो प्रयोगबाट उपलब्धि हासिल गर्न नसक्नूका पछाडि कून कून कारणहरु जिम्मेवार रहेका छन ? भनी विश्लेषण गरी हेर्ने हो भने योजनाको छनोट वा तर्जूमामा अपरिपक्वता, तिनको कार्यान्वयन, मुल्यांकन र अनूगमनमा लापरवाही र उदासिनता एवं भ्रष्टाचार प्रमूख रुपमा रहेका छन । यद्यपि बजेटको कमी तथा विदेशी ऋणमा आश्रितता राजनैतिक अस्थिरता, न्युन जनसहभागिता जस्ता कारणहरु पनि नदेखिएका होईनन् । त्यसैगरी हामीकहां योजनाका लागि विनियोजित रकम समेत खर्च गर्न नसकेका उदाहरणहरु समेत छन् । पञ्चायत कालमा मात्र होईन प्रजातन्त्र स्थापना पछिका डेढ दशकमा पनि सूशासन र विकेन्द्रीकरण केवल तालिम र गोष्ठीका विषय मात्र बनाईए ।

यस परिप्रेक्ष्यमा नेपालमा योजनाबद्ध विकास अभियानका माध्यमवाट राष्ट्रको विकास गर्ने कूरा असम्भव मात्र होईन अनावश्यक गफ जस्तो पनि लाग्न थालेकोमा अनौठो मान्नूपर्ने अवस्था छैन । तसर्थ नेपालमा योजनावद्ध विकास अभियानको माध्यामवाट यथासक्य उपलब्धि हासिल गर्ने हो भने सर्वप्रथम यस क्षेत्रमा देखापरेका बाधाहरुलाई हटाउनूपर्ने देखिन्छ । जून कार्यका निम्ति खोक्रो आदर्श र कोरा नारा होइन, वस्तूवादी चिन्तन र सोही अनूरुपको व्यवहार आवश्यक हून्छ । यस तथ्यलाई नेपालका योजनाविद् र कार्यान्वयनकर्ताहरुले हृदयंगम गर्नूपनि उत्तिकै आवश्यक छ । विश्वका कैयन गरिबीको कूचक्रमा परेका मूलूकमध्ये नेपाल पनि एक हो । यहांका जनताहरुको गरिबीको मात्रा तथा स्तर दूवै दिनप्रतिदिन बढ्दै गईरहेको वर्तमान सन्दर्भमा मूलूकलाई चिनाउनू पर्दा गरिबहरुको देश, तेश्रो मूलूकको देश भन्ने उपनाम दिन परिरहेको छ । सांस्कृतिक विविधता, भिरालो धरातल, दयनिय भौतिक पुर्वाधारहरु, अधिकांश निर्वाहमूखीमा कृषिका

आश्रित जनसमूदाय, सम्पत्ति र आयको असमान वितरण भएको देश, ३८ प्रतिशतभन्दा वढी गरिबीको रेखामूनी बांच्ने जनताहरु हाम्रो देशको समग्र परिचय बनेको छ । मूलूकमा बढ्दो जनसंख्या, सामाजिक, आर्थिक एवं राजनैतिक असन्तूलन र विकृतिका अतिरिक्त पनि नेपालको अर्थतन्त्रमा आशातित सकरात्मक संकेत विगत कैयन दशकदेखि आईरहेको पनि छ । यद्यपि मूलूकको अभिशापको रुपमा रहेका व्यापक गरीवीलाई निवारण गर्न अझ अधिकतम प्रयासहरु हून आवश्यक छ । वि.सं. १९८१ मा राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्सेरको पालादेखि नै केही न केही प्रयासहरु हूँदै आएको पाईएको छ । २००७ सालको ऐतिहासिक कदम पश्चात मूलूकले अझै भन्नूपर्दा ग्रामीण अर्थतन्त्रको बाधकको रुपमा रहेको गरीवीको कूचक्रलाई हटाउने र ग्रामीण विकासलाई टेवा पूऱ्याउने किसिमबाट विभिन्न कार्यक्रमहरु संचालन गराउँदै आएको छ । यस्ता किसिमका कार्यक्रम नेपालमा नेपाल सरकारको आफ्नै लगानीमा र कतै दातृराष्ट्रहरुको सहयोगमा समेत संचालन हूँदै आएका छन् ।

ग्रामीण समूदायको विकासका निम्ति प्रयासहरु भएको कूरालाई नकार्न मिल्दैन । तर पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयन र यसले राखेका आशातित उपलब्धिमा केही फरकपन भने अवश्य देखिने गरेको छ । ग्रामीण स्तरमा रहेका समूदायहरु जो शिक्षा, स्वास्थ्य संचारबाट टाढा छन् । उनीहरुमा परम्परादेखि जोडिदै आएका मुल्य मान्यताले जरा गाडीसकेको अवस्था छ । जसबाट छूट्कारा दिन गाऱ्हो छ । जो न्युनतम प्रयासबाट अधिकतम लाभ प्राप्त गर्ने सवालमा प्रश्न चिन्ह हून सक्दछ । यसका लागि सामाजिक सांस्कृतिक विविधताको गहिरो अध्ययन हूनू अत्यन्त आवश्यक छ।

नेपालमा भएको श्रोत र साधनलाई व्यवस्थित रुपबाट परिचालन गर्न सकियो भने पक्कै पनि यसबाट गूणात्मक फड्को मार्न सक्दछ । सामान्य अध्ययनबाट समेत नेपाल धेरै प्रकारका श्रोत र साधनहरुबाट सम्पन्न भएको स्पष्ट भएको छ यदि अझ यसलाई विस्तृत ढंगबाट अध्ययन र अनूसन्धान गर्न सकिएमा प्रशस्त विकासका सम्भावनाहरु भएको स्वत: प्रष्ट हून्छ ।

यति हूंदाहूँदै पनि ग्रामीण गरिबी र आयको सूशासनलाई अन्त्य गर्न नसकिएका कारणले नेपालमा विद्यमान गरिबीले जरा गाडिरहेको छ । ग्रामीण क्षेत्रमा गरीवीको स्वरुप निकै जटिल अवस्थामा रहेको छ। निर्वाहमूखी कृषिबाट प्राप्त आयले समेत ४-६ महिना खान पूग्दैन । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा सर्वसाधारणको पहूंच पूगेको छैन । भोकले गर्दा ग्रामीण जनताको अवस्था दयनीय वन्न पूगेको छ । चाहे तराई क्षेत्रमा वस्ने तराई मुलका वासिन्दा हून, चाहे हिमाली क्षेत्रमा वस्ने नै किन नहून गरिबीका काला दिनहरुसंग नेपाली जनताहरुले आफ्नो जीवनयापन गरिरहेका छन । गरीव हूनूको पिडा भोगिरहेका छन् । जसमा निमूखा जनता स्वयं दोषी छैनन् । यसमा राजनैतिक, सामाजिक, जटिलता मिसिएको छ । गरिबीलाई माग्ने र कमाई खाने भांडो बनाईएको छ । जसबाट मूठ्ठीभरका

सामन्तीवर्गले गरिबीको पोकाबाट रस चूसिरहेका छन् । हिमाली क्षेत्रमा विनियोजन गरिएको बजेट टाउकेहरु मिली अन्धकार कोठामा वसी भागवण्डा गरिएको छ ।

नेपाल कृषि प्रधान देश हो भनेर भनिएको छ । यहांका मानिसहरुको आम्दानीको मूख्य श्रोत कृषि हो । यहां व्यवस्थित र आधूनिक कृषि उत्पादन हून सकेको छैन । कृषिमा ८०% भन्दा वढी मानिस संलग्न भएपनि खाद्यान्न समस्या प्रत्येक वर्ष देखापर्दछ । नेपालको कृषि व्यवसायी वन्न सकेको छैन । कृषि क्षेत्रबाट प्रत्यक्ष फाईदा लिन सकिने नगदेवालीलाई वढी भन्दा बढी जोड दिनूपर्दछ । नेपाल सरकारकोतर्फबाट कृषि क्षेत्रको लगानीलाई बढी जोड दिनू पर्दछ। गूजरा खेती प्रणालीलाई व्यवसायमूखी बनाउनको लागि सम्बन्धित पक्षलाई जोड दिनू पर्दछ ।

यस्तै वर्तमान अवस्थामा ग्रामीण विकासका लागि शिक्षाको अवस्थालाई पनि ध्यान दिनू आवश्यक देखिन्छ । मानव शरीरका लागि मेरुदण्डको जरुरी भएजस्तै ग्रामीण विकासको निम्ति शिक्षाको महत्वपूर्ण भुमिका छ । औपचारिक, अनौपचारिक दूवै शिक्षाको महत्व छ । दोश्रो विश्वयूद्धपछि मरुभुमिकरण भएका जापान जस्ता देशले शिक्षाकै कारणबाट विश्व जगतलाई समेत आश्चर्य चकित गराउंदै वर्तमान अवस्थासम्म आईपूगेको छ । चिनले पनि छोटो समयमै क्रान्तिकारी परिवर्तन ल्याएको छ । यो सबै शिक्षाको कारणले भएको हो । यसका लागि समूदायलाई शिक्षित र जागरुक बनाउनू पर्दछ । सदियौदेखिको परम्परागत मान्यता जो आधूनिक विकासको लागि बाधक वन्न पूगेको छ । त्यसलाई भत्काउनको लागि ग्रामीण समूदायलाई प्रशिक्षित गराउनू आवश्यक छ ।

यसै सम्बन्धमा गरिबी न्युनिकरणका लागि एउटा उदय स्वरुप ग.स.वि.का. कार्यक्रमको शूरुवात २०५६।०५७ देखि भएको हो । प्रारम्भमा यस कार्यक्रमको अभिभारा कृषि विकास बैक र पछि गएर स्थानीय निकाय मार्फत यस कार्यक्रमको अभिभारा सरेको हो । आर्थिक तथा सामाजिक रुपले पछाडि परेका ग्रामीण जनतालाई यसले सम्बोधन गर्न खोजेको छ । जसले एकैपटक नेपाल अधिराज्यका २०५ वटै निर्वाचन क्षेत्रलाई कार्यक्षेत्रको रुपमा निर्धारण गरी उनीहरुको आवश्यक्ता अनूसारका कार्यक्रमहरु संचालन गरेको देखिन्छ । तत्कालिन अवस्थामा क्रमश: कार्यक्षेत्र थप गर्दै लैजाने उत्कृष्ट अभिलाषा बोकेको थियो । तापनि देशमा विद्यमान द्वन्द्वका कारण, राजनैतिक अस्थिरता तथा विभिन्न व्यक्तिका निहित स्वार्थका कारण यस कार्यक्रमले निरन्तरता पाउन नसकेको देखिन्छ । २०६१ माघदेखि कार्यक्रम संयोजक ( कार्यालय सहायक) लाई अवकाश दिनू, आ.व. ०६२।०६३ देखि कार्यक्रमको समापन गरिनू र त्यस क्षेत्रमा कार्यरत सा.प. लाई ग्रामीण विकास कार्यक्रमको नाममा विनियोजित बजेटबाट तलब व्यहोर्ने गरी व्यवस्था गरिएतापनि आ.व. ०६३।०६४ देखि सा.प. लाई जि.वि.स. मार्फत समायोजन गर्न सकिने भए गर्ने नत्र अवकास दिने गरी जिल्ला विकास समितिलाई

निर्देशन (स्थानीय विकास मन्त्रालय च.न.७४१ मिति २०६३/२/३०) स्वरुप प्राप्त पत्रबाट समेत के निष्कर्ष निकाल्न सकिन्छ भने नेपालमा लागू भएका कार्यक्रम जतिसूकै उत्कृष्ट भएपनि यसको कार्यान्वयन पक्ष र दीर्घकालिनतामा प्रशस्त अपठ्याराहरु रहेको महशूस जताजतैबाट भएको छ । जसबाट सीमित स्रोत साधन भएका जिल्लाहरुको लागि यी र यस्ता कार्यक्रमहरु टाउको दूखाईका विषय बन्न पूगेका छन् । जसबाट हालसम्मको लगानीलाई व्यवस्थित गर्नका लागि स्रोतको अभावमा कठिनाई पर्न गएको देखिन्छ । यसले गर्दा एकातिर लामो समयदेखि द्वन्दको अवस्थामा पनि आफ्नो सूरक्षालाई समेत वेवास्ता गरी न्यून तलवको भरमा संधै विपन्न वर्गको उत्थानको निम्ति समर्पित सा.प.हरुलाई विदाई गर्नूपर्ने र अर्कोतर्फ कार्यक्षेत्र अन्तर्गत गठन भएका सामूदायिक संस्थालाई र त्यस अन्तर्गत आवद्ध सदस्यहरुलाई समेत सरकारप्रति अविश्वास महशूस हून सक्ने देखिन्छ । त्यसैले कूनैपनि आयोजना संचालन गर्दा त्यसको निरन्तरतालाई समेत ध्यान नदिनू यस कार्यक्रमको प्रमूख कमजोरी हो, जसले गर्दा कार्यक्रममा संलग्न पक्षहरुमा वितृष्णा पैदा हून गई भविष्यमा संचालन हूने यस किसिमका कार्यक्रमलाई समेत असर पर्न सक्दछ । यसतर्फ योजनाकारहरुले बेलैमा योजनालाई बलियो, दीर्घ वनाउने सवालमा सजगता र दूरदर्शिता अपनाउनू पर्नेमा जोड दिनूपर्दछ । यसरी हेर्दा स्थानीय नेतृत्वलाई वढी जोड दिई विकासलाई अगाडि वढाउन यस कार्यक्रमको मूख्य जोड दिएको थियो । विकासको प्रतिफल जनतालाई सूनिश्चितता दिनको लागि जून कार्यक्रमको संरचना यसले तय गरेको थियो, त्यो वास्तवमा नै उत्कृष्ट संरचना हो तर कार्यक्रमलाई प्रभावकारी र उद्देश्यन्मूख बनाउने सम्बन्धमा अवश्य पनि रकम विनियोजनमा लोभ गरिनू, कार्यक्रममा रकम विनियोजन गर्दा तल्लो स्तरका जनताहरुको मागलाई भन्दा पनि केन्द्रिय स्तरबाट अनूमानका भरमा वजेट विनियोजन गरिएको भन्ने आशंका गनूपर्ने ठाउंहरु प्रशस्त देखिन्छन् । कार्यक्रम तय गरी बजेट विनियोजन भएको देखिन्छ । यस कार्यक्रमले आफ्नो लक्षित वर्गलाई आर्थिक सहयोग मात्र नजूटाएर विभिन्न सामाजिक सामूदायिक कार्यक्रम संचालनमा प्रभावकारी भुमिका खेलेको छ । विपन्न समूदायका समुहमा आवद्ध गराई कार्यक्रममा सरिक गराउने, तालिम दिने, वचत गर्न जोड दिने, यस कार्यक्रमलाई आवश्यक ठानेमा अनूगमन मुल्यांकन गर्ने, सामुहिक निर्णयका आधारमा विभिन्न क्रियाकलाप संचालन गर्ने, सानोतिनो आयआर्जनका निम्ति विउंपुजी चालूकोष परिचालन गर्ने, सामूदायिक कार्यक्रम शिक्षा, स्वास्थ्य बैंकिङ्ग सेवा, प्रौढ शिक्षा, स्वास्थ्य चौकी, बाटो पूल, स्कुल, यातायात र वृक्षारोपण जस्ता कार्यक्रम यस कार्यक्रम मार्फत न्युन लागतमा उनीहरुकै आवश्यकता अनूसार संचालन हूने भएकोले कार्यक्रमले निरन्तरता पाउने र नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा एउटा आयाम हूने विश्वास लिन सकिन्छ ।

## ५.२. अध्ययनको निष्कर्ष :

यस अध्ययनका क्रममा सम्वन्धित विषयवस्तुका वारेमा सूचना संकलन गर्ने क्रममा केही महत्वपूर्ण सिकाईहरु पनि भएका छन् । जसलाई यस अध्ययनका क्रममा प्राप्त उपलब्धिका रुपमा लिएको छु । यस अध्ययनका क्रममा कार्यक्षेत्रमा पुग्दा त्यहांका लक्षित समुदायले वोलेका वाणी, उनीहरुले दिनप्रतिदिन गरेका क्रियाकलाप, उनीहरुले भोगेका कठिनाई, त्यहांका समस्याहरुका आधारमा हालसम्म पनि ग्रामीण क्षेत्रका समस्याहरु विद्यमान नै छन् । यसले गर्दा जुनसुकै व्यक्तिलाई पनि एकपटक एक्काइसौं शताब्दीको नेपाल, विश्वको तुलनामा नेपालको अवस्थितिलाई एकपटक सोच्न बाध्य बनाउंछ । विकासको मूलधारवाट पछाडि परेका ग्रामीण जनताका लागि नेपाल सरकार लगायत वैदेशिक लगानी पनि रहेको छ तर त्यसको कार्यन्वयनमा कहिं कतैवाट चुहावट भएको हुनसक्ने त्यहांको वस्तुस्थितिले बोलेको छ । यसका लागि अझ पनि अधिकतम् प्रयासको खांचो रहेको देखिन्छ । तर पनि त्यहां केही परिवर्तनका संकेतहरु देखिनुबाट सामाजिक विकासमा केही आशाका किरणहरु भने पलाएको मान्न सकिन्छ । समाजमा सवै एकै किसिमका स्तर नभएको सवैलाई समान किसिमको अवसर दिंदा पनि कसैमा उल्लेखनिय परिवर्तन आउनु र कसैमा खासै परिवर्तन नदेखिनुले जिल्ला स्तरमा समेत समाजशास्त्रीय ढंगबाट अध्ययन गरि समस्या समाधानका विकल्प को खोजीवाट आवश्यक्ताको पहिचान गर्नमा लाग्नुपर्ने देखिन्छ ।

अवसरहरु दिएमा अगाडि वढ्न सकिन्छ भन्ने कुरालाई मैले प्रमाणका रुपमा पाएं । तर पूर्णतया सन्तुष्ट मान्न सकिने अवस्था भने देखिदैन । वास्तवमा हामीले विकासलाई सरसर्ती हेर्दा बुझेको भन्दापनि फरक रहेको अनुभव पाईयो । २१औं शताब्दीमा पनि आधारभुत मानविय आवश्यक्ताबाट समेत टाढा हुनुले एउटा महत्पूर्ण समस्यालाई जन्माएको अनुभव मैले गरें । कार्यक्रमले केही दिन खोजेको छ तर कतिपय समयमा हात्ती आयो हात्ती आयो फुस्सा भन्ने कहानी जस्तै हुने गरेको गुनासो सहभागीवाट आयो यसतर्फ सम्वन्धित पक्षले अझै चासो दिएर अगाडि वढ्नुपर्नेमा सजग गराएको मैले अनुभव गर्न पुगेको छु भने जो कार्यक्रममा सहभागी हुन सकेका छैनन् तिनीहरुले समेत कार्यक्रममा संलग्न हुन ईच्छा गर्ने गरेको त्यतिवेलामा विभिन्न वाहानामा पन्छाउने गरेकोमा अन्य सहभागी हुन नसकेका सदस्यहरुवाट गुनासो सुन्दा र कार्यक्रममा आवद्ध नभएका व्यक्तिहरुले समेत यस कार्यक्रममा आवद्ध हुन चाहेको यसका लागि पहल गरिदिन विनम्र अनरोध गरेवाट यस कार्यक्रमले गर्दा सामाजिक चेतना र अग्रसरतामा अप्रत्यक्ष रुपवाट समेत प्रभाव पारेको देखिदा, गर्नमा चासो देखाउनुलाई एउटा सकरात्मक पक्षको प्रतिनिधित्व गरेको छ । हिजोका दिनमा आफ्ना व्यक्तिगत समस्यालाई मनभित्र गुम्साई राखेका ती व्यक्तिहरुको चाहाना र आवश्यक्ता वाहिरसम्म आउन सक्ने वातावरणको सिर्जना हुनुले कार्यक्रमको आवश्यक्तालाई झल्काएको छ । यस कार्यक्रमले संस्थागत विकास र नेतृत्व विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यक छ ।

ग.स.वि.का संचालन गर्दै आएको सूर्खेत जिल्लाका कार्यक्षेत्रको भ्रमण उत्तरदाताबाट प्राप्त प्राथमिक सुचना जिल्ला विकास समति तथा अन्य श्रोतहरुबाट प्राप्त द्धितीय तथ्यांकहरुको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षमा पुगिएको छ ।

१. ग.स.वि.का.ले आर्थिक विकासमा सकारात्मक परिवर्तनका संकेतहरु देखाएको छ । तर यसबाट सम्पुर्ण रुपमा भने सन्तूष्ट लिन सकिने अवस्था भने छैन। जो तथ्य प्राप्त तथ्याङ्कहरुवाट हून्छ । जो कूरा तालिका नं. ११ र १३ बाट स्पष्ट भएको छ । जून तालिका अनूसार रोजगारीमा परिवर्तन हूनेको संख्या ५१.१ प्रतिशत देखिन्छ भने आम्दानीमा परिवर्तन हूनेको संख्या ४६.७ प्रतिशत छ । रोजगारीमा सहभागी भएर आम्दानीमा परिवर्तन गराउनेमा पनि सामान्य परिवर्तन मात्र भएकोले आर्थिक विकासको सम्वन्धमा परिवर्तन भएको तर यसबाट पुर्ण रुपमा सन्तूष्ट हूनूपर्ने अवस्था भने देखिदैन ।

२. यस कार्यक्रमले शिक्षा र चेतनामा केही परिवर्तनका संकेतहरु देखाएको छ । हिजो सम्म आफ्ना समस्याहरुलाई राख्न संकोच मान्नेहरु आज सजिलैसंग आफ्ना समूहको प्रतिनिधित्व गर्दै कोहीले न कोहीले केही भन्न सक्ने भएका छन् । तालिका नं. १२ हेर्दा चेतनास्तरमा परिवर्तन गर्नेको संख्या १३ जना रहेको भएपनि यसले संस्थागत प्रतिनिधित्व गर्न सकेमा मात्र पनि महत्वपूर्ण उपलब्धि हूनेमा कसैको दूईमत छैन। केटाकेटीलाई विद्यालय पठाउने वानीको क्रमश: विकास भएको छ । विद्यालय पठाउने सम्वन्धमा जानकारी भए पनि भबिष्यमा यसबाट हूनसक्ने सम्भावित असर बारेमा सजग हून सक्ने सम्भावना यहां देखिन्छ । तर यसमा अझ चेतना जगाउन भने जारी राख्नूपर्नेमा जोड दिनूपर्नेमा आवश्यक रहेको छ ।

३. यस कार्यक्रमले संस्थागत परिवर्तन ल्याउन खोजेको छ तर यसको वैद्यताका बारेमा सोचेको देखिन्छ । तालिका नं. २३ मा हेर्दा १७.८ प्रतिशतले मात्र संस्थालाई बलियो वनाउने सम्वन्धमा धारणा वनाउन सकेका छन् । अझै पनि केही गर्न नसकिनेहरुको संख्या उलेख्य नै रहेको छ भने जसरी भएपनि संस्थालाई निरन्तरता दिने प्रतिबद्धता त छ तर त्यसका लागि कसैको साथ चाहिने धारणा रहेको छ । समुहमा बसेर आपसमा समस्याहरुको बारेमा छलफल गर्ने, भावनाहरु साटासाट गर्ने गरेको पाईन्छ । यद्यपि यिनीहरुमा आत्मबलको भने कमजोरी रहेको छ । सामाजिक परिचालकले बैठक राखिदिंदा उनीहरु जसरी उत्साहित भएर सहभागी भएका हून्छन् त्यसको तूलनामा आफ्नो अग्रसरतामा बैठक बस्न, छलफल गर्न, निर्णय लेख्न सक्छौ भन्नेमा उनीहरुको विश्वासको कमी भने देखिन्छ । उनीहरुमा कार्यक्रममा आफ्नोभन्दा अन्यको भुमिकालाई ठुलो मान्ने प्रवृत्ति रहेको देखिन्छ । कूनैपनि अवसरहरुको खोजी गर्ने कार्यक्रम संचालन गर्दा

स्थानीय संघसंस्था, विषयगत कार्यालयसंग समन्वय गर्ने भन्ने थाहा समेत नभएको मान्न सकिन्छ । केवल स्थानीय निकाय अर्थात जि.वि.स. र गा.वि.स.संग मात्र भरपर्ने प्रवृत्ति भने कायमै रहेको छ । तर पनि नेतृत्व विकासमा भएको प्रगतिलाई सूधार नै मान्न सकिन्छ।

४. यस कार्यक्रमले सदस्यहरुमा सामाजिक र सांस्कृतिक परिवर्तनमा समेत केही सकरात्मक परिवर्तन ल्याउन खोजेको छ । छनौटमा परेका लक्षित परिवारहरु समूहमा आवद्ध भई सामूहिक भावना र एकताको विकासमा सूधार भएको छ । एकले अर्कोलाई सहयोग गर्ने परिपाटीको विकासमा परिवर्तन देखिन्छ । सामुहिक कार्यमा मिलिजूली काम गर्ने वानीको विकास भएको, संगठन नै बल हो भन्ने मान्यताले ठाउं पाएको मान्न सकिन्छ। यस कार्यक्रमको प्रभाव वारेमा जम्मा २ जनाले मात्र सकरात्मक उत्तर नदिएकोबाट यो कूरा प्रष्ट हून्छ । यसलाई सकरात्मक पक्ष मान्न सकिन्छ ।

५ यो कार्यक्रम लागू भएपछि सदस्यमा आफ्नो आन्तरिक वचतका कारणले आत्मबलमा विकास भएको छ । भर्खरमात्र गठन भएका समूहमा भने यस किसिमको परिवर्तनको कूनै संकेत देखिएन । जून संस्थामा आन्तरिक बचत सन्तोषजनक रहेको छ त्यस संस्थामा भने आत्मबल भने रहेको छ ।

६. कार्यक्रममा सहभागिताका लागि आ-आफ्नो समुहका निर्णयका आधारमा सहभागी गराईने भएकोले यस कार्यक्रमप्रति सकरात्मक धारणा रहेको र कार्यक्रममा अपनत्व भएको देखिन्छ । समूहको निर्णयका आधारमा आफुसंग भएको रकम परिचालन हूने भएकोले निर्णय गर्ने क्षमतामा परिपक्कता देखिएको छ ।

७. गरिब भएर जन्मनू आफ्नो वशको कूरा नभएपनि गरिबीबाट छूट्कारा पाउन सकिने कूरामा सदस्यहरुमा विश्वस्तता देखिएको छ त्यसैले आपसी सहमतिका आधारमा ऋण लिने र त्यसबाट सानातिना आयआर्जनका कार्यक्रमहरुमा सहभागी हूने गरेको त्यसबाट पनि केही सकरात्मक संकेतहरु देखिन थालेका छन् ।

८. कार्यक्रमको माध्यमबाट स्थानीय सीप र साधनलाई जोड दिनका लागि प्रयत्न गरेको खासै पाईएन । जसको फलस्वरुप सदस्यहरुसंग भएका सीपको परिचालन हून सकेको देखिदैन । पेशागत स्थितिलाई हेर्दा गूजारा खेतीपातीमा र अर्काको काम गरेर गूजारा चलाउनेको संख्या अत्याधिक रहेको छ । तर कृषि क्षेत्रमा यो कार्यक्रमले हेरेको पाईएन। विशिष्ट सीप भएकाहरुको संख्या एकदम कम रहेको छ त्यसकारण सीपमूलक र आयमूलक जस्ता कार्यक्रमहरुलाई जोड दिनूपर्ने देखिन्छ ।

९. फजूल खर्च कटौती गरी भविष्यको लागि सामुहिक वचत गर्ने बानीको विकास भएको आकस्मिक रुपमा आईपर्ने समस्यालाई आपसी समझ्दारीबाट समस्यालाई घटाउने प्रयास भएको छ । सदस्यहरुलाई

ऋण लिनका लागि संधैजसो साहू, महाजनको घरदैलोमा पुगिरहने झन्जटबाट मूक्त भएको पाईयो । त्यसको सट्टा सर्वसूलभ तरिकाले ऋण प्राप्त गर्ने गरेको, छनौटमा परेका लक्षित परिवारहरु समुहमा आवद्ध भई सामूहिक चेतना र एकताको विकासमा सूधार भएको छ तर पनि जून ठाउंमा बिउंपुजी रकम परिचालन गरिएको छैन त्यस ठाउंमा भने समस्याहरु कायमै रहेका छन् ।

१०. सीप विकास/ आयमुलक/ साना पुर्वाधार विकास जस्ता कार्यक्रमबाट लक्षित समूदायमा समस्यालाई सम्बोधन गर्न एकदम न्युन मात्रामा मात्र सफल भएको छ ।

११. बिउंपुजी चालूकोषबाट प्रदान गरिने रकम पालैपालो सदस्यहरुमा अन्य विकासे कार्यकर्ताहरुमाभन्दा कार्यक्रममा परिचालित सा.प.हरुमा वढी विश्वास गर्ने गरेको देखिन्छ ।

१२. बिउंपुजी चालूकोषबाट प्रदान गरिने रकम पालैपालो रकम पाउन सकिने भएकाले यस कायैक्रमको मूख्य आकर्षण बन्न पूगेको देखिन्छ। समूहमा आवद्ध भएकामध्ये एकपटकमा ५० प्रतिशतले रकम परिचालन गर्ने मौका प्राप्त गर्ने र ५० प्रतिशतले दबाव समूहका रुपमा रही काम गर्न पाउने हूंदा यो प्रक्रियाबाट ऋण लेनदेनको प्रक्रिया सरल र जनमूखी बन्न सफल भएको छ । यद्यपि असूलीको अवधि छोटो र ऋण आकार सानो भएकाले कर्जाको चाहानालाई अन्यत्रबाट पूरा गर्नूपर्ने अवस्था भने रहयो । तर पनि साना तिनो आयआर्जनका लागि कर्जाले सर्वसूलभता महशूस गराउन भने सफल रहेको छ । ऋण लिनूको उद्देश्यलाई हेर्दा यो रकम २ (१ वटा कार्यक्षेत्रमा पछि) वटा कार्यक्षेत्रहरुमा मात्र लागू भएको र पछि कार्यक्रम स्थानीय विकास कोषमा आन्तरिकरण भईसकेपछि थप १ कार्यक्षेत्रमा मात्र लागू भएकोमा बांकी कार्य क्षेत्रहरुका सदस्यहरुले ऋण प्रयोजन गर्न नपाएकोले सम्पूर्ण उत्तरदाताहरुमा यसको अनूभव नभएपनि अधिकांशले आयमूलक प्रयोजनका लागि लिएको, कसैले घरखर्चमा लिएको पाईयो । यसबाट रकम सही ठाउंमा उपयूक्त प्रयोजनका लागि खर्च भएको देखिन्छ ।

१३. सदस्यहरुले यस कार्यक्रमलाई ठूलो श्रद्धा व्यक्त गरेको पाईयो । कार्यक्रमबाट उपलब्ध सेवा सूविधा प्राप्त गर्नमा खासै आफ्ठ्यारो महशूस नगरेको पाईयो ।

१४. आफ्नो आन्तरिक वचत र हाल स्थानीय विकास कोष मार्फत परिचालन गरिएको रकम कारोबारमा पारदर्शिता भएको पाईयो ।

१५. जसरी यस कार्यक्रममा आवद्ध हूनाको कारणवारेमा फरक फरक मत थियो । सबैका आफ्ना अपेक्षाहरु रहेका थिए । सोही अनूसार कार्यक्रमले अपेक्षाहरु पुरा गर्न सकेको देखिदैन । तालिका नं. २१ लाई हेर्दा सो कूरा देखिन्छ । यसबाट कतिपय कार्यक्षेत्रहरुमा त

केबल आफ्नो गाउंमा कार्यक्रम आएकोले मात्र भन्ने उद्देश्यलाई मात्र पूरा गर्न सकेको छ । किनभने बांकीका उद्देश्य कार्यक्रमले आम्दानी बढाउनमा मद्दत गराउने, ऋण लिन पाउने भएकोले, गरिबप्रति लक्षित भएकाले भनिए पनि यी अपेक्षालाई कार्यक्रमले अपेक्षाकृत सम्बोधन गर्न सकेको पाईदैन । यसले गर्दा सदस्यहरुमा निराशा पैदा गर्ने सम्भावना देखिन्छ । गरिबको लागि कार्यक्रम भनिए पनि गरिबका लागि के गर्न सक्यो त ? यो प्रश्नले पनि केही हदसम्म स्थान पाएको छ ।

१६. सदरमूकामदेखि नजिक रहेका कार्यक्षेत्रहरु जहां विभिन्न संघसंस्था, विषयगत कार्यालयहरुले सजिलै कार्यक्रमहरु संचालन गरिरहेका छन् र त्यस स्थानका सदस्यहरुको तूलनामा अलि विकट मानिने क्षेत्रहरुमा कार्यक्रमप्रति सकरात्मक धारणा रहेको देखिन्छ ।

१७. यस कार्यक्रमले कार्यक्रममा महिला, दलित र जनजातिलाई सहभागी गराएको छ । जम्मा कार्यक्रममा आवद्ध भएकाहरुमध्ये ६४.९ प्रतिशत महिला हूनूलाई सकरात्मक नै मान्न सकिन्छ । पारिवारिक अवस्थितिलाई हेर्दा संयूक्त परिवारमा आवद्ध भएकाहरु बढी देखिएका छन् ।

१८. यस कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाहा गर्ने सा.प.हरु स्थानीयस्तरका नै हूने भएकोले कार्यक्रममा संचालनमा सहज भएको देखिन्छ । जसका कारण द्वन्दको समयमा र कार्यक्रमको निश्चितता नहूंदा पनि कार्यक्रम निरन्तर रुपमा सञ्चालन हून सकेको देखिन्छ यसलाई कार्यक्रमको सबल पक्ष मान्न सकिन्छ भने अर्को तर्फ स्थानीय सा.प.हरुलाई बढि विश्वास गर्ने भएकाले पनि यसमा थप टेवा पूग्ने गरेको छ ।

१९. यस कार्यक्रममा कार्यक्रमको शूरुवातदेखी नै केन्द्रियस्तरबाट अनूगमन गरेको देखिदैन भने जिल्लास्तरबाट पनि एकदम न्यून रुपमा अनूगमन गरेको देखिन्छ ।

यस कार्यक्रमले सामाजिक परिचालकको माध्यमवाट सूविधाविहीन समूदायका सदस्यहरुका समूहमा संगठित गरी समूहमा बचत गर्ने वानीको विकास, नेतृत्व क्षमताको विकास, सामूहिक समस्याहरुलाई आपसी छलफल र अन्तर्क्रियाको माध्यामबाट समाधान गर्नतर्फ अग्रसर देखिन्छन् । घरायसी, भैपरि आउने आकस्मिक समस्याहरुदेखि आयमूलक, सीपमूलक, रोजगारमूलक, पूर्वाधार विकास कार्यक्रमवाट उनीहरुको आत्मबलमा समेत विकास भएको देखिन्छ भने अर्कोतर्फ सामूहिक वचत गर्ने वानीको विकासवाट समस्याहरुलाई समाधान गर्ने क्षमतामा समेत सूधार हूंदै आएको छ । यसले गर्दा साहूको ऋणको लागि धाईरहनू पर्ने बाध्यात्मक समस्यावाट छूट्कारा मिलेको छ । समग्रमा दशौं पञ्चबर्षीय योजना र बिस बर्षे दीर्घकालिन विकासको

अवधारणाले समेत समूह परिचालनका माध्यमवाट विकास गर्नुपर्ने रणनीति लिएको परिप्रेक्ष्यमा यस जिल्ला विकास समिति, स्थानीय विकास कोष, विषयगत कार्यालय, जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको समन्वयवाट विकासको मूलधारवाट पछाडि पारिएका समूदायलाई अगाडि बढाई उनीहरुको जीवनस्तरमा क्रमशः ठोस परिवर्तन ल्याउनको लागि सबैले जोड दिनूपर्ने आजको आवश्यकता रहेको छ । सूर्खेत नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने विकट जिल्लाहरुमध्ये एक हो । यहां एकातर्फ भौगोलिक विकटता छ भने अर्कोतर्फ गरिब विपन्न दलित, जनजाति आदिको अत्याधिक बसोबास रहेको छ । त्यसैले समूदाय स्तरका आवश्यकतालाई मनन गरिनू त्यसका लागि जिल्ला विकास समिति अन्तर्गत संचालन हूने कार्यक्रमको विचमा एकरुपता ल्याई लक्षित समूदायको सर्वाङ्गिण विकासका लागि स्थानीय विकास कोषमा समाहित गरिएका कार्यक्रमलाई श्रोतको खोजीबाट व्यवस्थित र परिमार्जित गराउनूपर्ने देखिन्छ ।

## ५.३. सूझावहरु :

नेपालको कूल जनसंख्याको ८६ प्रतिशत ओगट्ने ग्रामीण नेपालका समस्याहरु गरिबी, जीवन धान्नमा असूरक्षा, कूपोषण र अन्य विषयहरु हून् । यी समस्याहरुको निराकरण गर्न विगतमा धेरै प्रयासहरु भएतापनि ग्रामीण गरिबहरुको संख्या झन् झन् बढ्दो छ । विकास सम्वन्धी केही आयोजनाको संचालनबाट मात्र गरिबी हटाउन सकेको देखिदैन । केही नयां सोच एवम् विधिको आवश्यक्ता छ । यस सन्दर्भमा संगठित सामाजिक प्रथामा परिवर्तन ल्याउन र संस्थाको काम गर्ने तरिकामा परिवर्तन ल्याउन एक नविन उपायको आवश्यक रहेको छ । विद्यमान सामाजिक संरचना, संगठित प्रणाली तथा संस्थाहरुको कार्यलाई परिवर्तन गराउनू आवश्यक छ । स्वतफुर्त विकासमा अगाडि बढ्ने समाजलाई एक निश्चित बाटो पहिल्याउन मार्ग प्रशस्त गर्न सक्ने सामजिक प्रयासहरुमा जोड दिनूपर्दछ ।

सीप तथा व्यक्तिगत क्षमताको विकासमा आवश्यक जोड नदिई भौतिक पुर्वाधारमा मात्र जोड दिइएका कारणले विकासका परम्परागत धारणाहरु असफल भएका हून् । विगतमा विकासलाई मूख्यतया नयां भौतिक पुंजी सिर्जनासंग गांसिएको थियो र दिगोपनाको मर्मलाई वेवास्ता गरिएको थियो । संस्थागत पक्षलाई ध्यान दिइएको थिएन । यिनै कमजोरीलाई ध्यानमा राखी आजको विकास अवधारणामा दिगो मानव विकास हासिल गर्न सामाजिक विकासमा बढि जोड दिनूपर्दछ ।

ग.स.वि.का.ले सांच्चै नै लक्षित समूहका समस्याहरुले केही हदसम्म संबोधन गर्न सकेको देखिन्छ । यो कार्यक्रम जतिसूकै ठूलो अभिलाषा लिएर आएपनि विभिन्न कारणले गर्दा कार्यक्रम हाल समाप्त भएको र जिल्ला विकास समितिको स्थानीय विकास कोष (LDF)मा आन्तरिकरण भई सकेको

अवस्थामा यस किसिमका कार्यक्रमलाई कसरी दीर्घकालिन रुपमा अगाडी बढाउन सकिन्छ भन्ने सम्बन्धमा यहां केही सूझाव प्रस्तूत गरिएको छ ।

- दशौं पञ्चवर्षिय योजना र २० वर्षे दीर्घकालिन योजनाको आधारमा गरिबमूखी कार्यक्रमको तय गरिनूपर्ने देखिन्छ । योजना वनाउनूमा भन्दा वनाएका योजनालाई मुर्त रुप दिनमा जोड दिन सकेमा त्यो नै बढी फलदायी हून सक्नेमा सबैको ध्यान जानूमा जरुरी देखिन्छ ।
- दशौं पञ्चवर्षिय योजना अनूरुप जिल्ला विकास समितिमा र प्रत्येक गा.वि.स.मा समेत स्थानीय विकास कोषलाई विस्तार गर्दै लैजानूपर्ने देखिन्छ ।
- स्थानीय गैससहरु र जिल्ला विकास समिति स्थानीय विकास कोषबाट संचालन हूने कार्यक्रम समन्वयात्मक ढंगबाट परिमार्जित गर्दै अगाडि बढाउनूपर्ने र स्थानीय स्वायत्त शासन ऐन अनूरुप जिल्ला विकास योजना तयार गर्दा प्रत्येक चरणहरुमा सामूदायिक संस्थामा आवद्ध भएका विपन्न वर्गका समूदायका समस्याहरुलाई समेत आत्मसात गरी योजना तयार पार्नमा जिल्ला विकास समितिले विशेष पहल गर्नूपर्ने देखिन्छ ।
- गठन भएका सामूदायिक संस्थालाई बढी मजबूत र व्यवस्थित गराउनका लागि बेलाबेलामा समुहलाई संस्थागत विकासमा विशेष जोड दिनूपर्ने देखिन्छ र यसलाई विस्तारै समूदायलाई नै हस्तान्तरण गर्नेतर्फ जिल्ला विकास समिति, स्थानीय विकास कोषले सोच बनाई कार्यान्वयन गर्नूपर्नेमा जोड दिनूपर्ने देखिन्छ।
- कार्यक्षेत्रमा संचालन भएका विभिन्न कार्यक्रमहरुबीच एकरुपता ल्याउनको लागि जि.वि.स.ले विशेष पहल गर्नूपर्ने, जि.वि.स.लाई स्थानीय सरकारसंग समेत तूलना गर्न सकिने निकाय भएकोले यसतर्फ विशेष ध्यान पूर्‍याउँदै सम्बन्धित जिल्लामा हूने कार्यक्रममा दोहोरोपन हून नदिनको लागि यसप्रकारको भुमिकामा जोड दिनूपर्ने देखिन्छ ।
- अन्य पुर्वाधार सम्बन्धी विकासमाभन्दा पनि सामाजिक सुचाङ्कमा परिवर्तन आउने किसिमका योजना बनाईनूपर्ने, जि.वि.स.वार्षिक योजना र आवधिक योजनामा यस किसिमका कार्यक्रमलाई प्राथमिकताका साथ समाबेश गरि कार्यन्वयन गर्नूपर्ने देखिन्छ ।
- यस कार्यक्रमप्रति अझै कैयन विषयगत कार्यालयहरु अनभिज्ञ रहेको पाईएकोले कार्यक्रमको विषयमा व्यापक प्रचार प्रसार हूनूपर्ने देखिन्छ।
- हाल जि.वि.स./स्थानीय विकास कोषमा यो कार्यक्रममा आन्तरिकरण भईसकेपछि यस कार्यक्रम अन्तर्गत गठन भएका सामूदायिक संस्थालाई वैधता र कानूनी मान्यता दिंदै समूदायलाई हस्तान्तरण गर्नेतर्फ विशेष पहल गरिनूपर्दछ ।

- सानातिना आयआर्जन प्रयोजनका लागि मात्र विउपूंजी चालूकोषको व्यवस्था गरिनूको अतिरिक्त विभिन्न उद्देश्यका लागि एकैसाथ ऋण लगानी प्रक्रिया अवलम्वन गनूपर्ने देखिन्छ ।
- सामूदायिक संस्थाले आम्दानी बढाउने बजारको व्यवस्था भएको शिर्षकमा लगानी गर्नमा जोड दिनूपर्दछ ।
- कूनै सामाजिक वा सामूदायिक कार्यकर्ताले काम गर्न छाडेमा कार्यक्रममा वाधा पर्ने देखिएकाले क्रमश: वैकल्पिक कार्यकर्ता वनाउदै लग्नू पर्ने देखिन्छ ।
- ग.स.वि.का. जस्तो महत्वपूर्ण कार्यक्रम संचालन गर्ने निकायले शूरुदेखि हालसम्म ग्रामीण क्षेत्रमा गर्नूपर्ने विभिन्न सामाजिक सामूदायिक कार्यक्रमको सञ्चालनमा आवश्यक व्यवहारिक र सैद्धान्तिक ज्ञान भएको विज्ञ नलिनू दूर्भाग्यपूर्ण कूरा भएको र त्यसैको परिणतिले सायद यस कार्यक्रमको दिर्घकालीनतामा समस्या देखिएको हूनसक्ने आशंका भएको देखिन्छ ।
- ग्रामीण समस्याहरुलाई छिचोल्दै तिनीहरुको जीवनस्तरलाई परिवर्तन गर्नू निश्चय नै महत्वपूर्ण कूरा हो यसका लागि सामाजिक विविधताका आधारमा जिल्ला स्तरमा अवस्थित स्थानीय विकास कोष पनि केन्द्रिय स्तरवाट उपयूक्त जनशक्तिको व्यवस्था गरिएमा उपयूक्त हूने देखिन्छ ।
- सामूदायिक संस्थाहरुलाई उनीहरुको आवश्यक्ता अनूरुपको कार्यक्रम तर्जूमामा र ती कार्यक्रमलाई गा.वि.स. तथा जि.वि.स. नियमित योजना चक्रमा सम्वन्ध जोड्न पनि सहयोग पूर्याउनू पर्दछ । बिभिन्न निकायहरुसंग समन्वय र सम्बन्ध विस्तारमा सहयोग पूर्याउनू पर्ने कूरालाई जोड दिनूपर्ने देखिन्छ ।
- सूर्खेत जिल्ला मा राष्ट्रिय जनगणना २०५८ को प्रारम्भिक नतिजा अनूसार यस नगरपालिकाको जनसंख्या अर्थात शहरी जनसंख्या ३१६९४ र ग्रामीण जनसंख्या २५६९९७ देखिन्छ । यसरी यस जिल्लाको ११ प्रतिशत जनसंख्या नगरक्षेत्रमा बसोबास गर्दछन् भने ८९ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् त्यसैले यस जिल्लाबाट सञ्चालित विविध कार्यक्रमहरु पनि ८९ प्रतिशत जनसंख्यालाई लक्षित गरि सञ्चालनमा सम्पूर्ण पक्षहरुले जोड दिनूपर्नेमा देखिन्छ ।
- स्थानीयस्तरमा विकेन्द्रिकरणको मर्म अनूसार स्थानीय शूसानलाई सूदृढ गर्दै समूदाय परिचालन कार्यक्रमको मूलमन्त्र संगठन, बचत र सीपलाई आत्मसाथ गरि सामूदायिक संस्था मार्फत विकासको मुलधारबाट बञ्चित बिभिन्न बर्ग र समूदायलाई समावेशीकरण शसक्तिकरण गरि विकासको मूलधारमा समाबेश गर्न प्रतिकार्यक्रम लक्षित हूनूपर्दछ ।

# सन्दर्भ सूची


- ✯ आर्थिक सर्भेक्षण, २०५४, श्री ५ को सरकार, अर्थ मन्त्रालय ।
- ✯ आर्थिक सर्भेक्षण, २०५५, श्री ५ को सरकार, अर्थ मन्त्रालय ।
- ✯ आर्थिक सर्भेक्षण, २०५६, श्री ५ को सरकार, अर्थ मन्त्रालय ।
- ✯ मुल्यांकन मासिक, बर्ष २४, अंक १४३, श्रावण-भदौ २०६३ ।
- ✯ गरिबसंग विश्वेश्वर कार्यक्रमबाट प्रकाशित विभिन्न बूलेटिन ।
- ✯ अर्याल भोजेन्द्र, आर्थिक विकासको समाजशास्त्र, ज्ञानकून्ज प्रकाशन, काठमाण्डौ, प्रथम संस्करण, २०६१ ।
- ✯ नवौं योजना (२०५५), श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग ।
- ✯ आ.व. ०५६/०५७ बजेट बक्तव्य काठमाण्डौ, श्री ५ को सरकार, अर्थ मन्त्रालय, २०५६ ।
- ✯ ज्ञावली, मीनप्रसाद, नेपालको संक्षिप्त इतिहास, नेपाल प्रेस, २०४३ ।
- ✯ बिभिन्न जनसंख्या सम्वन्धी प्रतिवेदनहरु, शाखा तथ्याङ्क कार्यालय, सूर्खेत ।
- ✯ नेपाल मानव विकास प्रतिवेदन १९९८, नेपाल दक्षिण एशिया केन्द्र ।
- ✯ Todaro MP, 1976, Deveiopment Planning models and methods, 0xford University,Nairobi.
- ✯ आचार्य बलराम, २०५९, विकास समाजशास्त्र, नेशनल बूक सेन्टर, काठमाण्डौ ।
- ✯ नेपाल बृहत शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ, २०६० ।
- ✯ सहस्राब्दी विकास लक्ष्य, नेपाल वातावरण पत्रकार समूह ।
- ✯ विश्व वैंकका प्रगति प्रतिवेदन २००४, २००५ ।
- ✯ संयूक्त राष्ट्रसंघका प्रगति प्रतिवेदन २००४, २००५ ।
- ✯ के.सी. फत्तेबहादूर, नेपालमा कृषि तथा औद्योगिक वित्त, सूकून्दा पूस्तक भवन ।
- ✯ जिल्ला वस्तूस्थिति चित्रण तथा विश्लेषण, २०५९, जिल्ला विकास समिति, सूर्खेत ।
- ✯ शर्मा निलम कूमार, २०६१, विकास तथा योजना अर्थशास्त्र, पैरवी प्रकाशन, काठमाण्डौ ।
- ✯ Souvenir, Student of MA sociology (2060-2062), Patan Multi campus, Kirtipur.
- ✯ UNDP, 1995 and 2000 Human Development Reports.

- गरिबसंग विश्वश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०५८, गरिबसंग विश्वेश्वर कार्यक्रम, नारायणभवन, जावलाखेल ।
- Planning and Rural development, United Nation Asian and Pacific development institution, Concept Publising Company, New Delhi, 1980.
- Adhikari, S.P., 1980, Rural Development in Nepal, Kathmandu.
- Hosilitz, B.F., 1965, Sociological aspects of Economic development freedom.
- अधिकारी यज्ञप्रसाद, जनप्रतिनिधिविहीन स्थानीय सरकार : एक अध्ययन, विकेन्द्रीकरण सल्लाहकार सहयोग ईकाइ (डासू/डानिडा), प्रथम संस्करण, २०६१ ।
- हाडा, गम्भिरवहादूर र गंगा नेपाल, ग्रामीण विकास सिद्धान्त, अवधारणा र विधि, काठमाण्डौ, दीक्षान्त पूस्तक प्रकाशन, २०६२ ।
- कूंवर, कृष्ण बहादूर, नेपालमा गरिबी र ग्रामीण विकास, प्रथम संस्करण, २०५६

*नेपालमा गरिबी निवारणका लागि ग्रामिण विकास र गरिबसंग विश्वेश्वर कार्यक्रमः सुर्खेत जिल्लाको एक समाजशास्त्रीय अध्ययनका लागि तयार पारिएका प्रश्नावली नमुना*

उत्तरदाताको
नाम :
ठेगाना :.................. गा.वि.स...... वडा नं. ...... घ) लिङ्ग : पूरुष/महिला
तथ्यांक संकलन मिति :
तथ्यांक संकलन गरिएको ठाउँ :-
समूहको नाम : ............................पदः ............
गरिबसंग विश्वेश्वर कार्यक्रममा प्रवेश मिति :
जम्मा परिवार संख्या:- महिला......... पुरुष........

रोजगार परिवार सदस्य संख्या महिला ...... पूरुष......

| उमेर अनूसारको परिवार | १५-२५ | २६-४० | ४१-६० | ६१ देखि माथि |
|---|---|---|---|---|

१) तपाई कून जातिको हूनूहून्छ ?
क) ब्राम्हण ख) क्षेत्री ग) दलित घ) अन्य
२) तपाईको पेशा के हो ?
क) कृषक ख) खूद्रा व्यापारी ग) सामाजिक कार्य
घ) सरकारी नोकरी ङ) मजदुरी
३) तपाई कून धर्म मान्नू हून्छ ?
क) हिन्दु ख) बौद्ध ग) क्रिश्चिय घ) इशाइ
४) तपाई साक्षर हूनूहून्छ ?
क) साक्षर ख) निरक्षर
यदि छ भने.............
क) साधारण लेखपढ ख) माध्यामिक शिक्षा ग) उच्च शिक्षा
५) तपाईको परिवारको किसिम कुन हो ?
क) एकल परिवार ख) संयूक्त परिवार ग) बृहत परिवार
६) गरिबसंग विश्वेश्वर कार्यक्रममा आवद्ध हूनूको कारण
क) कार्यक्रम आफ्नै गाउँमा संचालन भएकोले
ख) अरुले आम्दानी बढाएको देखेर
ग) ऋण पाईन्छ भनेर
घ) गरिबको लागि लक्षित कार्यक्रम भएकोले ।
७) यस्तो किसिमको ऋण के कामको लागि खर्च गर्नूहून्छ ?
क) आयमुलक काम (ख) घर खर्च (ग) मनोरन्जन
(घ) अन्य भए .........
ङ) माथिका सबै

८) यस कार्यक्रम अन्तर्गत प्रदान गरिने ऋणका लागि कारोबार गर्दा के कस्तो अनूभव गर्नू भएको छ ?

क) बैंक मार्फत भन्दा ऋण भूक्तानी कार्यक्रम सजिलो छ ।

ख) आफ्नो समुहको निर्णयानूसार पालैपालो पाउन सकिने भएकोले ठीक छ

ग) समय कम लाग्छ ।

घ) माथिका सबै ।

९) गरिबसंग विश्वेश्वर कार्यक्रमले ल्याएका ३।३ वटा सकारात्मक र सूधार गर्नूपर्ने पक्षहरु के के हून ?

| सकारात्मक पक्ष | सूधार गर्नूपर्ने पक्ष |
| --- | --- |
| १. | १. |
| २. | २. |
| ३. | ३. |

१०) तपाईको समुहमा संस्था विकासको सन्दर्भमा सबै भन्दा उपलब्धी केमा भएको मान्नूहून्छ ?

क) नियमित बैठक तोकिएको समयमा हूने गरेको छ ।
ख) बैठकमा सदस्यहरुको उपस्थितिमा वृद्धि भएको ।
ग) बैठकमा भएका निर्णहरुको जनाकारी सबैलाई हूने गरेको छ ।
घ) छलफलमा सहभागिताको वृद्धि भएको छ ।

११) गरिबसंग विश्वेश्वर कार्यक्रमले समाजमा के कस्तो प्रभाव पारेको छ ?
क) एकले अर्कोलाई सहयोग गर्ने भावनाको विकास ।
ख) सामुहिक कार्यसम्पादनमा सहभागितामा वृद्धि ।
ग) माथिका दूबै
घ) माथिका कूनै पनि होईन ।

१२) तपाई लगायत तपाईको समुहमा यस कार्यक्रमको माध्यमले स्कुल जाने उमेरका बालबालिका र छोरीहरुलाई स्कुल पठाउने बानीमा कस्तो परिवर्तन गराएको छ ?
क) पहिले नै थाहा थियो व्यवहारमा पनि उतारेका थियौं ।
ख) अहिले थाहा भयो, व्यवहारमा पनि उतारेका छौं ।
ग) थाहा भएको छ, व्यवहारमा अब उतार्छौं ।
घ) थाहा त छ, यसका बारेमा खासै सोचेका छैनौं ।

१३) कार्यक्रम संचालन गर्दा कस्को भुमिकालाई सबैभन्दा महत्वपुर्ण ठान्नू भयो ?
क) सामाजिक परिचालक ख) गरिबसंग विश्वेश्वर कायक्रम
ग) अध्यक्ष घ) जिविस स्थानीय विकास कोष

१४) समुहको काम गर्दा अन्य निकायसंग समन्वय गर्ने गरिएको छ या छैन ?यदि छ भने.........

क) गा.वि.स. ख) स्थानीय गै.स.स. ग) विद्यालय घ) अन्य भए........

१५) तपाई संग कस्तो वस्तु उत्पादन गर्ने सीप छ ?

क) माटाका वस्तु ख)चोया जन्य (वांस , निगाला)

ग) छाला घ) अन्य भए ............

१६) तपाईको विचारमा गरिबी भनेको के हो ?

.......................................................................................

.......................................................................................

.......................................................................................

१७) भबिष्यमा समूहलाई कस्तो बनाउने सोच गर्नू भएको छ ?

क) भविष्यको वारेमा केही सोचेका छैनौ ।

ख) के गर्न पर्छ थाहा छैन ।

ग) जस्तो सूकै भएपनि समूहलाई निरन्तरता दिन्छौं ।

घ) बलियो र बैद्यता प्राप्त सामूदायिक संस्था बनाउंछौ ।

१८) तपाईलाई अहिले सहयोग गरिरहेको संस्था (कार्यालय) ले हात झिकिदिएमा कसरी समूह संचालन गर्नूहून्छ ?

क) हामी कसैको सहायता विना केही गर्न सक्दैनौ ।

ख) भेला हून सक्छौ अरु केही पनि गर्न सक्दैनौ ।

ग) छलफल गर्न सक्छौ अरु केही पनि गर्न सक्दैनौ ।

घ) भेला भई समस्याको वारेमा छलफल गर्न, वचत गर्न माईन्यूट गर्न सक्छौं ।

अनूसुचि २

# घरधूरी सर्भेक्षण फारम

घरमूलीको नाम :-
गा.वि.स. /न.पा.:-
घर नं.
वडानं. :- गाउंवस्ती /टोल:-

## १. पारिवारिक विवरण र स्थिति (परिवार भन्नाले एउटै चूलोमा खाने सबै सदस्य)

| क.स. उमेर अनूसार | घरमुली समेत सबै सदस्यको नाम लेख्ने | घरमूलीसंगको नाता | उमेर | लिङग | शैक्षिक स्थिति ( ५बर्ष मूनिका बालबालिकाको नलेख्ने) | रोजगार स्थीती | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पेशा | दक्ष | अदक्ष |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## २ पारिवारीक सम्पत्ति विवरण

२.१ सम्पतिविहीन
अ)जग्गा पनि नभएको /घर पनि नभएको
आ) अधिया कमाएर खाने
इ) अरुको जग्गामा छरछाप्रो रहेको
ई) हली, कमैया, अर्कामा आश्रित
२.२ खेतीयोग्य जग्गा विवरण( आफ्ने स्वामित्वको) इकाई रोपनी /विघा
सिंचित
असिंचित
२.३ अधिया कमाएको जग्गा
सिंचित
असिंचित
२.४ कृषि औजार (हलो कोदालो आदि)
किसिम
संख्या
२.५ यातायात /संचार (साईकल, रेडियो, घडि आदि)
किसिम संख्या
२.६ पकाउने भाडाकूंडा आदि विवरण (कसौडी, डेक्ची, प्रेसरकूकर, धाप आदि)
किसिम संख्या
२.७ उन्नत चूलो गोबर ग्यांस आदि बिवरण छ छैन ?
२.८ पशूपंक्षी विवरण
किसिम संख्या
२.९ रोजगारी /ज्याला मजदूरीबाट प्रत्यक्ष आय (सवै परिवारको एकमूष्ठ लेख्ने) मासिक रु.

## ३ खाद्यान्न सूरक्षा स्थिति

महीना भन्दा घटी
३.१ आफ्नो जग्गा/जमिनवाट कति महीना खान पूग्छ । ३ ६ ९ १२ १ बर्ष भन्दा बढी
३.२ अधियाबाट कति महीना खान पूग्छ । ३ ६ ९ १२ १ बर्ष भन्दा बढी
३.३ हली /आदिबाट कति महीना खान पूग्छ । ३ ६ ९ १२ १ बर्ष भन्दा बढी

## ४. बांकी अबधी कसरी जीविकोपार्जन हून्छ ? (छोटकरीमा लेख्ने)

**५. घरको स्थिति**

पक्की ( ईटा, ढूंगा स्लेट, टीन आदिले छाएको)
कच्ची (खर, बांस, माटो आदिबाट बनेको)
घरको अन्दाजी क्षेत्रफल

**६. चर्पी प्रयोग भए नभएको**

**७. खानेपानी ओसार्न लाग्ने समय र दूरी (समय एक तर्फी)**

.....मिनेट ........दूरी.... ....मिटर

**८. दाउरा /काठ/घांस/स्याउला ओसार्न लाग्ने समय............ दूरी**

**९. आमा र केटाकेटी सबै खोप वा थोपा खूवाएको छ छैन**

**१०. परिवारका सदस्य अशक्त /अपांग विधवा भए**

| विवरण | संख्या |
|---|---|

**११. परम्परागत पेशा अपनाएको भए विवरण र शीप लेख्ने**

**१२. परिवार बर्गीकरण**

क) समाजमा पिछडिएको
ख) उपेक्षित, उत्पीडित
ग) कठिनाईमा परेका महिला /केटाकेटी
घ) अन्य

**१३. संस्थागत तथा भौतिक पूर्वाधार विवरण**

| | | |
|---|---|---|
| क) विद्यालयको | दूरी | किसिम |
| ख) स्वास्थ्यको | दूरी | किसिम |
| ग) बजार | दूरी | किसिम |
| घ) बैंक/सहकारी संस्था | दूरी | किसिम |
| ङ) मोटर चल्ने सडकमा पुग्ने | दूरी | किसिम |

**१४. कर्जा प्राप्त गरेको छ छैन ? छ भने कहां वाट कति ?**

**१५. अन्य केही भए खूलाउने**

अनूसुची ३

# सामाजिक परिचालकले सहभागितामुलक प्रक्रियाबाट छनौट भएका परिवारको आधारभुत तथ्यांक संकलन फाराम

जिल्ला : गाविस : वार्ड :

| सि.नं | घरमुली को नाम, थर | परिवार सदस्य संख्या | | | | शैक्षिक स्तर (६ वर्ष माथिका) | | रोजगारी स्थिति | | कृषि खेतीको विवरण | | | | पशूपंक्षी विवरण | | घरको किसिम | परिवारको किसिम | | खाद्यान्न सुरक्षा | | स्वास्थ्य स्थिति (महिला केटाकेटी सबैले खोप) लगाएको संख्या | खानेपानी स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पू. | १५ वर्ष मूनिका केटाकेटी | जम्मा | म. | पू. | म. | पू | आफ्नो जमीन | | अर्काको जमिन कमाई खाएको | | ठुला | साना | | जनजाति | उपेक्षित उत्पीडित | ३ महीना | ६ महीना | | दुरी | समय |
| | | | | | | | | | | सिंचित | असिंचित | सिंचित | असिंचित | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

| घरको किसिम | अन्य | अन्य | अन्य | अन्य | अन्य | अन्य | अन्य | अन्य | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनूसुची ४

# पारिवारिक टेबूलेशन फारामको नमूना

| सि.नं. | सं.नं. | जनसंख्या | | | १५ वर्षसम्मका बालबालिका | | | साक्षरता संख्या ५ वर्षमाथिको | परिवारिक रोजगार स्थिति | | जग्गा जमीन इकाई (आफ्नो) | | अरुको कमाएको | | पशू संख्या साना/ठुला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पूरुष | जम्मा | बालक | बालिका | जम्मा | | दक्ष | अदक्ष | सिंचित | पाखो असिंचित | सिंचित | असिंचित | |
| | | | | | | | | | | | | | | | |

| सि. नं. | सं.नं. | घरको किसिम | | | खाद्यान्न अवस्था | | | | | खानेपानी व्यवस्था | | परिवारको किसिम | | | | मासिक आम्दानी रु | कर्जा स्थिति | | स्वास्थ्य स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ३ म. | ६ म. | ९ म. | १२ म. | १ वर्ष माथि | लाग्ने समय | दुरी | जनजाति | उत्पीडित | कठिनाईमा परेका | अन्य | | संस्था | रकम रु. | खोप लगाएको | खोप नलगाएको |
| | | | | | | | | | | | | | | | | | | | | |

| सि. नं. | सं. नं. | कृषि औजार | | यातायात साधन संख्या | पकाउने भाडाकूडा संख्या | स्याउला दाउरा ओसार्ने समय | | अन्य | अन्य | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | मुल्य | | | समय | दूरी | | | |
| | | | | | | | | | | |

अनूसुचि ५

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

**गरिबसंग विश्वेश्वर कार्यक्रम**

जिल्ला विकास समिति र संगठित समुहवीच हुने सम्झौता पत्र

जिल्ला विकास समिति/स्थानीय विकास कोष (पहिलो पक्ष) र संगठित समुह (दोश्रो पक्ष) वीच बीउँ पुँजीको रुपमा प्राप्त रकम रु....................(अक्षरुपी.........................) सम्झौताका तपशिलमा उल्लेखीत शर्तहरु पालन गर्ने गरी सम्झौता गरी लियौं/दियौ ।

तपशिल :

१. यो सम्झौता प्रत्येक वर्ष नविकरण हूने गरी ५ बर्षसम्मका लागि लागु गर्नमा दूवै पक्ष सहमत छौ, तर संचालन निति उल्लंघन गरेमा वीचमा सम्झौता भंग गर्न सकिनेछ र नविकरण गर्न सकिने छैन
२. शर्तको परिधी भित्र रही पहिलो पक्षबाट एकै पटक वा पटक पटक गरी तोकीएको बजेट दोश्रो पक्षले लिन सक्नेछ ।
३. लिएको बीउ पुँजीको रेकर्ड संगठीत समुहले दूरुस्त राखी सो रेकर्ड जिल्ला विकास समिति स्थानीय विकास कोषमा पठाउनू पर्ने छ ।
४. प्रत्येक चार महीनामा बैठक राखी रकम परिचालनको स्थिति बोध गराउन स्थानीय विकास कोषमा तोकीएको फाराममा रेकर्ड पठाउने छौं ।
५. बार्षिक ५ प्रतिशतले प्राप्त हून आउने व्याज रकम प्रत्येक वर्ष पहिलो पक्षलाई बूझाउन सहमत छौ
६. पाँच बर्ष सम्म रकम परिचालन गरि आएको व्याज मध्य स्थानीय विकास कोषमा दफा ५ बमोजिम बूझाएको व्याज बाहेक संगठित समुहको आफ्नै रकम हुने भएकोले व्याज समेत पुँजिकरण गर्दै जानू पर्दछ ।
७. रकम संगठित समुहको खातामा तोकीएको रकम भन्दा बढी जगेडा नराखी समितिको प्रस्तावना अनूसार परिचालन गरि राख्नू पर्नेछ ।
८. रकम संचालन गर्दा प्रती सदस्य एक पटकमा बढीमा रु.२,०००।- (अक्षरुपी दूई हजार मात्र) सम्म हूनेछ ।
९. जगेडा कोष वापत हामी रु. २,०००।- देखि रु.५,०००।- सम्म राख्न तयार छौ र कूनै सदस्यहरुलाई आकस्मिक रकम कर्जा दिनू परेमा उक्त रकमबाट दिनेछौ ।
१०. समुह सदस्यहरुको अनूगमनको व्यवस्था समुहको बैठकबाट निर्धारण गर्ने छौ ।
११. पासबूक भरेर मात्र कारोबार गर्नूपर्नेछ ।
१२. व्याजदर समुहले निर्धारण गर्ने तर बैंकबाट लगानी हूने व्याजदर भन्दा घटी हुन नहूने ।
१३. व्याजदर उत्पादन तथा सामाजिक प्रयोजनका लागि छूट्टाछूट्टै पनि राख्न सकिनेछ ।
१४. तोकिएको म्यादमा रकम फिर्ता नबूझाए दण्डको व्यवस्था समितिले गर्न सक्नेछ ।
१५. समुह सदस्यहरु भन्दा बाहिर लगानी गर्न पाईने छैन ।
१६. जगेडा कोष बापतको रकम रु.५, ०००।- उपलब्ध गराईएको छ ।

जि. वि. स./स्था. वि. को. को तर्फबाट

संगठितसमुहको तर्फबाट

| | |
|---|---|
| (पहिलो पक्ष) | (दोश्रो पक्ष) |
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| साक्षी : | साक्षी : |
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |

ईति सम्बत् २०६....साल..........महीना...........गते.........रोज शूभम ।

अनूसुची ६

## कार्यक्रम अन्तरगत संचालन गरिने प्रमूख तालिम कार्यक्रम

केन्द्रीय/क्षेत्रीयस्तर

| सि.नं. | तालिममा सहभागी हूने व्यक्ति/पदाधिकारी | अवधि | किसिम | क्षेत्र |
|---|---|---|---|---|
| १ | जिल्ला अनूगमन समितिका अध्यक्ष र सदस्य सचिव (अवधारण कार्यक्रम बारे जानकारी र कार्यान्वयन प्रक्रिया) | २ दिने | गोष्ठी | ३ क्षेत्र |
| २ | जिल्ला अनूगमन समितिको सदस्य र स्थानीइ निकायका पदाधिकारी, विषयगत निकायका प्रमूखहरुलाई कार्यक्रम परिचय | १ दिने | गोष्ठी | ७५ जिल्ला |
| ३ | गाविस स्तरमा कार्यक्रम परिचयात्मक गाविस पदाधिकारीहरु समाजसेवीहरु जिविस सदस्यहरु विषयगत निकायका प्रतिनिधिहरु गाउं विकास समिति सचिव | १ दिने | गोष्ठी | कार्यक्रम संचालन भएको गाविसहरु र नपा |
| ४ | श्रोत व्यक्ति प्रशिक्षक प्रशिक्षण (क्षेत्रमा सामाजिक परिचालकलाई तालिम) | ५ दिने | तालिम | केन्द्रमा |
| ५ | सामाजिक परिचालक आधारभुत तालिम प्रशिक्षक प्रशिक्षण समेत | १० दिने | तालिम | क्षेत्रीय स्तर |
| ६ | समुह सदस्यहरुलाई कार्यक्रम बारे जानकारी | १ दिने | तालिम | गाविस |
| ७ | समुह अध्यक्ष, सचिव, कोषाध्यक्षलाई कार्यक्रम बारे जानकारी | २ दिने | गोष्ठी | गाविस इलाका जिल्ला |
| ८ | समुह सदस्यहरुको अभिमूखीकरण गोष्ठी | १ दिने | गोष्ठी | कार्यक्रम संचालन भएको गाविस/न.पा. |
| ९ | अनूगमन प्रणाली र प्रतिवेदनबारे जानकारी (सामाजिक परिचालक) | २ दिने | तालिम गोष्ठी | सामाजिक परिचालक |
| १० | शीप विकास व्यवसाय व्यवस्थापन तालिम | ताकिए बमोजिम | तालिम | कार्यस्थल |

अनूसुची ७

## सामाजिक परिचालकको प्रतिज्ञा

ग्रामीण समाजको विपन्न वर्गको सामाजिक एवं आर्थिक विकासको लागि म सदैव प्रयत्नसील रहनेछू । आफुले जानेको कूरा गाउंका समूदायलाई निष्पक्षरुपले सिकाउनेछू । आफु जे भन्दछू, त्यो कूरा पुरा गर्नेछू । इमादारिता, विवेकशिलता, नम्रता, नैतिकता, कर्तव्यनिष्ठता र सेवाभावना जस्ता मानवीय गूणहरुको आफुमा विकास गर्नेछू र जनसमूदायमा पनि विकास गराउनेछू । लोभलालच मोलाहिजामा कहिले लाग्ने छैन, विपन्न वर्गको सबै तवरले सेवा गर्नू मेरो परम कर्तव्य हूनेछ, भन्ने प्रतिज्ञा गर्दछू ।

अनूसुची ८

## समुह-संस्थाको प्रत्येक बैठकको शूरुमा व्यक्त गरिने समुह बाचाहरु

१. हामी आफ्नो इच्छाले संगठित भई आफ्नो समुह/संस्थालाई बलियो बनाउंछौं ।
२. समुह/संस्थाका कूनै पनि सदस्यलाई हामी भेदभाव गर्ने छैनौ र अप्ठेरोमा परेको सदस्यलाई सबै मिलेर सहयोग गर्नेछौं ।
३. हामी हाम्रो परिवार र समूदायको उन्नतीका लागि सदैव प्रयासरत रहनेछौं ।
४. हामी आफुमा भएको शीप विकास गरी शीप अनूसारको व्यवसाय इमान्दारीपुर्वक संचालन गर्नेछौं र त्यसबाट फाईदा लिनेछौं ।
५. आपसी सहयोगमा विश्वास राख्नछौं । आयआर्जनका क्रियाकलापमा अनूशासित भई सामुहिक प्रतिवद्धता साथ एकअर्कालाई सहयोग गर्नेछौं ।
६. हामी फजूल खर्च गर्ने छैनौं र नियमित बचत गर्नेछौं ।
७. हामी हाम्रा छोराछोरीलाई पढ्न पठाउछौं र छोरा र छोरीमा भेदभाव गर्ने छैनौं ।
८. हामी सानो परिवार चाहन्छौं र आमा तथा बालबच्चाको स्वास्थ्य तथा तिनको स्याहार सूसारमा ध्यान पूर्याउनेछौं ।
९. हामी हाम्रो घर, आंगन स्वच्छ र सफा राख्नेछौं र चर्पीको प्रयोग गर्छौं ।
१०. हामी हाम्रो समूदायको समस्यालाई आपसी सरसल्लाहबाट समाधान गर्नेछौं ।

अनूसुची ९

## निवेदन फाराम

श्री अध्यक्षज्यु,
बीउंपूजी चालूकोषसमूह /समिति
.........................................कार्यक्रम
.............जिल्ला .......................नि.क्षे.नं...........गा.वि.स.

विषय :- बीउ पुंजी चालूकोष ।

म ...................समूहको सदस्य..........................लाई आयमूलक/शिक्षा/स्वास्थ्य/सामाजिक/कार्य/उपभोग/अन्य.......................कामका लागि रु......समूहले तोकेको व्याज र अवधिका शर्त पालना गर्ने गरि बीउ पुंजी चालूकोष रकम प्राप्तीका लागि अनूरोध गर्दछू ।

..................
निवेदक

सम्वन्धित समूह अध्यक्षको सिफारिस
श्रीमान अध्यक्ष ज्यु,

..................समूहको मिति ........बैठकमा निर्णय भए अनूसार ...........लाई माग गरे अनूसार रु .........बीउपूंजी चालूकोष समूह जमानीमा उपलब्ध गराईदिन सीफारिस गर्दछू ।

............
समूह अध्यक्ष

बीउंपूजी चालूकोष समूहको तर्फबाट
.................समूहको श्री ..........................लाई रु
..........................बीउंपुजी चालूकोष उपलब्ध गराउन स्वीकृत गरिएको छ ।

...............
संगठित समुह अध्यक्ष

भरपाई

म.....................ले उल्लेखित उद्देश्यको लागि मिति ..........मा........प्रतिशत व्याजका दरले मिति ...................मा फिर्ता गर्ने गरी रकम रु ...........बूझिलिएं ।

........... ................
बूझाउने बूझिलिने

अनुसूची १०

# कार्यक्रमका केही झलकहरु



सा.सं.का सदस्यहरु बैठकमा छलफल गर्दै



ग.स.वि.का.बाट बाखा पालन तालिमका सहभागिहरु



सोधकर्ताले कार्यक्रमको सम्बन्धमा धारणा लिंदै



समुह व्यवस्थापन तलिममा प्रशिक्षण दिंदै स्था.वि.को.
को कार्यकारी सचिव



कार्यक्रमको बारेमा स्था.वि.अ.बाट जानकारी दिंदै



लेखा व्यवस्थापन तालिमको जिविस सभापतिबाट उद्घाटन मन्तव्य दिंदै



ग्रमिण पशु स्वास्थ्य कार्यकर्ता तालिमका सहभागि र साथमा  अन्य व्यक्तिहरु



सोधकर्ताले कार्यक्रमका सहभागिहरुबाट प्रतिक्रिया लिंदै